# नवप्रज्ञापन

साहित्यिक पत्रिका

पूर्णाङ्क : ९७, साउन-असोज २०७९

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**

नवराज रिजाल

**सह-सम्पादक**

प्रमोद पाण्डे

**सहायक सम्पादक**

समीर पाख्रिन

बाबुराम लम्साल

**व्यवस्थापक**

गणेशराज रिजाल

**आवरण/शब्दचित्र**

राजेश मानन्धर

**लेआउट**

डीएन्डडी कम्प्युटर

बागबजार

**मुद्रण**

लक्ष्मी गणेश प्रेस

बागबजार, काठमाडौं

**सहयात्री**

राममणि दुवाडी

डा. दामोदर पुडासैनी 'किशोर'

डा. विश्वम्बरकुमार शर्मा

डा. शालिकराम पौडेल

गोपाल अश्क

वसन्त रिजाल

विवेक वाइबा

भवानी तावा

माधव पोखरेल 'गोज्याङ्ग्रे'

टीकाराम उदासी

लक्ष्मीनारायण श्रेष्ठ

विनयराज गौतम

रामनिवास गुप्ता

रमेश कडेल

राम खनाल

ईश्वरराज ढुंगेल

रामबहादुर पहाडी

शीतल गिरी

एमडीआई हुसेन

जीवनाथ ढकाल

मोहम्मद सफिक अन्सारी

मधुसूदन चौधरी

सुनील कुमार

**मूल्य : १००/-**



कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल

फोन नं.: ९८५५०२४९५५, काठमाडौं सम्पर्क : ९८६१८५०३९६

e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. बलराम ढुंगाना, धादिङ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७ प्रतीक्षा रिजाल, बारा ।

# स्वपहिचानको खोजी

हरेक मानिसको चिनारी उभित्रको सग्लो, अग्लो र स्पष्ट विचार हो । यसले उचाईमा मात्र पुऱ्याउँदैन जीवन्त पनि बनाउँछ । विचारच्युतहरू कहिल्यै अग्लिँदैनन् । यो प्रमाण इतिहासका पानाहरूमा मनग्गे भेट्न सकिन्छ ।

आँखाहरूमा जो जति अग्लिएका छन् ती सबैका पछाडि असल विचार र मूल्य-मान्यताको भूमिका छ । ती विश्वासको शिखरमा पुगेका छन् । ऊनीहरूलाई चिन्न त्यही काफी छ । हो, यही आधारमा चिनिरहेछौँ, जानिरहेछौँ र बुझिरहेछौँ । हामी मात्र हैन धेरैभन्दा धेरैले चिनेका, जानेका, बुझेका र अनुभव गरेका छन् ।

विचार पाखा लागे पछि वास्तविक पहिचान भेट्न सकिँदैन । अहँ, यस्तो भएको छैन । त्यो सत्यको जगमा उभिएर आस्था विश्वासको सग्लो धरातल समाती रहेको हुन्छ । सत् बाँडेर असत् तिरस्कार गरिरहेको हुन्छ । त्यसले बाटो छाड्दैन मात्र हैन डगमगाउँदैन पनि । जीवनको यथार्थबोध गरी सत्यको पछिपछि हरहमेशा हिँडिरहन्छ ।

समय र परिस्थिति अनुसार फेरबदल भईरहुँदैन । सतीसालझैँ सधैँ ठिङ्ग उभिईरन्छ । कुनै पनि खालका हावाले छुन वा हल्लाउन सक्दैन । तसर्थ मूल बाटोबाट बहकिँदैन । अर्को पक्षबाट प्रयासै नगरिएला यसो भन्न सकिँदैन । तर ती सफल हुँदैनन् । विश्वासको पछाडि एउटा बलियो आधार हुन्छ । तसर्थ सबैलाई उठ्न, हिँड्न र विचारमा अडिग रहन टेवा दिईरहन्छ ।

आज भोलि विचार क्रमश : स्खलित हुन लागेका छन् । सहजै देख्न र बुझ्न सकिन्छ । नभए कि हामीले हामी बुझेका छैनौँ वा बुझेर पनि बुझ पचाइ रहेका छौँ । बुझ्नका निम्ती आफ्नै आँखा चाहिन्छ । चिन्तन र सोच चाहिन्छ । विचार र विश्वास चाहिन्छ । हामीबाट ती बिस्तारै पर बनिरहेछन् । यही भएर ती कुरा थाहा पाउन नसकेका हौँ ।

हिजोका आदर्श आज जम्मै स्वार्थका खाडलमा पुरिन लागेका छन् । सपनाका ब्यापारी स्वार्थ सिद्धिका लागि निर्लज्ज बन्दै पराय विचार बोकेर हिँड्न खोजी रहेछन् । ऐले परिवेश अनौठो देखिँदैछ । खै किन हो, ती आफू खोतलिन पटक्कै तयार छैनन् । छलछामको खेती आरम्भ गरिएको छ । आँखा स्वार्थको खाडलमा पुरिँदै गएको अनुमान सहजै लगाउन सकिन्छ । अहँ, बिगत भरेङ भन्दा बढी केही पनि हुन सकिरहेको छैन ।

ती जबर्जस्ती अन्योल जन्माउन खोजिरहेछन् । रोक्ने छेक्नेतिर ध्यान जान सकिरहेका छैनन् । हामी पुर्पुरोमा हात राखेर चुपचाप भद्रो हेरिरहेछौँ । सकारात्मक प्रतिक्रियामा अभिव्यक्त हुन सकिरहेका छैनौँ । अर्थात् विचार उठ्न वा अग्लिन सकिरहेका छैनन् ।

हुन त प्रश्न ओठओठमा नभएका हैनन्, तर उत्तर कतै देख्न सकिँदैन ।

हिजोका सपना आज कतै देखिँदैनन् यसर्थ गायब बनाईएको छ । उनीहरू आजभित्र आफ्नो सिङ्गा तस्बीरहरू खोज्ने प्रपञ्चमा छन् । विश्वासमा आगो झोस्न खोजिँदै छ । यस्तो काम निरन्तर भइरहेछन् । आजको मानचित्र यही हो । अनि वर्तमान असरल्ल चिन्तनमा छ । विडम्बना ! तर ऊ अलिकति पनि जिम्मेवार बन्न सकिरहेको छैन ।

विचारमा आगो झोसेर खरानी बेच्न आतुरहरू उफ्रीउफ्री मनमौजी गीत गाइरहेछन् । समयको राम्रो ब्यापार भएको छ । बाँच्ने नाममा इतिहास पोल्नेहरू हाँसीरहेका छन् । हामी केही गर्न सकिरहेका छैनौँ । ध्यान सिङ्गोतिर नभै अंशतिर गइरहेछन् । तथापि यो समय सत्य हुन सक्ला तर ध्रुवसत्य हुन सक्दैन ।

क्षणीक लाभ वा कसैको लहलहैमा विचारमा आगो झोस्नेहरू यथास्थितिबाट माथि उठ्न सक्दैनन् । ती जहाँको त्यहीँ र जस्ताको त्यस्तै रहन्छन् । आस्थाको धरोहर ढालेर बाँचिरहेकाहरूलाई जीवित भन्न सकिँदैन । हो, ती त केवल मृत्यु बाँचिरहेछन् । तर हामी पनि मुख छोपेर केवल टुलुटुलु हेर्नुभन्दा बढी केही गर्न सकिरहेका छैनौँ ।


विचारका व्यापारीहरूको हेरी नसक्नुको उफ्रिपाफ्री छ । ती प्वाँख फेर्ने उद्यममा लागेका छन् । निरीह वर्तमान यो दृश्य चुपचाप हेरिरहेछ । केही गरिरहेको छैन । पटक पटक आस्था विश्वासमा किन डढेलो लगाइन्छ । हामी पुरापूर बेखबर छौँ । ती टाउका गनेर हामीलाई धमाधम बिक्रि गरिरहेछन् । हामी यसैलाई स्वतन्त्रता भनिरहेछौँ ।

आदेश पालकहरूको काम यहि हो र ती विना हिचकिचाहट दत्तचित्त बनेका छन् । कसैलाई दाँया बाँया हेर्ने फुर्सद छैन । अह्राएको वा लगाएको गर्ने तिनीहरूको उद्देश्य हुन्छ । औकात बिर्सेर वा समर्पण गरेर ती त्यही गरिर हेछन् । हामी उभिएर टुलुटुलु हेरिरहेछौँ । यसलाई बहादुरी भन्न ती ब्यस्त छन् ।

यो बहादुरी हैन । बोलीमा लोली मिसाएर नृत्यमा सामेल हुनेहरू बहादुर हुन सक्दैनन् । हिजो एउटा आदर्श बोकेर हिँड्न थालेका हामी आज अर्काको बोलीतिर आकर्षित बन्दैछौँ । एकहुल मानिस यसैलाई सत्य हो भन्ने राग अलाप्दै छन् । यो विषम समय कसरी अग्रगामी हुन सक्ला ?

विगतमा आदर्श सिकाउनेहरूले मुख फेरेका छन् । ती भारी बोकेर हिँड्ने मनसुवामा मात्र छैनन् बाटो छेक्ने धुनमा पनि छन् । न सिमानामा दुःखीरहेछन् न त जयसिंह कि विधवा र नाबालक सन्तानमा । भरेङ चढेर उपल्लो चोटामा पुगेका छन् । यसर्थ ती अग्लिएका छन्, हामी होचीएका छौ । यो यथार्थ हो, आफैँभित्र परिचय नखोजे परिस्थितिले कोल्टो फेर्न सक्दैन ।

अस्थिर हैन, गतिशील विचार सबैको बाटो हो । यसको पछि लाग्नु र सम्मान गर्नु हामी सबैको कर्तव्य पनि हो । त्यो  विश्वासिलो हुन्छ । तर पनि यसलाई जान्न आफूलाई चिन्नु अति आवश्यक छ । यसो भनौँ सबै भन्दा ठुलो कुरा  स्वपहिचान हो । यसले मात्र हामीलाई हामी बनाउँछ । अन्यथा हामी हामी हुन सक्दैनौँ ।



## पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरूषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्याग्दीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नः लि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौं कन्हय, नवमाधुरी र सचेतना आदि ।

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३० वर्ष लाग्यो । देश विदेश जहाँ रहनु भएको भए पनि के तपाई नप्रज्ञापन पढ्न चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने तपाईहरूको सेवामा हाजिर छ ।**

**वेबसाइट**

**www.nabapragyapan.com.np**

**पुराना अंकहरू पनि FDF मा उपलब्ध छ ।**

# रचनाक्रम


- **संस्मरण/नियात्रा**
  - निर्मोही व्यास/७
  - प्रेम ओझा/१४
  - इन्द्रकुमार श्रेष्ठ सरित्/१७
  - ओम रिजाल/२०
  - दुर्गाप्रसाद श्रेष्ठ/२४

- **लेख/व्यङ्ग्य/ हाम्रो भाषा**
  - सदानन्द अभागी/२७
  - माधव पोखरेल गोज्याङ्ग्रे/३०
  - हृदयनारायण चौधरी थारु/४२

- **कथा/लघुकथा**
  - क्षितिज मगर / ३३
  - मधुवन पौडेल/३८
  - अरुण खत्री 'नदी'/३९
  - प्रा.डा. कपिल लामिछाने/४०
  - युवराज मैनाली/४०
  - रामकुमार पण्डित क्षेत्री/४१

- **कविता/गजल/मुक्तक/गीत/हाइकु**
  - खिमानन्द पोखरेल/२६
  - वसन्त रिजाल/४९
  - आर.आर.चौलागाईं/५०
  - ईश्वरराज ढुङ्गेल/५०
  - बद्रिप्रसाद ढकार्ल/५१
  - हरि पोखेल/५२
  - पुरुषोत्तम/५३
  - वासुदेव अधिकारी/५४
  - डा.हरिप्रसाद सिलवाल/५५
  - सुमन पुडासैनी 'मित्र'/५६
  - हरिप्रसाद पाण्डेय/५७
  - श्याम रिमाल/५८
  - वसन्तराज अज्ञात/५८
  - दुर्गा रिमाल/५९
  - यशोदा अधिकारी/६०
  - आशिष कल्पक्ष/६०
  - भवानी तावा/६१
- **समीक्षा/कृतिपरिक्रमा**
  - रमेश प्रभात/६२
  - विवेक वाइबा/६६
  - बाबुराम लम्साल/७१
  - समीर पाखित/७३
  - बोधराज पौडेल/७५
  - प्रतीक्षा रिजाल/७७

# संवेदनाको सागरमा



● निर्मोही व्यास

ए मेरी मृदु कल्पना ! हृदयकी ए कोमल स्पन्दन !

मेरो प्यार ! तिमी चटक्क चुँडियौ दुर्दैवले बैँसमा

झोत्री बस्छु कठै ! प्रिया-विरहमा कल्पेर रातोदिन

भैँचालो मुटुमा, समुद्र गहमा धिक्कार यो जीवन !

मेरी प्रिया ! खै कहाँदेखि थालूँ म? हरे ! त्यसैत्यसै कहालिन्छ मेरो मन! त्यसैत्यसै अत्तालिन्छ मेरो चेतना । त्यसैत्यसै हुँडलिन्छ मेरो मगज अनि त्यसैत्यसै भक्कानिन्छ मेरो छाती र चरक्क चिरिएर छियाछिया हुन्छ मेरो मुटु, चटक्क चुँडिएर लेथ्नुलेथ्नु हुन्छ मेरो कलेजा । ए मेरी चिरसहचरी ! ए मेरी भावनाकी सुकुमारी कल्पना ! उफ्...! कति निठुरी हुँदो रहेछ सम्झना !

'२०५४ साल असोज २० गते सोमबार नौरथाको पञ्चमी तिथि । बिहानको ठीक पौने छ बजे । रक्सौलको डङ्कन अस्पतालको आई.सी.यु. कक्षको बेड नं. २' तिमीले सदाको लागि आँखा चिम्लिएको मिति, समय र ठाउँ । अनि, आज चाहिँ '२०५४ साल कार्तिक १४ गते बिहीबार' मैले तिमीलाई गुमाएको पच्चीसौँ दिन ।

आकाशमा ताराहरू झिल्मिलाएको र धरतीभरि दीपमाला जग्मगाएको लक्ष्मीपूजाको ठूलोसाँझ । आँगनको डिल र कौसी-करेसाभरि भरेली भएर मग्मगाएका, बेली, चमेली, गुलाफ र रजनीगन्धाका मोहक सौन्दर्य र मादक सुगन्धमा घुँक्किँदै, छरछिमेकबाट हावाले उडाएर ल्याएको सेल र अनर्साको सुवासमा भक्कानिँदै सुकुमारी भैलिनीनानीहरूको सुरिलो गानसँगै छचल्किँदै छु म अटेसमटेस भएर । कुनै दिन तिमीले जतनसाथ आँगनका डिलभरि लहरै रोपेका सयपत्रीका अनगन्ती बिरूवाहरू आज झ्याम्म परेका रहरलाग्दा बैँसालु बोटहरूमा फेरिइसकेका छन् र यिनका हाँगाहाँगामा टुप्पैसम्म ढकमक्क फुलेका छन् झुप्पाका झुप्पा बेगन्ती थुँगाहरू र तिम्रो मोहनी मुहारको टड्कारो झझल्को लिएर मुस्काइरहेका छन् तिम्रै सुकुमार स्वर्णिम सौन्दर्यमा आफूलाई साटेर । झरझर बर्सिरहेका आँखाले अविरल अर्घ चढाउँदै तिमीलाई बतासे सम्बोधन गरिरहेको छु पराजित अविराम यायावरी यात्राबाट फर्केर आज अहिले यो प्यारो घरको एकान्त कोठामा आइबसेको म ।

पाँच दिनअघिदेखि नै क्रमशः

बडादसैँको रङ्ग फिँजिन थालिसकेको थियो गाउँघरमा र जताततै छचल्किंदै थियो आह्लादको महासागर । रेडियो र टेलिभिजनले एकपछि एक गर्दै गुन्जाइरहेका थिए मिलन र खुसीका नानाथरी गीतहरू–

'तिमीलाई अचेल कहाँ भेटूँ ......?

...................................

कि दिल हर्ने त्यो फूलको लहरामा भेटूँ ?'

"बिछोडको पीडा नसकी खप्न दसैँको बेलामा.....

तिमीलाई भेट्न आउँदै छु फर्की रमाइलो गाउँमा..."

...................................

तर कठै ! दसैँको दिन त मैले तिमीलाई भेट्न कहाँ पाउनु र ! त्यो दिन त तिम्रो छैटौँ दिन पो भइसकेको थियो ।

त्यसपछि उडेको थिएँ म तिम्रो तेह्रौँको समाप्तिसँगै शारदी आकाशमा अकासिँदै बतासिँदै माथि ...माथि...,पर...पर...डुलिहिँडेको बैशाखी सिमलका भुवाजस्तो बादलुसँगै पखेटा फट्फटाएर । कता ? कुन दिशामा ? कुन गाउँठाउँलाई लक्ष्य गरेर ? तिमी अड्कल गर्न सक्छ्यौ ? हो, म तिमीलाई नै खोज्न, धुइँपत्ताल गरेर तिमीलाई भेटिछाड्न निस्केको थिएँ यायावरी यात्रामा । जताजताबाट तिमी हिँडेकी थियौ, तिमी र म सँगैसँगै हिँडेका थियौँ र जहाँजहाँ पुगेकी थियौ तिमी, जहाँजहाँ पुगेका थियौँ हामी दुई त्यतै, जताततै, जहाँतहाँ, सम्झना भएसम्मका ठाउँहरूमा, तिम्रो मोहक र मादक गन्धलाई पछ्याउँदै । तर उफ् ...! कहाँ भेटियौ र तिमी कतै पनि ! जताततै छन् केवल ती–ती दिन र ती–ती छिनमा परेका तिम्रा पाइलाका असङ्ख्यअसङ्ख्य अदृश्य छापहरू ।

भन प्रिया ! अब म कताको बाटो लागेर कहाँ गई भेटूँ तिमीलाई ? कहाँ ? कुन बस्तीको कुन घरमा ? कुन देवलमा ? बोलिरहेकी, हाँसिरहेकी, रोइरहेकी वा मीठो सपना देखिरहेकी छ्यौ तिमी ? कहाँ ? कुन फाँटको कुन चाहिँ रूखको घना छहारीमा सुस्ताइरहेकी, सिरिरिरि चलेको शीतल बतासमा पसिना ओभाइरहेकी वा दर्के पानीबाट जोगिन ओत लागेकी छ्यौ तिमी ? वा विपरीत दिशाहरूबाट आएर भेटिएका बटुवाहरूसित सहज मानवीय नाताले स्नेह र सद्भावको पूर्णकलश छचल्काएर कुराकानी गरिरहेकी छ्यौ तिमी ? अथवा कुन चाहिँ खोलाको कुन चाहिँ घाटमा तिर्खा मेटाएर वारि आउने वा पारि जाने तर्खरमा लागेकी छ्यौ तिमी ?

कुन चाहिँ बाटो र ठाउँ होला त्यो जहाँ तिम्रा पाइलापाइला पछ्याउँदै गएर "ए दोबाटा र चौबाटाहरूहो ! ए बारी, बगैँचा र गाउँबस्तीहरूहो ! अनि ए बजार र पसलहरू हो ! एउटी सुकसुकाउँदी युवती यता–याताबाट आवतजावत गर्ने गर्थिन् तीनसाताअघि सम्म । यता फेरि उनलाई देख्यौ कि कसैले ? उनले नारीभरि राता चुरा लगाएकी छिन्, पाखुरीमा टिमिक्क परेको रातो चोलो र फरिया पनि रातै लगाएकी छिन् । गलामा खेलिरहेको छ तिलहरीसहितको रातै पोतेको लामो झुत्तो । उनको निक्खर कालो कपालका मुठीमुठीभरिका दुई नागबेली चुल्ठीहरू तलैसम्म लरक्क लर्केका छन् । उषाको लाली पोतिएझैँ, लालुपाते र लालीगुराँस भरेली भएर ढकमक्क फुलेझैँ रातम्मे सिँदूरले सजिएर झलल्ल परेको छ उनको सिउँदो । गोरो वर्ण र लाम्चो मुहुडाकी पातली, एकचालीसवर्षे ती मेरी

प्यारीको आफ्नै उज्यालोले धप्प बलेको छ हँसिलो र रसिलो मोहनी मुहार..." भनेर सोधखोज गर्दा "अँ, तिमीले भनेजस्ती एउटी मैयाँ भर्खर एकै छिनअघि मात्रै त यताबाट गइन् नि, अलि लम्केर जाऊ न, तीँ पर्तिर फेला परिहाल्छिन् नि " भनेर खै कसले भनिदेला मलाई ? को चाहिँ होला त्यस्तो जानिफकार स्थावर वा जङ्गम ? क-कसलाई सोधूँ म ? कहाँ-कहाँ सोधूँ म ?

अनेक बाटा हिँडिसकेँ म तिमी हिँडेका । अनेक ठाउँ पुगिसकेँ म तिमी पुगेका । तिम्रो सुगन्ध अझै ताजै छ सबै बाटाघाटा, गाउँबस्ती र घरआँगनमा । तिम्रो सुकोमल स्पर्श अझै आलै छ तिम्रा सुकुमार हातपाउ परेका सारा ठाउँका धूलकणदेखि लिएर तमाम चीजबीजहरूमा, तर कहाँ छ्यौ तिमी ? भन प्रिया ! केही त भन । कहिले कहाँ पुगेर सफलताको शिखर छुन पाउला मेरा बहुलट्ठी पाइतालाको यस अविराम यात्राले ? मलाई सुटुक्क थाहा मात्र त देऊ, अनि त म हिँडिरहनेछु हिँडिरहनेछु हिँडिरहनेछु अनन्तसम्म नै, प्रलयको अन्तिम क्षणसम्म नै ।

त्यसो त सारा फूलहरूमा म तिमीलाई नै देखिरहेको छु ढकमक्क फुलिरहेकी । त्यसो त सारा सुन्दर सिर्जनाभरि म तिमीलाई नै पाइरहेछु मोहक र मादक स्वर-माधुरीमा गुञ्जिबसेकी । त्यसो त सारा गरा,टारी र बारी-बगैँचामा म तिमीलाई नै हेरिरहेछु पोटिला बाला-बाला र झुप्पा-झुप्पामा रूपान्तरित भएर लटरम्म फलिरहेकी । यस विराट् पृथ्वीको तमाम हरियालीका तरेलीहरू मलाई लाग्छ तिम्रै अदम्य जिजीविषा र जीवन्तताको व्याप्ति हो । यस अनन्त आकाशको अभेद्य नीलिमा ठान्छु तिम्रै मृदु मुस्कानको परिणति हो । तर पनि उफ्...! म स्थिर हुन सकिरहेकै छैन । मेरो यो मन कहीँ पनि त अड्न सकिरहेकै छैन ।

अहिले यति बेला म झल्झली सम्झँदै छु तिमीसितको पहिलो देखादेख र सहजीवन-यात्रा थाल्दादेखिको साढे बाईसवर्षे अवधिका तिम्रो र मेरो संयुक्त जीवनको घामपानीसित गाँसिएका यावत् प्रसङ्गहरू । त्यसो त सम्झँदै छु पनि के भन्नु ! बिर्सेकै पो कहिले छु र मैले तिमीसितको संयुक्त जीवन-यात्राका मेरा प्यारा क्षण-क्षण र कण-कणलाई !

२०३१ साल माघको पहिलो साताको त्यो दिन । सोमबार या बिहीबार परेको थियो । पारिवारिक योजनाअनुसार त्यस दिन दिउँसो तिमी वृद्ध हजुरामाको साथ लागेर आई कलैयाबजारको एउटा व्यस्त चौबाटोमा पहिलोपल्ट झुलुक्क देखापरेकी थियौ मेरा आँखामा । म पनि त निम्तो पाएर तिमीलाई हेर्नकै लागि गएको थिएँ नि त्यहाँ । मैले मुटु ढुकढुकाउँदै तिमीलाई पुलुक्क हेर्दा तिमीले लाजले रातै भएर मोहनी मुहार निहुराएर भुइँतिर हेरेको मलाई अहिले भर्खरैजस्तो लाग्छ । त, त्यस दिन एकै छिनको दर्शन र निःशब्द साक्षात्कारमा नै मेरो सुकुमार मनले तिमीलाई मौन सम्बोधन गर्दै कवि सूरदासको बोलीमा लोली मिलाएर यसरी घोषणा गरेको थियो –

"जिन आँखनमें तब रूप बस्यौ
तिन आँखनसौँ अब देखिए का !"

(जुन आँखामा तिम्रो रूप बस्यो,
ती आँखाले अब अरू कुरा के हेर्नु !)

त्यसको दुई-चार दिनपछि टीकाटालो गरी कुरा छिनिएको थियो दुईतर्फी पारिवारिक हर्षोल्लासका साथ । अनि, त्यसको तीन महिनापछि

२०३२ साल वैशाख ७ गते आइतबार रामनवमीका दिन आफ्नै बारा जिल्लाको पूर्वोत्तरी वनप्रान्तीय गाउँ बोधवनबाट विधिवत् रूपले बेहुली बनाएर ल्याएको थिएँ मैले तिमीलाई । माइती–मावलीकी आँखाकी नानी 'कृष्णा' अब मेरी मुटुकी ढुकढुकी 'कल्पना' भएकी थियौ । आहा... ! सुँकसुकाउँदै गरेकी तिमीलाई त्यसरी अन्माएर ल्याउँदाको मेरो भावाकुल प्रणयी हृदयको अनुभूति ! भो, बयान गरेर के साध्य ! त्यो त उर्दूका कुनै कविको मुटु पग्लेर प्रवाहित भएको अभिव्यक्तिसित यसरी एकाकार नै पो भएको थियो–

"तुम्हें पा के हमने जहाँ पा लिया है
जमीं तो जमीं, आशमां पा लिया है"

(तिमीलाई पाएर मैले संसारै पाएको छु । धरती त धरती नै भइहाल्यो, मैले त आकाशसमेत पाएको छु ।)

त्यसपछिका दिनमा –

"कैले तीतो वचन गरिने भैदिंदा चूक–भूल
त्यै तीतोमै पनि तर अहा ! फक्रिने प्रीति–फूल
गाला जोडी जतिजति खप्यो मुस्किँदै घाम–पानी
साँच्चै मीठो उतिउति हुने दम्पतीको कहानी"

लाई मूलमन्त्र तुल्याएर हामीले काँधमा काँध मिलाई अनेक घामपानी खप्यौँ र अनेक आँधीहुन्डरी झेल्यौँ । समयको महाप्रवाहमा बग्दैबग्दै हाम्रो पोल्टामा पर्न आएका परिवर्तनका रमाइला–नरमाइला थुप्रैथुप्रै छालहरूलाई हाँस्तै र रूँदै स्वागत गऱ्यौँ । यसरी कहिले खुसीले चुलियौँ हामी त कहिले पीरैपीरले पुरियौँ । सन्चोको साथ थोरै मात्र मिले पनि सन्तोषको साथ भने सधैँभरि मिलि नै रह्यो हामीलाई । त्यही नै भयो हाम्रो सञ्जीवनी र त्यसैको ऊर्जाले गुडिरह्यो हाम्रो जीवन–रथ । त्यस अवधिमा हामीले तीनवटा चल्ला काढ्यौँ र बचेराहरूलाई घामपानीबाट जतनसाथ जोगायौँ, हुर्कायौँ, बढायौँ, पढायौँ र पखेटा लगायौँ । तर, आज ? हरे...! आज त...!

तिमी दुई दशकसम्म मुटुको भल्भ खुम्चिने 'माइट्रल स्टेनोसिस्' नाउँको हृदयरोग वा अलच्छिना राहु–केतुको दारूण डसाइले थङ्थङिएर अनवरत सत्र वर्षसम्म क्रमशः कलैया, वीरगन्ज, रक्सौल, काठमाडौँ, दिल्ली र पुट्टपर्तीमा उपचाररत हुँदै पुट्टपर्तीमा साईबाबाद्वारा सञ्चालित 'श्री सत्य साई उच्च चिकित्सा विज्ञान प्रतिष्ठान' मा शल्यक्रिया गराएको तीन महिनापछि ४१ वर्षको कलकलाउँदो उमेरमै चिरनिद्रामा लीन हुन पुग्यौ, मेरा प्यारा बाबाको बरखी सकिएको ठीक छ महिना पुगेकै दिन । उफ्...कसरी सम्हालिनु मेरो सुकुमार मन, मुटु, मगज र प्राण दुर्नियतिको यो प्रलयङ्कारी शृङ्खलाबद्ध वज्रप्रहारबाट ।

मेरी प्रिया ! आज पच्चीसौँ दिन हो तिमी यस धर्तीबाट अन्तर्ध्यान भएको । तिमीसित सहजीवन–यात्रा थाल्दाको साढेबाईस वर्षीय कलकलाउँदो नवयुवा म अहिले त्यसको ठीक दोब्बर, पैँतालीस वर्षको प्रौढ भएको छु र तिम्रो जीवनयात्रा अचानक बीचैमा टुङ्गिएर अभागी विधुर बनेको छु । उफ्...! आफूले मुढो ताक्ता बन्चरोले धुँडो ताकेर साराका सारा सपना छिनको छिनमै धुजाधुजा भएको छ अप्रत्याशित रूपमा र उजाडिएको छ मेरो जीवनको स्वर्णिम संसार !

घरमा, आँगनमा, पिँढीमा, चोटामा र कोठामा सबैतिर तिम्रा जाँगरिला र छरिता

हात-पाउको छापछापती स्पर्श परेका, तिम्रो स्नेहालु छायाँ र अजम्मरी मायाँ परेका सबैसबै ठाउँमा तिमी नै तिमी छ्यौ अझै पनि । आँगनको मठमा तुलसीदेवता तिम्रो श्रद्धालु हातबाट जलदानको आसमा अल्झिरहेका छन् अझै पनि । यिनै तुलसी देवताको यही मठ, जहाँ तिमी २०३२ साल वैशाख नौ गतेदेखि २०५४ साल असोज १९ गतेसम्म श्रद्धासाथ बिहान-बेलुकै जल-चन्दन-अक्षता-फूल चढाएर र टिङ्लिङ्-टिङ्लिङ् घन्टी बजाएर पूजा-आरती गर्थ्यौ । असोज २० गतेको अलच्छिना बिहान नचाहँदा नचाहँदै पनि जीवन र जगत्का तमाम जाल-जन्जालहरूदेखि फुका भएकी तिमी रक्सौलको डङ्कन अस्पतालबाट पार्थिव शरीरका रूपमा घर ल्याइएर यिनै तुलसी देवताको पवित्र छायामा उत्तर सिरान गरी मस्त निदाएकी थियौ । अब तिमीलाई कुनै हतार थिएन, केही बित्दो थिएन, चटारो थिएन । हतार थियो त अरूलाई, बित्दो थियो त अरूलाई, चटारो थियो त अरूलाई, तिमीलाई चाँडोभन्दा चाँडो गङ्गामा लगेर विसर्जन गरिदिने । अनि जतनसाथ राखिएको बिहेको लगनको रातो सारी लगाइदिएर र सिउँदोभरि राताम्मे सिन्दूर हालिदिएर तिमीलाई सदासदाका लागि विदा गरेको थियो तिम्रो प्यारो घरआँगनले ।

उफ्...! दिउँसो ठीक बाह्र बजे गढीमाई जाने बाटोछेउ पसाहा नदीकिनारको मसानघाटमा पुऱ्याइयो तिमीलाई । यो त्यही ठाउँ थियो जहाँबाट कहिले हामी दुईमात्र र कहिले पूरै परिवारै वारम्वार ओहोरदोहोर गर्नेगर्थ्यौं हाँसख्याल गर्दै गढीमाईको दर्शनार्थी बनेर । छोराहरूसहित हामी दुवै आज पनि आएका थियौँ तर कत्रो अन्तराल ती दिन र यो दिनमा ! आज तिमी हिँडेर नभई हरियो बाँसको खटमा लमतन्न सुताइएर आएकी थियौ मलमलको सेतो कात्रोमा बेरिएर र हामी चाहिँ तिमीलाई खरानी तुल्याउन र चिता पखालेर तिम्रो भौतिक अस्तित्वलाई सम्पूर्ण रूपले सागरमा सेलाइदिन आएका थियौँ । उफ्...!

चितामा चढाउनुअघि तिमीलाई अर्धजलमा राखेको वेलामा मलाई अग्रज मलामीहरूले तिम्रा सुकुमार नारीहरूमा टन्नै सजिएका राता चुराहरू फुटाउन आदेश दिएका थिए 'लाश जलाउनुअघि पतिले मृतक सधवाका चुराहरू नारीमै फुटाउनुपर्ने' सामाजिक प्रचलनअनुसार । तर, कुन हृदयले ? कुन आँटले फुटाउन सक्थेँ म ती चुराहरू ? जुन मैले कत्रो रहर र मायाँले केही दिनअघिमात्र तीजताका बजारबाट किनेर ल्याई तिम्रा दुवै सुकुमार नारीमा सजाइदिएको थिएँ र जसले 'छिन्द्रिङछिन्द्रिङ' को अनुपम सङ्गीत-वर्षा गरेर मभित्र आनन्दको महासागर उरालिरहन्थे हिजोसम्म । त्यसैले, मैले फुटाउनै चाहिन र नारीभरि राता चुरासहित विदा गरेँ मैले अनि दागबत्ती दिएर अग्नि अर्पण गरे छोराहरूले ।

तिमीलाई एकजोर साउथ सिल्कको सारी लगाउने बिछट्टै रहर थियो । मैले तिम्रो त्यो सानो रहर पनि कहिल्यै पूरा गरिदिन सकेको थिइन । गएको असारमा दक्षिण भारतको आन्ध्रप्रदेशको पुट्टपर्तीमा अवस्थित 'श्री सत्यसाई इन्स्टिच्युट अफ मेडिकल साइन्सेज' नाउँको ठूलो अस्पतालमा तिम्रो मुटुको शल्यक्रिया गराउन गएको वेलामा त्यस्तो सारी किन्ने साइत बल्ल जुरेको थियो अपरेसनको चारपाँच दिनमात्र अघि । बाटोमा पर्ने कर्नाटक प्रान्तको राजधानी बैङ्लोरको बजार डुलफिर गर्ने क्रममा पसलपसल चहार्दै जाँदा

एउटा पसलमा देखाइएका र तिमीलाई असाध्यै खुल्ने त्यस्ता दुईवटा बुट्टे सारीमा तिम्रो दिल बसेको थियो र तिमीले आफ्नो रोजाइका दामी ती एकजोर साउथ सिल्कका सारी किनेकी थियौ । तिम्रो खुशीमा हामी पनि मक्ख परेका थियौँ । हामी भन्नाले तिम्रो हेरबिचारको लागि साथै गएका ठूलो भाइ शुकदेव, कान्छो भाइ गौतम, बहिनी मनोरमा र म । भाइबहिनीले "पर्सि अपरेसन भएपछि त भाउजूको रोग निको भइहाल्छ, अनि यिनै सारी लगाइदिएर बेहुली बनाई घर लैजाने ।" भनी अत्यन्त खुशी र उत्साहले एकै स्वरमा भनेका थिए । र, अपरेसन सफल भएर अस्पतालबाट डिस्चार्ज भएपछि तिम्रो निक्खर कालो, बाक्लो र लामो कपाल कोरिदिएर र ठूलो जुरोमा चमेली फूलका मग्मगाउँदा गजरा लगाइदिएर उनीहरूले तिमीलाई अनन्त बधाई दिँदै हार्दिक स्वागत गरेका थिए । तर..., तर अपरेसन सफल भए पनि तिमीलाई अपेक्षित स्वास्थ्यलाभ भएन र तिमीलाई ती सारी पहिराइदिएर बेहुली बनाई घर फर्काउने भाइबहिनीको त्यो रहर पूरा हुन पाएन । घरमा आइपुगेर तीन महीना पूर्ण आराम गर्दा पनि तिम्रो स्वास्थ्यमा सुधार आउन सकेन ।

यसै बीचमा तीज आयो । तीजका दिन ती नयाँ सारीमध्ये कुनै लगाउन मैले तिमीलाई हत्ते हालेर आग्रह गरेँ तर तिमीले "यस्तो बिरामी मान्छेले के तीजको रमाइलो गर्नु छ र नयाँ सारी लगाउनु ! सन्चो भएपछि दसैँमा लगाउँछु नि ।" भनेर मेरो बिछट्टको आग्रहलाई टारिदिएकी थियौ । तर कठै ! दसैँमा कहाँ लगाउन पायौ र ती सारी ! दसैँको टीकाको दिन त तिम्रो अवसानको छैटौँ दिन पो भइसकेको थियो ।

उफ्.......क्रूर नियतिको कस्तो विडम्बना ! तिमीले मन पराएर त्यत्रो रहरले आफ्नै हातले किनेका ती सारी तिम्रो जीउमा पर्नै पाएनन् । एउटा सारी बाह्रौँमा शय्यादान गर्दा पुरेतबाजेलाई दान दिइयो र उतिवेलै पुरेत्नी बज्यैलाई फेराइयो किरिया गरिएकै ठाउँमा र अर्को चाहिँ बरखीमा दान गर्नको लागि छुट्याइयो । कठैबरी ! नजानीनजानी तिमीले आफ्नो किरिया र बरखीमा दान गर्नका लागि आफैँले रोजेर र आफ्नै हातले किनेर तीन महीनाअघि नै सारीहरूको व्यवस्था गरिसकेकी रहिछौ ! हरे ! त्यो पापी प्रसङ्ग सम्झँदा मात्र पनि कटक्क काटिन्छ मेरो मुटु र छियाछिया हुन्छ कलेजा ! त्यो दृश्य आफ्नै आँखाले टुलुटुलु हेर्न अभिशप्त भएको वेला त झन् कस्तो भएको थियो होला मलाई !

उफ्...! तिम्रो अवसानपछिको आफ्नो अवस्थालाई खै के गरी सम्झूँ म ? त्यसपछिको आफ्नो जीवनलाई खै के गरी सम्झूँ म ? त्यसपछिको टुहुरा लालाबालाको जीवनलाई खै के गरी सम्झूँ म ? तर पनि प्रिया ! तिमी छैनौ भन्ने त म कल्पना पनि गर्न सक्तिन । 'तिमी छ्यौ, अझै पनि छ्यौ र सधैँ रहिरहनेछ्यौ' को एउटा अजम्मरी विश्वासले वास गरेको छ मभित्र ।

तिमीलाई जागिर खाने बिछट्ट रहर थियो । संयोगले आफ्नै बारा जिल्लाको 'घरेलु तथा साना उद्योग कार्यालय' नाउँको सरकारी कार्यालयबाट सिमरौनगढछेउको पिप्राढी गाउँमा 'सिलाइ-कटाइ-बुनाइ प्रशिक्षण केन्द्र' सञ्चालन गर्ने जिम्मेवारी सुम्पी प्रशिक्षक/प्रमुख पदको नियुक्तिपत्र दिइएको थियो प्रचलित स्केलअनुसारको तलब-भत्ता पाउने गरी । म्यादी नै भए पनि

आफूले दक्षता हासिल गरेको विषयसित सम्बन्धित सरकारी जागिर पाएर तिमी औधी फुर्फुर थियौ । र, त्यो जिम्मेवारी सम्हाल्न जान हतारिँदै झोलाझाम्टा मिलाइसकेकी थियौ तिमीले । तर..., तर त्यतिवेलै तिमीलाई पापी रोगले फेरि थला पारिदियो उठ्नै नसक्ने गरी । पद-बहाली गर्न जानै नपाएर सधैँसधैँका लागि त्यतिकै फाइलमा थन्किन पुगेको त्यो नियुक्तिपत्र अझै तिम्रो व्यग्र पर्खाइमा छ ।

घरभरि, कोठाभरि, चोटाभरि तिमी नै तिमी छ्यौ । हाम्रो कोठामा, हाम्रो पलङ्मा तिम्रा लुगाहरू अझै असरल्ल परेर तिम्रो उपस्थितिलाई टड्कारो रूपमा प्रमाणित गर्दै छन्, मानौँ बाहिरबाट आएर फेर्नासाथ घरधन्दाको चटारोले गर्दा तिमीले तिनलाई तह लगाउन नभ्याएकी हौ र कुनै बेला फुर्सत मिल्नासाथ यथा-यथा स्थानमा सरक्क मिलाएर राख्नेछ्यौ ।

नौरथाभरि जमरा राखेको थान र देवीथानमा बाल्न भनेर तिमीले कातेका तीनसुते, पाँचसुते र नौसुते बत्तीका मुठा र कात्दाकात्दै छाडिएका सेता पिउरीको मुठा ढकीमा अझै त्यतिकै अस्तव्यस्त पारामा पूजाचौकाछेउ तिम्रा हातको मायाँलु स्पर्शलाई कुरिरहेका छन् ।

तिम्रा सिपालु हातहरूले मायाँ नै मायाँको छाल उरालेर र कलात्मक बुट्टा भरेर मेरो निम्ति बुन्दै गरेको ऊनी सुइटरको अधुरो पाटो अझै उसैगरी ऊनको ठूलो डल्लोसँगै जोर सलाई-काँटीमा उनिएकै अवस्थामा आफ्नो पूर्णताको लागि तिम्रा उनै कलाकार हातको स्वर्णिम स्पर्शको प्रतीक्षामा छ । मानौँ घरधन्दाको व्यस्तताले गर्दा तिमीले त्यसलाई पूरा गर्न नभ्याएकी हौ र फुर्सत पाउनासाथ पूर्णता दिन तिमी फेरि तल्लीन भइहाल्नेछ्यौ !


प्रिया ! कुनै बेला यस्तो लाग्छ —मानौँ तिमी तीज-तिहार वा त्यस्तै कुनै तिथि-पर्वको निम्तो मान्न एक-दुई दिनका लागि माइत-मावल गएकी हौ र पहिलेपहिले जस्तै ती तिथि-पर्व सकिनासाथ लगत्तै फेरि फर्केर घर आइहाल्छ्यौ !

भित्ताभरि हाम्रा फोटाहरू झुन्डिएका छन् रूपौला-सुनौला फ्रेमहरूमा सजिएर । जसमध्ये, कुनैमा तिमी मात्र छ्यौ, कुनैमा हामी दुवै छौँ र अझ कुनैमा चाहिँ हाम्रा तीनवटै निर्बोध सन्तान शरद, नीलिमा र आकाश पनि छन् । त्यसैले, लाग्छ तिमी-हामी सबै सँगसँगै छौँ पहिलेपहिलेजस्तै गरी तर हरे ! यथार्थ त्यसको एकदम उल्टो छ, एकदमै कठोर छ, अब तिमी छैनौ र कहिल्यै पनि हुने छैनौ ।

आहा ! कति जाती हुने थियो ' तिमी अझै छ्यौ' भन्ने मीठो भ्रमैभ्रममा मात्र पनि बाँच्न पाए ! कति जाती हुने थियो भ्रमैभ्रममा नै पनि तिमीलाई साँचिराख्न पाए ! र, कति जाती हुने थिए त्यो भ्रमबाट जुनीभरि कहिल्यै मुक्त हुन नपाए ! तर कठै... ! कहाँ सम्भव हुँदै छ र त्यो पनि ? उफ्...! प्यारी ! तिम्रो सम्झनालाई तिम्रै सम्झनाले पिरोलिरहेछ । तिम्रो यादलाई तिम्रै यादले बिथोलिरहेछ । उफ्...! अब त यही उफ्...! गर्दै र मुटु कोक्याउँदै तिम्रो पवित्र सम्झना गर्नुबाहेक अरू के नै रहेको छ र मेरो वशमा !

कैल्यै कामविशेषले जब तिमी
जान्थ्यौ प्रिये ! माइत
बस्थेँ व्याकुल भै प्रिया-मिलनको
रोजै कुरी साइत
आउन्नौ अब यो जुनीभरि भनी
जाने-बुझे तापनि

# फोटो गिराफ र जोरसाल बजार



• **प्रेम ओझा**

म त्यो जमानामा जोरसालस्थित सुखबोध प्राथमिक विद्यालयमा पढ्थैँ । फिदिम मा.वि.मा त्यसबेला शुल्क लाग्थ्यो । तर देउमान आङदेम्बेकी बुहारीको नाममा खुलेको सो विद्यालयमा भने निशुल्क पढ्न पाइन्थ्यो । बुबाले घरमै साँवा अक्षर सिकाउनु भएको थियो । १६ महिना कान्छो माइलो भाइसँग एकैपटक कक्षा–दुई मा हामीलाई भर्ना गरियो । त्यसबेला शिशु कक्षा र एक कक्षा नपढी हामी दुई भाइ दुई कक्षाका विद्यार्थी हुन पुग्यौं । हाम्रा सहपाठी सुवर्ण जोशी (ठाइला नेवारको छोरो), सुरेन्द्र श्रेष्ठ (नारायण हल्दारको छोरा), खगेन्द्र सिटौला (देवीभक्त सिटौलाको भाइ), राजेन्द्र थापा (अन्तरे थापाको छोरो) आदि थिए । फिदिम हाइस्कुल जान भन्दा दोब्बर टाढा थियो– जोरसाल । टाहारी खेत पनि निकै टाढा हो । त्यहाँबाट पनि २० मिनेट टाढा थियो– जोरसाल स्कुल । हाम्रो पुरानो घरबाट पश्चिमपट्टि पाली घर थियो । घरबाट ओऱ्हालो झरेर पालीघर, पाली घरबाट पश्चिम तेर्सो लागेपछि नयाँ घर त्यसको पछाडि ठाडो गल्ली भरिन्थ्यो । त्यो गल्ली तेह्रथुम आठराईदेखि इलाम हुँदै झापा झर्ने मूल बाटोको रूपमा परिचित थियो । आठराईतिरका बटुवाहरू बैदार मगरको घर उत्तरपट्टि बाँसघारीमा ढाकर बिसाएर खाना खाँदै हुन्थे । कहिले त्यही बास पनि बसेका देखिन्थे । अँ नयाँ घर छेउमा भेटिएको ठाडो गल्ली ओर्लिएर नेवार गाउँ, नेवार गाउँमुनि भोजपुरेहरूको घर जस्को (गल्लीकै) आडमा सानोबर भन्ने ढुङ्गे चौतारो थियो । हामी त्यहाँ बिसाएर खेल्थ्यौँ । टाहारी खेतबाट लिएर गएको भारी बिसाउने चौतारा थियो त्यो । त्यसभन्दा माथि नेवार गाउँ जाने बाटो छेउमा अर्को चौतारो थियो । सानोबरमा नबिसाएको भारी त्यही चौतारीमा बिसाइन्थ्यो । गल्लीको पश्चिमपट्टि जामुने खोलासम्म पुगेको खरबारी पसारिएको थियो । सानोबरबाट पाखो छाडेर गल्ली बस्तीतिर पस्थ्यो । त्यहाँ ओदिनबाट आएर बसेका लिम्बूको घर थियो । त्यहाँ सूर्य तुम्बापो भन्ने हामीभन्दा सिनियर दाजु थिए । उनी केटाकेटीलाई तर्साउन हरेक किसिमका मुखुण्डा बनाउँथे र लगाएर गल्लीमा छलिएर अनौठो आवाज निकाल्थे । गल्ली ओऱ्हालै लाग्थ्यो रामप्रसाद बाँस्कोटाका जेठीपट्टिका साहिला र काइला छोराले पश्चिमपट्टि घर बनाएर बसेका थिए । अरू सबै खाली थियो । अँ उता पाखापट्टि एकाउन्ने भन्ने बस्नेत थरका क्षेत्रीको घर थियो । उनका चार–पाँच जना छोरीहरू थिए । उनीहरू हामीकहाँ खेताला आउँथे । जेठीको नाम अझै पनि सम्झन्छु– सुइपी । पातलो ज्यान भएकालाई सुइपे वा सुइपी भन्ने चलन थियो । एकाउन्नी आमै हामीलाई खुबै माया गर्थिन् । म कहिले

काही उनीहरूका घरमा खेताला बोलाउन जान्थे । एकाउन्ने बालाई चाहिँ मैले देखिनँ । उनी प्रहरी सेवामा थिए । उनको दर्ता नम्बर एकाउन्न भएकोले (फौजीमा रोलक्रमअनुसारको सम्बोधन गर्ने चलन छ) एकाउन्ने भनिएको रे । अब बारी सकिएर खेतको फाँट देखिन्थ्यो । ठुलोबर भन्ने ठाउँमा मैले बरको बोट देखिनँ । त्यो रूख बुढो भएर वा हावा हुरीले त्यो रूख ढलेको थियो र त्यहाँ एउटा सानोबरको बिरूवा रोपिएको थियो । ठुलो बरमुनि फराकिलो चौर थियो । त्यसको बिचमा जोरै पीपलका रूख थिए । त्यसैले त्यो ठाउँलाई जोरपीपल भनिन्थ्यो । त्यहाँबाट छुट्टिन्थ्यो । पश्चिमतिर चोकमागू, सरसिउला, सिन्धुपौवा, हुँदै लुम्फाबुङजाने मूलबाटो ओऱ्हालिँदै होक्मा खोलातिर जान्थ्यो । उत्तर जाने बाटो जोरपीपललाई देब्रे पारेर मोडिन्थ्यो । चन्द्र माग्छान मगर (उनलाई सबैले बैदार मगर भन्थे) कुनैबेला उनी माल अड्डामा बैदार थिए । उनको ठुलो बारीको डिलमा ठुलाठुला चुवाका बोट थिए । डाले घाँसको रूपमा टाँकी र बडहर थिए । अझै उता जाँदा हातिवार थिए । त्यो गल्ली धान खेत बारीलाई छुट्याएर तेर्सिन्थ्यो । केही पर डिल्लीप्रसाद ओझाले बनाएको सानो घर थियो । त्यसको बिचबाट गल्ली थाङसाङ खोलातिर छिर्थ्यो । जोर पीपलमुनिको खेतलाई असीमुरे टारी भनिन्थ्यो । त्यो पोखरेलहरूले कमाउँथे । त्यसको अहटै-अहट ओर्लेपछि हाम्रो सिम्ले खेत आउँथ्यो । हाम्रो खेतको सिरानमा सालको ठुलो रूख थियो । त्यसमा पीपलले आश्रय लिएको थियो । सिमलको बोट नभएपनि हाम्रो खेतलाई सिमले भनिन्थ्यो । त्यसको नामका बारेमा बुबालाई मैले कहिल्यै सोधिन । तर खेतको बिचमा एउटा ठुलो ढुङ्गा र सालको ठुटो चाहिँ थियो ।

गल्ली थाङसाङ खोलातिर मोडिएर फेरि सिमले खेतको किनारै किनार उत्तरतिर ओऱ्हालो झर्थ्यो । अलि तल पुगेपछि फेरि बरपीपलको चौतारी आउँथ्यो । दुई घुम्ती झरेपछि थाङसाङ खोला तर्नु पर्थ्यो । त्यसमा सालका ठुलाठुला बाकल लगाएर साँघु हालिएको थियो । हामी वर्षायाममा थाङसाङखोलाको बाढी छल्न त्यही साँघुको सहारा लिन्थ्यौँ खोला तरेपछि मूल बाटो बाजकर्ने खेतको सिरानबाट उत्तरतिर जोरसाल बजार ताकेर तेर्सिन्थ्यो । बाजकर्ने खेतको बिचमा ठुलो मूल भएको धारा थियो । जोरसाल बासीको पानी थाप्ने र लुगाधुने, नुहाउने प्रख्यात धारो हो त्यो । त्यहाँबाट । मूलबाटो छाडेर खेतै-खेत जोरसाल पुग्न सकिन्थ्यो । बाजकर्ने खेतको बिचमा फराकिलो खले गरो थियो । देउमान आङदेम्बेको छोरा हरिराजको नामको सो खेत भोजपूर्नीले कमाउँथिन् । त्यही खेतको खलेगरामा ठुला ठुला कपडाहरू सेता पर्दा टाँगेर मलेरिया (औलो) उन्मूलन कार्यालयले स्प्रेयरहरूलाई तालिम गराउँथ्यो । डिडिटी औषधि छर्नका लागि स्थानीयहरूलाई पहिले पानीको फोहोरा हान्न सिकाइन्थ्यो । नजिकै पानी भएकोले त्यो ठाउँ रोजेको हुन सक्छ । सरकारी कार्यालयहरू फिदिममा स्थापना हुँदै थिए तर औलो उन्मूलन कार्यालय, प्रहरी थाना चाहिँ फिदिम सरिसकेको थिएनन् । बाजकर्ने खेतको सिरान हुँदै पाखो हुँदै जोरसाल बजार प्रवेश गरिन्थ्यो । त्यहाँ दुई लहरमा घर थिए । फिदिमबाट आउने मोटर कुद्न सक्ने फराकिलो सडक जोरसाल बजार छिचोलेर थाक्लेतिर जान्थ्यो । जोरसाल बजारको उत्तरपट्टि लहरै घर बनेका थिए । ती घरमा पसल थिए । आठराईतिरबाट आएका देभक्त सिटौलाले किराना पसल खोलेका थिए । सबभन्दा माथि देउमान आङदेम्बेले बनाएको दुईतले लामो घर थियो । त्यतिबेला नै कर्कटपाता लगाएको । त्यही घरमा

प्रहरी थाना बसेको थियो । दक्षिणतर्फको लहरमा नारायण हल्दार, योगेन्द्र ठाकुर (फोटो गिराफ), थपलिया बाजेका घर थिए । सारन्थाका नेवारहरूले त्यही लहरमा घर बनाउन थालेका थिए । ठाडो लहरमा थापाहरूले बनाएका घरमा एकजना मारवाडीले पसल गर्थे ।

उनको घर पसल लालीखर्कमा थियो । त्यसैले उनलाई सबैले लालीखर्के कैंया भन्थे । जोरसाल बजारमा लाग्ने औंसी र पूर्णे हाटका दिन मात्र उनको पसल खुल्थ्यो नत्र अरू दिन बन्दको बन्द । प्रहरी थाना अघिल्तिर स-सानो मैदान थियो । हामी विद्यार्थीहरू कहिले काहीँ त्यहाँ भेला हुन्थ्यौं । ठाइला साहुको (सुवर्णका पिता) घर छेउमा एउटा ठुलो पीपलको रूख थियो । त्यसकै आडमा मञ्च बनाएर कृष्ण लिला नाटक मञ्चन गरिन्थ्यो- त्यहीबाट सुरू हुन्थ्यो उताको मैदान । विद्यालयले हरेक वर्ष देउसी भैलो कार्यक्रम राख्थ्यो । म चार,पाँच कक्षामा पुगेको बेला घरबाट अनुमति मागेर देउसी कार्यक्रममा जान्थे । त्यसमा नृत्य, गीत आदि समावेश गरिएको हुन्थ्यो । देउमान कन्दङ्वा आठराई तीन सल्लेबाट आएर त्यहाँ पढाउन थालेका थिए । उनी त्यही बेलादेखि देब्रे हातले रिड थिचेर हारमुनियम बजाउथे । टंक सर (टंक श्रेष्ठ) हाम्रा शिक्षक थिए । ३०, ३१ सालतिर हिन्दी फिल्मीको प्रभाव थियो, उनले कानदेखि लामो केश पालेका थिए । गोगो पाइन्ट लगाउँथे । हामीलाई सांस्कृतिक कार्यक्रममा नेतृत्व उनको थियो । सायद पाँच कक्षा पढ्दाताका सांस्कृतिक कार्यक्रम सञ्चालन भयो । हामी विद्यार्थीहरूले कार्यक्रम सकेपछि सामूहिक फोटो खिच्ने भयौं । तल्लो लहरमा योगेन्द्र ठाकुर नाम गरेका फोटो ग्राफर थिए । जोरसाल बजारमा हाट लाग्ने मान्छेको जमघट पनि हुने भएकोले उनले फोटोग्राफी व्यवसायको खम्बा त्यही गाडेका थिए । उनी नामले भन्दा पनि फोटोग्राफर भनेर चिनिन्थे । भारतबाट आएकोले लवजमा हिन्दी भाषा मिसिन्थ्यो । पछि यतै भुजेलकी छोरी बिहे गरेर बसेका थिए । उनको छोरो देवेन्द्र मभन्दा एक वर्ष सिनियर थियो । त्यसबेला बिजुली आइसकेको थिएन । ठुला ठुला मेनटोल (पेट्रोम्याक्स) बालेर उज्यालो बनाइन्थ्यो । हाम्रो राति हिँड्ने देउसी टोलीमा पनि एउटा मेनटोल थियो । हामीले सामूहिक फोटो खिच्ने भएपछि फोटो गिराफले उज्यालोको व्यवस्थापन गरेछन् । दुईतिर दुईटा मेनटोल, त्यसबाट प्रकाश परावर्तन गर्न उनले खानेतेलका टिन काटेर त्यसमा टल्कने कागज टाँसेका थिए । उनीसित घाँटीमा झुन्ड्याउने बक्स क्यामरा थियो । दुई मेनटोल (रिफ्लेक्टर सहित) दुईजनालाई मान्छेको लेवलसम्म उचाल्न लगाए । हामीलाई दुई लहरमा बस्न लगाए । हामी सानाहरू पहिलो लहरमा टुक्रुक्क बस्यौं, अरू पछाडि उभिए । यसरी फोटो गिराफ योगेन्द्र ठाकुरले फोटो खिचे । कक्षा ५ पास गरेर मैले जोरसाल स्कुल छाडिदिएँ । किनकि त्यहाँ कक्षा ५ सम्म मात्र पढाइ हुन्थ्यो । अब ६ कक्षा पढ्न फिदिम हाइस्कुल नगई सुखै थिएन । तर जोरसाल बजार भर्न बेला-बेला जोरसाल गइरहन्थेँ । फोटो गिराफ दाइ फिदिम बजार विकसित भइसक्दा पनि फिदिम गएनन् । माइलो छोरो वासुले भने फिदिम बजारमा फोटो स्टुडियो खोलेको थियो । ती नै फोटो गिराफ ५० सालतिर काठमाडौं लागेका थिए । छोरा छोरीको नागरिकता लिन कठिन भएको कुरा सुनाउँथे । मलाई मायाले प्रेम बाबु भनेर बोलाउँथे । यस पटक तीन-चार दिन अघि टंक श्रेष्ठले फेसबुकमा योगेन्द्र ठाकुरको निधन भएको खबर पोस्ट गरे । म झसङ्ग भएँ तिनै फोटो ग्राफरको तस्वीर झलझली आयो ।

*फिदिम-२, पाँचथर*

# ताजमहल : शाहजहाँको प्रेम कि दुई थोपा आँसु ?



● इन्द्रकुमार श्रेष्ठ सरित्

*'नहोऊ पर आऊ वर वर, त्यही त हो नि औरङ्गावादमा'*

बिमा आफैँमा एउटा शब्दमात्र हैन बरू यो प्राविधिक शब्दावली नै हो भन्दा पनि हुन्छ । किनभने 'बिमा' यो एउटा शब्दलाई जिन्दगीभरि पढी रहँदा पनि यो शब्दलाई पढिसकिँदैन । यसका अर्थ र परिभाषा बाँकी नै रहन्छन् । दैनिक दिनभरि भरिको बिमाको कक्षाबाट वाक्कदिक्क भइरहेको बेलामा औंरंगाबादजाने कार्यक्रम तय भयो । यो कार्यक्रम कलेजको तालिकामा भएता पनि मिति तय भएको थिएन । मिति तय भएपछि एक किसिमको खुसी, एक किसिमको तरंग फैलियो । किनभने भारतका प्रशिक्षार्थीलगायत हामी कोही पनि प्रशिक्षार्थी औरङ्गाबाद गएका थिएनौं । १९९५ फेब्रुअरी सोह्र तारिकका दिन नौ बजे राति औरङ्गाबाद जानकालागि हामीलाई लिन गाडी हामी बसेको छात्रवास सेवानिकेतन आइपुग्यो । चौंतीस जना प्रशिक्षार्थीहरूमध्ये निजीकारणले दुई जना साथीहरू यो यात्रामा सहभागी हुन सकेनन् । औरङ्गाबादतर्फ गाडीमा हुइँकीरहँदा मेरो मनमा कहिल्यै नपुगेको औरङ्गाबादको काल्पनिक तस्बिर मेरो आँखा अगाडि नाचिरहेका थिए । बम्बईदेखि औंरङ्गाबादसम्मको करिब ४०० किलोमिटरको यात्राको सुरूवात रमाइलो नै भयो । नेपाल, भारत र श्रीलंककाका साथीहरूकाबिचमा गायनको प्रतिस्पर्धा नै चल्यो भन्दा पनि हुन्छ । हामीले गाएको 'नहोऊ पर आऊ वर वर......सिमसिमे पानीमा ज्यानले बेइमान गर्छौ कि......भन्ने गीतको अर्थ नबुझे पनि सबै देशका प्रशिक्षार्थीहरूले यो गीतको लय निकै मन पराए र पटकपटक उनीहरूले फर्माइस गरिरहे ।

भोलिपल्ट बिहान हामी एम.टि.डि.सी, होलिडे क्याम्पस, स्टेसन रोड, औरङ्गाबाद पुग्यौं । दैनिक क्रियाबाट निबृत भएर चियाचमेना गरिसके पछि नौबजेतिर हामी दौलताबाद फोर्टतिर लाग्यौं । बाह्रौं शताब्दीमा तत्कालीन शासक भिलोमा रायले निर्माण गरेको दौलताबादफोर्ट (किल्ला) ले तत्कालीन समय र निर्माणको झल्को दिने रहेछ । चाँदमिनार, अँध्यारा सुरूङहरू, शत्रुलाई मार्न सर्प खेल्ने पासो थापेको स्थानआदि देख्दा हामीले सोहीकाल समयलाई देखिरहेका छौं कि झैं लागिरहेको थियो ।

दौलताबाट फोर्टबाट निस्केर हामी एलोरा गुफातिर लाग्यौं । एउटै चट्टानलाई खोपेर निर्मित यो गुफामा महामानव गौतम बुद्धका एकभन्दा एक सुन्दर आकृतिहरू

कुँदिएका रहेछन् । हाम्रा पथप्रदर्शकका भनाइअनुसार अन्यत्र नपाइने गौतमबुद्धको अति नै सुन्दर सङ्गीतकक्ष पनि यहाँ रहेछ । जेहोस् आजभन्दा सयौं वर्षअघि नै यस्ता नयनाभिराम कलाकृतिकुँद्ने कलाकारहरूको जतिप्रशंसा गरे पनिकमै हुने रहेछ भन्ने लाग्यो । एलोराको तेश्रो गुफालाई कैलाश गुफा भनिँदो रहेछ । कैलाश गुफालाई झट्ट हेर्दा पशुपतिनाथ मन्दिरको झल्को आउने रहेछ । सके कैलाश शब्दले नित्य यस्तो भएको हुनसक्छ । कैलाशवरिपरि महाभारतको गाथालाई चित्रित गरिएको रहेछ । त्यहाँको मुख्य आकर्षण भनेको नै विशाल शिवलिङ्ग रहेछ जसको दर्शनकालागि निकै भीड लागिरहेको थियो । अन्तिम गुफाका आकृतिहरू हेर्दा अलि अनौठो लाग्यो । जैन बुद्ध नाम दिइएको यस गुफामा बुद्धका नग्न आकृतिहरू कुँदिएका रहेछन् । जैन बुद्धिष्ट भनिने पनि बुद्ध धर्मको अर्को हाँगो थियो त ? छ त ? कि यो चित्रकारको कल्पना मात्रै हो ? मेरो जिज्ञाशाको समाधान गरिदिने त्यहाँ कोही थिएन ।

एलोरा गुफाबाट फर्किने क्रममाहामी घुश्ठोश्वर मन्दिरमापुग्यौं । कहीँनभएको जात्रा हाँडी गाउँमाभनेजस्तो एउटा अनौठो चलन यो मन्दिरमापनि रहेछ । यो मन्दिरमादर्शनार्थ जाने पुरूषदर्शनार्थीले कम्मरभन्दामाथिको भागनांगो राख्नुपर्ने रहेछ । त्यस्तो उखर माउलो गर्मीमा सर्ट र गन्जीउतारेर नांगो ज्यानलिएर कसले दर्शन गर्ने ?हाम्रो समूहकाकोहीपनिपुरूष सदस्य घुश्ठोश्वर मन्दिरभित्रजानतयार भएनन् । त्यसपछि बिबीकामकबरा र सन् १७४४ माबाबा साहेब मुसाफिरले निर्माण गरेको पनचक्कीहेर्दै बास बस्न निश्चित स्थानमा आइपुग्यौं ।

औरङ्गाबाद पुगेको भोलिपल्ट बिहान आठ बजेर बीस मिनेट जाँदा हिडेंकाहामी नौ बजेर चालीस मिनेट जाँदा अजन्ता गुफामा पुगिसकेका थियौं । एलोरा गुफाको तुलनामाअजन्ता गुफामा बुद्धका एक से एक कलात्मक मूर्तिहरू रहेछन् । यो गुफाको बारेमा सन १८१९ मा नै पत्ता लागिसकेको रहेछ । अजन्ताका तीसवटा गुफाहरूमध्ये दोश्रो गुफामा रहेका चित्रहरू अझै आकर्षक र मनोहारी हुनुका साथै महत्वपूर्ण पनि रहेछन् । यी चित्रहरूमा बुद्धले आफूकहाँ र कहिले जन्मिने भन्ने बारेमा आफ्ना सल्लाहकारहरूसँग सल्लाह गरेका भावहरू अत्यन्तै कलात्मक ढङ्गले झल्काइएको रहेछ । बुद्धका प्रस्तर मूर्तिहरूमध्ये सबैभन्दाआकर्षकचाहिं बुद्ध पद्मासनमा बसेको र अर्को चाहिं एउटै मूर्तिबाट बुद्धको तीन रूप झल्किने सुन्दर मूर्ति रहेछन् । अजन्ता घुमिसकेर केही किनमेल गरिसकेपछि हामी चाँडै एमटिडिसी, होलिडे क्याम्प पुग्यौं । हतार हतार सामान मिलाएर खाना खाइसकेपछि बम्बई फर्किनकालागि साढे आठ बजेतिर हामी औंरङ्गाबाद आएकै गाडीमा चढिसकेका थियौं । औरङ्गाबादको यात्रा निश्चिय नै रमाइलो थियो ।एलोरा र अजन्ताको दृश्यावलोकन गरेको क्षण जीवनमा कहिल्यै भुल्न सकिने क्षण नै थिएनन् । त्यसैले यो यात्रा एउटा अविस्मरणीय यात्रा रह्यो ।

८मार्चमाहाम्रो प्रशिक्षण सकिइसकेको थियो । करिब दुईमहिना सँगै बिताएका साथीहरूसँग हामीले गह्रौं मनले बिदा लियौं । हामी सबैलाई थाहा थियो, जीवनमा अब हाम्रो भेटको सम्भावना अत्यन्त न्यून छ । त्यसैले प्रमाणपत्र लिंदाको क्षण पनि हामी प्रफुल्ल हुन सकिरहेका थिएनौं । तैपनि औपचारिक समारोहमा आआफ्नो प्रमाणपत्र लिएपछि हामी सानो जलपान समारोहमा सरिक भयौं र एक अर्कालाई बिदाईको हातहल्लाएर छुट्टियौं ।

ताजमहलःशाहजहाँको प्रेम कि दुई थोपा आँसु ?

१९९५ मार्च दश तारिककादिन हामी मुम्बईबाट नयाँदिल्ली आइसकेका थियौं। करोलबागको दुर्गा होटलमा प्रतिकोठा चारसय पचास भारूका दरले पाइयो। महंगो भएता पनि हामीले तीनवटा कोठा लियौं। किनभने किनमेल गर्न र कतै आउनजाउन पनि यो ठाउँ निकै सजिलो लाग्यो। दिल्ली पुगेको दिन बिहानको खाना खाइसके पछि हामी किनमेलमा व्यस्त भयौं। मैले सुटकेश, केटाकेटीका लागि जुत्ता, कपडा खरिद गरें। विशेषतः सेलमा लागेको स्वेटरहरू मलाई निकै मन पर्‍यो र मैले खरिद गरें। सबैले आआफ्ना रूचि र आवश्यकताअनुसार किनमेल गरे। अरूणानन्द र मैले सर्ट र पैन्टका कपडा पनि निकै खरिद गर्‍यौं।

करिबदुई महिनापछि आजबल्ल बेलुकीको खानामा नेपाली स्वादको कुखुराको मासु खान पाइयो। तर आवश्यकताभन्दा निकै नै बढी अर्डर गरिएछ। खानेकुरा त्यो पनि पैसा तिरेको चिकेनकरी व्यर्थै फाल्नु परेकोमा थक्कथक्क लागिरह्यो।

मार्च ११ तारिकका दिन बिहान सवा छ बजे हामी आगरा जान गाडीमा बसिसकेका थियौं। त्यहाँको लोकल ट्राभल एजेन्सीमा ११ र १२ तारिकका दिन हामीले कहाँ कहाँ घुम्ने भनेर पैसा तिरिसकेका थियौं। करोल बागबाट सुरू भएको हाम्रो यात्राको क्रममा करिब बाह्र बजे हामी आगरा फोर्ट पुगिसकेका थियौं। आगरा फोर्टको जहाँगीर भवन र तत्कालीन समयमा त्यहाँलाग्ने मिनाबजार अहिले पनिहो कि भैं भन्ने अवस्थाम ाथियो। सन् १६६६ मा दिवंगत भएका शाहजहाँले यहाँस्थित मोती मस्कबाट घण्टौं ताजमहललाई अपलक नियालि रहन्थे भन्ने जनविश्वास रहेको रहेछ। मुमताजको प्रेममा आकण्ठ डुबेका उनै साहजहाँले नै उक्तमोती मस्क बनाएका रहेछन्।

मोती मस्कबाट निस्केर पेटपूजा गरिसकेपछि यमुनाको किनारमा वर्षौंदेखि माया र प्रेमको अमर प्रतीक बनेर उभिएको विश्वको सातं आश्चर्यमध्येको एक आश्चर्य अर्थात् सेतो संगमरमरबाट बनेको यो प्रेममहलअर्थात् ताजमहललाई मैले मायालु स्पर्श गरें। चिसो संगमरमरमा पनि मलाई आज पनि शाहजहाँ र मुमताजको अमर प्रेमको न्यानो स्पर्श अनि न्यानो अनुभूति भइरह्यो। भन्नेहरूले ठिकै भनेका रहेछन्, मान्छे मर्छ तर प्रेम कहिल्यै मर्दैन। प्रेम नहुँदो हो त ताजमहल एउटा सामान्य मकबरा (चिहान) मात्रै रहने थियो र त्यो सामान्य चिहान हेर्न यहाँ मानिसहरूको मेला पनि लाग्दैनथ्यो होला। यो सबै अमर प्रेमकै कारण भएको थियो।

चार बजे हामी ताजमहललाई एक्लै छाडेर सिकन्दराबादतिर लाग्यौं। घुमघामको क्रममा श्रीकृष्णको जन्मभूमि मथुरा पनि पुग्यौं। बालापनमा निकै नै सुनेको हिन्दीगीत – देखो देखो दिल्लीकी कुतुबमिनार देखोमा दिल्लीको त्यो मिनारको वर्णन गरिएको सुन्दा त्यो कुतुबमिनार कस्तो होलाभन्ने लाग्थ्यो, आज त्यही मिनारलाई प्रत्यक्ष देख्न पाउँदा मन निकै नै प्रशन्न भएको थियो। त्यस पछिको यात्रा लोटस टेम्पलको रहेको थियो भने त्यहाँबाट हामी लालकिल्लाको अवलोकनार्थ गयौं।

त्यही बेलामै दिल्ली राम्रो र भव्य थियो, हरियालीमा जोड दिएको जतातत्तै देख्न सकिन्थ्यो तैपनि दिल्ली सोंचेजस्तो सफा चैं थिएन। भोलि आरएनएसीको फ्लाइटबाट नेपाल फर्किने निश्चित थियो त्यसैले रमाइलोसँगै रातिको खानाका लागि हामी एउटा पन्जाबी ढाबामा छिर्‍यौं। पन्जाबी ढाबाको मूर्ग मसल्लम साँच्चै नै स्वादिलो थियो।

*– तरहरा, सुनसरी*

# आँखाभरि रसुवा मनभरि प्रिया



● ओम रिजाल

मेट्नै गाह्रो हुँदो रहेछ मुटुमा कोरिएको सम्झनाको छाप ।

यतिबेला म तिमीलाई सम्झिरहेको छु । अचम्मकै हुँदो रहेछमायालु सम्झना । बिर्सन चाहेर पनि बिर्सनै नसकिने । कसैलाई सम्झनु र सम्झिरहनु जीवनको एक अध्याय । आँखा अगाडि उभिन्छ विगत र त टपक्क टाँसिन्छ सम्झनाआँखामा । सम्झना कहिले आँखाको बाटो भएर बग्दोरहेछ । कहिले मुटुमा ऐठन पारेर बस्दोरहेछ । सम्झना अर्थात् मायाको न्यानो अनुभूति । आत्मीयपनको मिठो कोसेली । जीवन ज्युने तत्व । हाँसो र खुसीको समिश्रण । सम्झनाले नै अरूलाई चिन्ने र आफैलाई नियाल्ने मौका दिँदोरहेछ बारम्बार ।

थाहा छैन तिमी मेरो को हौ ? के छ तिम्रो र मेरो सम्बन्ध? जिन्दगीमा भेटिएका धेरै साथीहरूजस्तै तिमी पनि एक साथी न हौ, असल साथी । जिन्दगीमा कति साथीहरू आए, कति गए त्यसको हिसाब मसँग छैन । गएकाहरूमध्ये कति फर्किएनन् । सधैँकालागि टाढिए । फर्किएकाहरूमध्ये सबै तिमीजस्तै आत्मीय भएनन् । धेरैलाई सहजै बिर्सन सक्ने मैले तिमीलाई बिर्सूँभन्दा पनि बिर्सनै सकिनँ । कहिलेकाही तिमी कति सहजै भन्छ्यौ मलाई बिर्सिदेऊ । तिम्रा सहज वाणीले मलाई असहज बनाउँछन् । आफन्तपनको साइनो नहुँदो हो त किन सम्झदो हुँ म तिमीलाई ? जब तिमीलाई बिर्सूँ भन्छु सम्झनानै गाढा भएर मनमा बस्छ । यो सम्झिने मन छ म बिर्सूँ कसरी ...?

एक दिन तिमी र म यात्रामा निस्किएका थियौँ । कताबाट उडेर आएको सानो किराले मेरा आँखाभित्र पसेर मलाई हैरान बनायो । म पीडाले बेचैन बनेँ । केही देखिनँ । मेरो अगि हिँडिरहेकी तिमीलाई हातले कोट्ट्याएर आँखामा किरा पसेको संकेत गरेँ । तिमीले हत्त न पत्त आफ्नो हातेझोलाबाट रूमाल झिकेर मेरो आँखाको किरो हटायौ । त्यतिबेला मैले अनुभूत गरेको थिएँ मलाईभन्दा तिमीलाई दुःखेको थियो मेरा आँखाको किरो । अँ, साच्चै मेरा दुःखमा मभन्दा बढी दुख्ने तिमी त छ्यौ जीवनमा हैन ?

अर्को एक दिनको यात्रामा किरोको प्रसङ्ग कोट्याउँदै तिमीले भनेकी थियौ "आँखाचिम्म गरेर हिँड प्रिय । आँखाखोलेर हिँड्यौ भने किरा पस्छ ।" तिम्रो वाक्य नटुङ्गिँदै मैले भनेको थिएँ "प्रिया ! भगवान्बाट आँखाचिम्म गरेर हिँड्नसक्ने वरदान नपाएको बबुरो हुँ म ।" मेरो निरीहतामा मलम लगाउँदै तिमीले फेरि भनेकी थियौ "किनपिर गर्छौ ? आँखा चिम्म गरे पनि संसार देखाउने तिम्रो नेत्र तिमीसँगै छे । म तिम्रै नेत्र हुँ प्यारा जहाँजहाँ जाऊ यही नेत्रले विचरण गर सुनौलो संसार ।"

आजफेरि म यात्रामा छु । सार्वजनिक वित्तव्यवस्थापन तालिम केन्द्र, पुल्चोकका वरिष्ठ प्रशिक्षक लोक न्यौपाने, रूद्र भट्ट, जीवनाथ ज्ञवाली र युवराज आचार्य मेरा यात्राका सहयात्री । कार्यालयको काम विशेषले रसुवाकालागि तय भएको छ हाम्रो यात्रा । गल्छीको बाटो भएर नुवाकोटतिर हुइँकिदैछौँ । गाडीमा एकपछि अर्कोले पालैपालो सुनाएका अश्लिल चुटकिलामा मुसुक्क मुस्कुराउँछ चालक दिनेश पाण्डे । नुवाकोटको बट्टार पुगेपछि उखरमाउलो गर्मीले एक्कासि हमला गर्छ । उफ् ! कस्तो गर्मी । गर्मीले आत्तिएका मेरा सुस्केरा सुनेर पाण्डेजीको बोली फुत्कन्छ गर्मीको सवालमा बट्टार र कतार उस्तैउस्तै हो सर । हामी सबै एक स्वरमा गललल्ल हाँस्छौँ ।

नुवाकोटका प्रमुख कोष नियन्त्रक रामकृष्ण पुडासैनीको हार्दिकता स्वीकारेर बिहानको भोजन नुवाकोटमै गरियो । भोजनपश्चात् विलम्ब नगरी यात्रा जारी राख्यौँ हामीले । गाडीले बेत्रावतीको पुलपार गर्‍यो । बेत्रावती सन्धिको ऐतिहासिक प्रसङ्गमा गफिदै कालिकास्थानको उकालो काटेको पत्तै भएन ।

आफ्नै लयमा बगिरहेको छ भोटेकोशी । मन पनि बग्दैछ कोशीसँगै । प्रिया तिमीलाई सम्झिरहेको छु यतिबेला । तिमी मसँगै भएको भए कति पौडँदो हो भावको डुङ्गा कोशीमा । लाग्छ तिमी नहुनु जीवनको गीत नहुनु । चराहरूको चिरबिर आवाजमा तिमीलाई खोजिरहेछ मन । लाग्छ तिमी नहुनु मनको गति नहुनु । म मेरा नेत्रहरूमा तिमीलाई राखेर चनचनी पिउँदैछु प्रकृतिको अनुपम सुन्दरता । तिमीले भनेको सम्झन्छु म तिम्रो नेत्र हुँ । आज तिमीमसँग छैनौ । तिमी नभएर के भो त ? मेरो नेत्रमसँग छ नि । मन बुझाएँ । मन बुझाउनु यात्रालाई रोचक बनाउने बहाना । बहानामै त जीवनको रहस्य सकिन्छ एकदिन हैन त प्रिया ?

कता कताबाट उडेर आएको भुँइकुहिरोले बाटो छेक्छ । बाक्लो भुँइकुहिरोले गाडीको गति धीमा तुल्याइदिन्छ । कुहिरोको अँध्यारोमा अगाडि बढ्न नसकेको गाडी भित्तातिर रोकियो । साथीहरूको आवाज फुस्कियो लौ फसाद । ममा साथीहरूको जस्तो औडाहा छैन । मसँग मेरी नेत्र छ भन्ने सम्झँदा मात्र पनि पुलकित हुन्छ मन । म त्यहीनेत्रले भुँइकुहिरोलाई पन्छाएर छर्लङ्ग देखिरहेको छु साथीहरूले देख्नै नसकेको अलौकिक दृश्य । मनभरि तिमी छौ । तिमी मसँगै भए मलाई केको पीर ? म अनायास गुन्गुनाउन पुग्छु तिमी छौ र पो मेरो संसार उज्यालो छ ...।

कुहिरोको तेज घट्दै गएपछि गाडी अगाडि बढ्छ । गाडी बढे पनि मेरो मन तिमीमै टक्क रोकिएको छ । मनभरि तिमीलाई बोकेर यात्रामा दौडनुको आनन्द कुन शब्दमा व्यक्त गरूँ ? मसँगकुनै शब्द नै छैन । शब्द नहुनु वाचाल ओठहरू मौनहुनु । तिमी नहुनु म मौन हुनु । तिमीसँगै भएको भए तिम्रा कान दुख्ने गरी कति फत्फताउँदो हुँ म । दक्षिणकालीको यात्रामा तिमीले भनेको सम्झन्छु यो प्यारप्यार प्यारप्यार गरी फत्फताउने बानी सुधार्न सक्दैनौ है तिमी ? निःशब्द गाडीको सिटमा बसेर नियालिरहेको छ भीमकाय पहाड र पहाडी हरियालीको सुन्दरता सम्झँदै तिम्रा मधुर वाणीहरू ।

हिलो छिचोल्न नसकेर गाडी थ्याच्च रोकियो । तिमीलाई सम्झिरहेको मन पनि रोकियो गाडीसँगै तर भोटेकोशी आफ्नै लयमा बगिरहेको थियो । मैले देउडाको एक हरफ सम्झिएँ– हिउँद उँधै बर्खा उँधै यो पानीकाँ जान्छ ?

भोटेकोशीमा सललल्ल पानी बग्दै थियो । मनमा खललल्ल बग्दै थियो तिम्रो माया । कुनैदिन मेरो मुटुमा बग्न रोकियो भने तिम्रो मायाको गङ्गा कति शुष्कहोला

मेरो जीवनको रमाइलो फाँट ? मनमनै कामना गरेँ भगवान् कहिल्यै नसुकोस् मायाको गङ्गार मृत्युपर्यन्त झाङ्गिरहोस् तिम्रो सम्झनाको वटवृक्ष मुटुको कुनामा ।

बाटोका कलकल बग्ने खोला र झरझर झर्ने झरनाले मन लोभ्याएका छन् । केही देख्यो कि तस्वीर खिचिहाल्नु पर्ने तिमीसँगै भएको भए यस्तो मनोरम दृश्यमा कति खिच्दो हुँ तिम्रो तस्वीर । मैले मेरा आँखाले भ्याएसम्म तस्वीरहरू खिचेर आँखामै कैद गरेँ । मेरो आँखा बनेर सधैँ मसँग हिँड्ने तिमीले पनि खोला र झरनाको सुन्दरता देखेको कल्पना गर्दै तस्वीरका लागि साथीहरूको हारमा उभिएँ । बाटोमा निर्माणाधीन जलविद्युत् आयोजनाहरूले हाम्रो ध्यान आफूतिर तानिरहेका थिएँ । रसुवा जलविद्युत् आयोजनाहरूको जिल्ला रहेछ ।

तस्वीर खिचिसकेपछि गाडी हुइँकियो । अगाडि बढ्दै जाँदा कञ्चनखोला र झरनाले हाम्रो मन चोर्दै गए । प्रकृतिको सुन्दरता पिउँदै हाँसखेलमा रमायौँ । एकछिनमै रमाइरहेको मन खेर गइरहेको पानी देखेर कुँडिन्छ । यस्तो निर्मल पानी प्रशोधन गरेर विदेश पठाउन सके कति आम्दानीहुँदो हो ? देशका सम्पदाको भाउ कौडी बराबर नभएको देखेर एकछिन अगिको उज्यालो हाम्रो अनुहार अँध्यारोमा बदलियो । हाम्रो मनमा देशप्रेम उर्लियो, देशभक्तिले चिमोटियो छाती । साथीहरूले देशभक्तिका भावनाहरू पोखिरहँदा म मेरो मनमा रहेको तिम्रो प्रेमको स्थानमा देशको प्रेमलाईसमेत समाहित गरेर टोलाइरहेँ ।

"पानी र जवानीको चिन्ता गर्नुहुन्न क्या ।"लोक सरले हाम्रो चिन्तितमनलाई अन्तै मोड्न बोलेका शब्दमा हो मा हो मिलाउँछौ र गाउन सुरू गर्छौं "बल्ल पर्यो निर्माया माकुरी जालैमा ।" हाम्रो गायनले लाङटाङ राष्ट्रिय निकुञ्जको कार्यालयको गेट अगाडि विश्राम लिएको थियो ।

पहाडको भित्तामा मुस्कुराइरहेको छ धुन्चे । भर्खरै बर्सिएर रोकिएको छ आकाश । बादलका थुम्काहरू हावामा ओहोरदोहोर गर्दैछन् । पानी रोकिए पनि आकाशको गड्यङ्गुड्ुङ रोकिएको छैन । तल खोलामा कुहिरोको साम्राज्य कायमै छ । यतिबेला मलाई आँखालाई केही देख्नै नदिने कुहिरोको साम्राज्यभन्दा मेरो मनमा बसेर शरीरका रोमरोममा खुसीको सञ्चार गराउने तिम्रो मायाको साम्राज्य नै मिठो लागेको छ । म मेरो मुटु सुम्सुम्याउँछु । तिमीलाई सुम्सुम्याएको आभास हुन्छ । आहा ! तिमी मसँगै छौ भन्ने कल्पनाका खुट्किलाहरू चढेर रसुवाका प्रमुख कोष नियन्त्रक हेमराज पौडेलको कार्यकक्षमा प्रवेश गरेको पत्तै भएन ।

हेमराज दाइको आग्रहमा चिया पियौँ । चिया पिउँदै गर्दा तिमीले खुवाएको कफीको सम्झना आयो । वानेश्वरको क्याफेमा बसेर तिमीसँग जिस्कँदै पिएको कफीको स्वाद चियामा खोजेँ । भेटाइनँ । तिम्रो सान्निध्यमा चिया पिउने बानी परेको मलाई अरू स्वादले कसरी तानोस् ? तान्दै तानेन ।

रसुवाका प्रमुख जिल्लाअधिकारी मित्र नवराज जैसीलाई फोन गरेँ । काठमाडौँ जानु भएको रहेछ । भेट भएन । भेट्ने चाहनामामै तुहियो । थकथक लाग्यो । जीवनका सबै चाहना कहाँ पूरा हुन्छन् र ? तिमीसँगका सबै चाहना पनि त पूरा भएका छैनन् । चित्त बुझाएँ । चित्त बुझाउनु जीवनको गोरेटो सरल बनाउने उपाय हैन र प्रिया ?

धुन्चेलाई छोडेर हामी अगाडि बढ्यौँ । हिलाम्मे बाटो थियो । हाम्रो गाडी कछुवा गतिमा गुड्दै थियो । मेरो मन भने रकेटको गतिमा तिमीसँग बिगतमा बिताएका पलहरूको स्मरण गरिरहेको थियो । तिमीलाई सम्झँदामात्र मन रोमाञ्चित भइ दिन्छ । तिमी साथमा भएको भए चिलिमे जलविद्युत् आयोजना हेर्ने साथीहरूको प्रस्ताव मेरो कारणले

अस्वीकृत कसरी हुँदो हो ? चिलिमे नहेरेरै स्याफ्रूवेसीको हिलाम्मे बाटो भएर टिमुरेतिर दौडियौँ जहाँ रसुवा भन्सार कार्यालयका प्रमुख राम मैनालीको पाहुना हुने हतारो छ हामीलाई आज ।

२०७२ को विनाशकारी भूकम्पपछि टिमुरेमा सारिएको रसुवाभन्सार कार्यालयको प्राङ्गणमा चीन सरकारको सहयोगमा चीनसँग सिमाना जोडिएका नेपालका स्थानीय तहकालागि पठाइएका डोजरहरू लाम लगाएर राखिएको छ । डोजरबारे भन्सार प्रमुखबाट जानकारी पाएपछि लाग्यो यी डोजरहरूले नेपालको डोजरे विकासमा थप योगदान पुऱ्याउने छन् । अझै र फैलाउने छन् हाम्रा हिमाली जिल्लामा पहिरो आतङ्क ।

हामी टिमुरे पुग्नुअगि नै मैनाली सरले हाम्रालागि खाजाको व्यवस्था गरिसक्नु भएको रहेछ । विलम्ब नगरीकनै हामी पेटपूजा गरेर नेपाल र चीनको सिमानातिर लाग्यौँ । सिमानामा रहेको रसुवागढीले हाम्रापुर्खाको वीरताको कथालाई ताजा गरायो । सीमा नाकामा महिनौँदेखि पर्खिरहेका खाली मालबाहक गाडीले सिमा नाकाराम्रोसँग सञ्चालन नभएको सङ्केत गरेका थिए । सीमा नाकामा उभिएर हामीले कहाली लाग्दो नेपालको व्यापारघाटा सम्झियौँ । नाकाको वारि र पारि ठिङ्ग उभिएका डरलाग्दा पहाडजस्तै त छ हाम्रो व्यापार घाटा ।

साथीहरू गढीको किनारमा उभिएर आआफ्नो मोबाइलमा तस्वीरहरू कैद गर्नमा व्यस्त हुनुहुन्छ । म भने तिमीलाई सम्झेर टोलाएको छु । तल भोटेकोशी आफ्नै सुरमा बगिरहेको छ । आफ्नै सुरमा बग्न नसक्ने त मेरो मन मात्र हो । तिमी विना किन यतिविचलित हुन्छ मेरो मन जसरी विचलित छन् महिनौँ सामानको प्रतीक्षामा रित्तै बसेका मालबाहक गाडीहरू ? सीमा नाकाबाट टिमुरेतर्फ फर्किँदा मेरो मन यही प्रश्नले नराम्ररी घोचिरहेको थियो ।

वैशाखमा सकिएको स्थानीय तहको निर्वाचनको धङधङीअझै बाँकी छ टिमुरेमा । प्रत्येक घरमा फहराइरहेका फरक फरक पार्टीका झण्डाले असारको मध्यसम्म पनि दिइरहेका छन् टिमुरेमा । यस पालिको निर्वाचनमा विजयहासिल गर्न मतदातालाई टन्न रक्सी खुवाएर हेलिकप्टरमा काठमाडौँ पठाएर चुनावमा विजयप्राप्त गरेको कुरा स्थानीयबाट सुनेर मलाई नेपाली राजनीतिको लोकतान्त्रिक संस्कारप्रति दयालागेर आयो । यतिबेला पनि मैले तिमीलाई नै सम्झिएँ । प्रिया ! कतै हाम्रो मायामा पनि नेपाली राजनीतिको जस्तै टिकडम र जालझेल भयो भने कसले प्राप्त गर्ला विजय ? कसले लगाउला विजयको अविर ?

राती एक बजेसम्म मैनाली सरको पाहुनाको रूपमा जलपान कार्यमा सक्रिय भएर ओछ्यानमा पल्टिएको कतिखेर निदाएँ थाहा नै भएन । बिहान ब्युँझदा झलमल्ल उज्यालो भइसकेको थियो । साथीहरू बिहानी भ्रमणमा गइसक्नु भएको रहेछ । नित्यकर्म पछि बार्दलीमा उभिएर वरपरको दृश्य नियालेँ । प्रकृति नवदुलहीजस्तै सुन्दर देखिएकी थिई आज ।

बिहानको खाजापछि टिमुरेबाट धुन्चेका लागि रमना भयौँ । एक घण्टापछि कोष तथा लेखानियन्त्रक कार्यालय रसुवामा पुग्यौँ । बिहानको खाना खाएपछि रसुवास्थित लेखा समूहका कर्मचारीहरूसँग तालिम सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा संचालन गरेर काठमाडौँतिर फर्कियौँ । खराब मौसमका कारण लाङटाङ राष्ट्रिय निकुञ्ज र गोराइकुण्ड पुग्ने हाम्रो चाहनामा तुषारापात भएको थियो । फर्किदा आँखाभरि रसुवा थियो । मनभरि तिमी थियौ ।

औँला भाँच्छु उसैगरी दिनदिनै प्यारी ! म ऐले पनि ।

*– हुमेगाउँ, भैरवी-२, दैलेख*

# सम्भनाको बादल



• दुर्गाप्रसाद श्रेष्ठ

'सम्भनाको बादल' मेरो पहिलो कथासङ्ग्रह हो । वास्तवमा यस यस कथासङ्ग्रहको जन्म कुनै खास योजना बेगरै भयो ।

म बी.ए. को छात्र थिएँ । त्यो बेला नेपाली छात्रहरूको घुइँचो हुन्थ्यो बनारसमा । पंण्डितका छोराहरू संस्कृत पढ्न आउँथे र संस्कृत विद्यालयहरूमा पढ्थे । स्नातक गर्नेहरू संस्कृत विश्वविद्यालय (वाराणसेय संस्कृत विश्वविद्यालय) मा पढ्थे । आज पर्यन्त यो परम्परा कायमै छ । कम्युनिष्ट पार्टीका पूज्यनायक मदन भण्डारी पनि यहीँ पढ्दथे । काङ्ग्रेसका जननायक विश्वेश्वरप्रसाद कोइराला पनि यहीँ कै अंग्रेजी विद्यालय (क्वीन्स कलेज) मा पढ्थे । उनका समकालीन छात्र थिए 'उदय' का संस्थापक–सम्पादक काशीबहादुर क्षेष्ठ ।

बनारसमा पढने नेपाली छात्रहरू नेपाली साहित्यमा पनि रूचि राख्दथे । त्यस बेला पढ्ने हारमा बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कोशराज रेग्मी, चूडामणि रेग्मी, नगेन्द्र शर्मा (अभिव्यक्ति का सम्पादक प्रकाशक) आदिआदि अनगन्ती साहित्यकारहरू थिए । अरू त अरू, साहित्यकारका पनि साहित्यकार कमलमणि दीक्षित पनि यहीँ बनारस हिन्दु युनिवर्सिटीमा पढ्थे र पचासौँ वर्षपछि पनि वहाँलाई ' ये सर्वविद्या की राजधानी..' नामक यहाँको कुलगीत कण्ठै रहेछ । उनको विलक्षण स्मृतिका प्रमाणहरू म.पु .पु.मा मनग्गै पाइन्छ ।

खैर, म विषयबाट विचलित भएको जस्तो लाग्छ ।

'१३ – १४' सालतिरको कुरा हो– बनारसमा पढने नेपाली छात्रहरूले घर जाँदा मलाई पनि "जाऔं, घुमेर आऔं" भनेर लग्थे । यसै क्रममा म पूर्वमा विराटनगर, धरान, धनकुटा, चैनपुरसम्म पुगेँ । पश्चिममा भैरहवा, कपिलवस्तु, बुटवल, पाल्पा, गुल्मी (तमघास) प्यूठानसम्म पुगेँ ।

धनकुटामा एक महिना जति हरिहरराज जोशी भिनाजू (धर्म दिदी इन्दु जोशी) कहाँ बसेँ । त्यो बेला धनकुटा गाउँ समान थियो । भिनाजूको घर अगाडि केही मजदूरहरू र भू.पू. सैनिकहरूको बस्ती थियो । म प्रायः उनीहरूको बस्तीमा गएर उनीहरूको जीवन यापनको दिग्दर्शन गर्थे । यहीँ जन्म भयो 'संम्भनाको बादल' को कथावस्तुहरू । भनौँ दुई मत मान्ने कम्यूनिष्ट र कांग्रेस । भूपि शेरचन सर्वहाराका नायक थिए, यद्यपि उनी सम्पन्न वर्गबाट आएका थिए । यसै कारण बनारसमा पढेने नेपाली छात्रहरूले तीनवटा संघ खोले । रमेशजंग थापा, विमल कोइराला आदि सम्पन्न वर्गका कांग्रेसी, भरतमोहन

अधिकारी, कमल कोइराला, (यिनीहरू पनि सम्पन्नै थिए) आदि मुख्य विद्यार्थी नेता थिए । तीनवटा छात्रसंघको तीनवटा वार्षिक साहित्यिक पत्रिकाहरू निस्कन्थ्यो । 'छात्रबाणी' र 'छात्र सन्देश' । बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कोशराज रेग्मीहरूले झर्रो नेपाली भाषाको 'नौलो पाइला' निकाले ।

(फेरि विषयन्तर भए जस्तो लाग्छ , तर सूचना वा जानकारी दिनु उचित लाग्यो ।)

२०१७ सालको परिवर्तन -

२०१८ सालमा म गर्मीको छुट्टी बिताउन नेपाल आएँ । तर यसपाली राजधानीमा । यस पटक प्रगति का सम्पादक नारायणप्रसाद बास्कोटाको छिमेक घरमा बस्दा प्रगति मा मेरो पनि एउटा कविता छापिएकोले उनीसँग भेट्न पुगैं । वहाँ त त्यस बेला प्रचार विभागको डाइरेक्टर हुनु भएको रहेछ । भेट्न जाँदा उहाँले एकदिन अचानक सोध्नु भयो - "सरकारी जागिर खान्छौ ?"

म त्यस बेला हिन्दी साहित्य लिएर एम. ए.मा पढदैं थिएँ । मन दोधार भयो । फेरि घर छाडेर आउनु पर्ने । तर भवितव्यले साथ दियो र म पनि प्रचार विभागको विकाश तर्फको शाखा अधिकृति भएँ । काम थियो -पञ्चायत सम्बन्धी प्रचार सामग्री लेख्नु । सो सामग्रीहरू पुस्तक रूपमा अथवा लेखको रूपमा छपाउन गोरखापत्र छापाखाना जानु पर्थ्यो । म छापाखानामा मास्साब भएँ ।

त्यही बेला पिताश्री काशीबहादुर श्रेष्ठलाई राजदरबारबाट बोलाहट भयो । 'उदय' सम्पादकको रूपमा प्रसिद्धि पाइसकेका पिताजीलाई राजा महेन्द्रबाट गोरखापत्र को सम्पादकमा नियुक्त गर्ने इच्छा रहेछ । तर बुवाले "म जागीर खान्नँ सरकार, बरू उदयका लागि सहायता बक्सियोस्" भन्नु भएछ । अनि राजाले बुवाको निर्णय स्वीकार गरेर अरूकेही चाहिन्छ ? सोधी बक्सेछ ।

"सरकार, छोराले एउटा कथासङ्ग्रह लेखेको छ । त्यो छपाउन केही आर्थिक सहायता पाउँ ।" बुबाले बिन्ती गर्दा "कति चाहिन्छ ?" भनी सोधनी भएछ । बुवाले मांग गरे अनुसार भा.रू. बाह्र सय ( १२००/-) मञ्जुर भएपछि मधुसुदन राजभण्डारीले ल्याएर दिनु भएछ ।

'सम्झनाको बादल' छापियो । मेरो नाम कथाकारमा दर्ता भयो । असम, दार्जीलिङतिर बिक्री भयो र त्यसको दोश्रो संस्करण बनारसबाट ' बाबु माधवप्रसाद शर्मा बुक सेलर एण्ड पब्लिकेशन' बाट प्रकाशित भयो ।

भारतको महाराष्ट्रमा 'दलित साहित्य' खुब प्रचलित छ । संयोगले मेरो कथासङ्ग्रह एकजना मराठी साहित्यकारको हातमा परेछ । पूरा नबुझेर उनले रत्नपुस्तकले छापेको अंग्रेजी नेपाली-हिन्दी डिक्सनरी' मगाए । एक वर्षपछि म त जिल्ल परें । उनले त 'सम्झनाको बादल' मराठी भाषामा उल्था गरेर आठवमेघ (सम्झनाको बादल) शीर्षक राखेर प्रकाशित गरे । पछि यो सङ्ग्रहकालागि भारतको महाराष्ट्र प्रान्तको एउटा दलित साहित्य संस्थाले प्रशंसा पत्र पनि पठायो ।

दिल्लीस्थित रूसी भाषाको प्रकाशन संस्था पिपुल्स पब्लिसिंग हाउसले नेपाली कथाहरूको रूसी भाषामा सङ्ग्रह पनि निकाल्यो । यसमा नेपालका पाँच कथाहरूको रूसी अनुवाद प्रकाशित गरेको थियो । मेरो पनि तीनवटा कथा 'संम्झनाको बादल' बाट लिइएको रहेछ ।

भारतको आन्ध्र प्रदेशको राजधानी हैदराबादबाट तेलेगु भाषाको पत्रिकामा पनि मेरो पाँचवटा कथा तेलेगु भाषामा छापिएको

थियो । पत्रिकाको नाम थियो - 'इनाडु' ।

यसरी 'संम्झनाको बादल' ले मेरो साहित्य यात्रा निकै स्मरणीय भएको थियो । सुप्रसिद्ध नेपाली कथाकार भवानी भिक्षु मेरा पिताजीका मित्र थिए । उनी बनारस आउँदा पिताजीलाई भेटी रहन्थे ।

पिताजीले सम्झनाको बादल वहाँलाई देखाएर वहाँको सम्मति माग्नु भए छ । भिक्षुजीले भूमिका नै लेखी दिनु भो । भूमिकामा वहाँले "दुर्गाको कथावस्तु राम्रो छ तर लेखाइमा अल्लारेपन झल्किन्छ ।" भनी लेख्नु भएको म अझै सम्झिन्छु ।

अगाडि राजा महेन्द्रको चर्चा आएको थियो । वहाँबारे एउटा अरू सम्झना आउँछ ।

२०२८ सालको कुरा हो -

रौतहटमा हिन्दु मुसुलमान दंगा हुँदा त्यहाँ शान्ति व्यवस्था बनाउन अञ्चलाधीश रामनारायण श्रेष्ठ खटिनु भएको थियो । उनको टोली अन्य सरकारी अधिकारीहरू बाहेक म पनि सूचना विभागबाट खटिएको थिएँ । शान्ति स्थापना र दङ्गा पीडितहरूको पुनर्वासको काममा सेना पनि खटिएको थियो ।

सबै कुरा व्यवस्थित भइसकेपछि पुनर्वास कामको निरीक्षण गर्न राजा महेन्द्रको क्याम्पमा सवारी भयो । टोलीमा खटिएका सबै कर्मचारीहरूको रामनारायणजी राजासँग परिचय गराउने क्रममा मेरो परिचय दिँदा राजा महेन्द्र सरकारले सोधिबक्सियो "तिमी काशी बहादुरको छोरा होइनौ ?" कस्तो स्मरणशक्ति र कस्तो अपनत्व ! ०१८ सालमा बुवाले दर्शन पाउँदा 'सम्झनाको बादल' का लागि आर्थिक सहायता माग्नु भएको थियो । त्यति कै मा मेरो नाम याद राख्नु संवेदनशीलताको पराकाष्ठा हो ।

राजाले त्यति बेला सोधि बक्सेको कुरा आज पचास वर्षपछि पनि म सम्झन्छु । 'सम्झनाको बादल' मेरो जीवनको साहित्य यात्राको पहिलो खुड्किलो थियो । र, त्यो सम्भव भएको थियो -राजा महेन्द्रको कृपा दृष्टि, र सहृदयताले !

*— दुधविनायक, वाराणसी, भारत*

## गीत



● **खिमानन्द पोखरेल**

पिर पर्दा रून्ने आँशु रित्तिसके मेरा
घर बन्न नसकेर खोज्छु कतै डेरा
घरबेटीको पिडा मात्र कति सहैँ मैले
समयको हुरी सँगै हावा चल्यो ऐले
पिर पर्दा रून्ने आँशु.........
घर बन्न नसकेर.......
वर्षादको भेल जस्तै आँशु बगिदिन्छ
पीडा आशु द्वन्दले नै कति साथ दिन्छ
मन्को मझेरीमा पनि पिडै दुख्छ मेरो
नमेटिने पिडा, आँशु देख्छु सेरो फेरो
पिर पर्दा रून्ने आँशु..............
घर बन्न नसकेर................

*— परात्मी, गुल्मी*

# म मेयर बनें



● सदानन्द अभागी

मेरो खानदान पुरानै समयदेखि कहिले मुखिया, कहिले प्रधानपञ्च कहिले समाज सेवीको रूपमा समर्पित हुँदै आइराखेको छ । मेरा हजुरबाबा मुखिया, बाबा प्रधानपञ्च भएर लामो समयसम्म काम गर्दै आएका थिए । उनी विकास प्रेमी थिए । जनताको सेवा गर्नु बाबाको दैनिकी थियो । सदरमुकाम जानु आउनु जनताका काम गर्न उहाँ निकै व्यस्त देखिन्नु हुन्थ्यो । निर्दलीय पञ्चायत भने पनि चुनाव लड्दा प्रजातान्त्रिक धार र साम्यवादी धारमा विभाजन गराएर पञ्चायती नेताहरूले चुनाव लड्ने काम गर्दथे । कसै कसैले आफूलाई खाटी पञ्च भन्दथे । खाटी पञ्चभन्दा अन्य राजनीतिमा आस्था राख्नेलाई इतरपक्ष भनिन्थ्यो । मेरो बुबाले प्रजातान्त्रिक धारमा आस्थाराख्ने भएकोले उनलाई इतर पक्षकोमा गणना गरिन्थ्यो ।

२०४६ सालको जनआन्दोलनमा देशमा प्रजातन्त्र बहाली भयो । प्रजातन्त्र बहाली भएपछि मेरो बुबा स्वत प्रजातान्त्रिक धारको सक्रिय कार्यकर्ता भएर संगठनमा लाग्नुभयो । हाम्रो गाउँ विकास समितिमा त कुनै समस्या थिएन ।प्रजातान्त्रिक धार निकै बलियो थियो । अझै कसिएर संगठन विस्तारमा लाग्दा आफ्नो गाउँ विकास समिति मात्र न भै जिल्लाभरीनै संगठन बलियो बन्यो । यसको प्रतिफल प्रथम आमनिर्वाचनमा बहुमतले सांसद् पद हात लाग्यो । मेरो बाबाको राजनीतिक तौल निकै बढ्न गयो ।

म पढ्ने विचारबाट पलायन भएँ । म उच्च शिक्षा हाँसिल गर्ने तर्फ लागिन । सहज रूपमा खरिदार स्तरको जागिर हात लाग्यो । म खरदार साहब भएँ । घरपाइकको जागिर भएको र खानदानी घर भएकोले घरको आर्थिक स्रोत र तलब भत्ता जेगिँदै गयो । मैले आर्थिक स्थिति दर्बिलो पार्न कमाएको धनलाई बचत गर्न थाले । जागिरबाट धन नभएर इज्जत मिल्दो रहेछ । आजको जमानामा इज्जत मात्र नभएर धन चाहिँदा रहेछ । जागिरबाट मनग्गे धनआर्जन नहुने देखेर मलाई पेशा बदल्ने विचार पलाएर आयो । मैले खरदार साहबको जागिरबाट अवकास लिएँ । मनमा खुलदुली चल्यो । व्यवसाय गर्ने या ठेक्कापट्टामा लाग्ने म दोधारमा परें । अन्तिम निचोड मैले ठेक्कापट्टाको पेशामा लाग्ने अठोट लिएँ । मान्छेमा काम गर्ने जिज्ञासा, समयको महत्वको पहिचान, छिट्टै धनी बन्ने जिज्ञासाको त्याग र धैर्यता र निरन्तरता मार्गको अवलम्बन गर्दै गयो भने सफलता मिल्दो रहेछ भन्ने यथार्थताको अनुभूति मलाई भयो । त्यसोहुँदा धेरै नाफा खोज्दैनथे छिटो छिटो काम सम्पन्न गर्दथेँ, यसै कारणले यस काममा पनि म निकै सफल भएँ ।

देशमा प्रजातन्त्र बहाली भए पनि प्रजातन्त्र दर्बिलो बन्न सकेको थिएन । प्रजातन्त्रप्रति चारैतिरबाट प्रहार थियो । यसै क्रममा राजतन्त्रको समाप्ति गरी गणतन्त्र बहाली गर्ने उद्देश्यका साथमा

माओवादीले २०५२ साल फागुन १ गतेबाट आन्दोलन सुरू गऱ्यो । विकासका कार्यहरू अवरोध भए । सरकार पक्ष र विद्रोही पक्षबाट ठुलो धनजनको नोक्सानी भयो । कतिका सिन्दुर पुच्छिए, कति नाबालक टुहुरा भए, बाबुले छोराको क्रियाकर्म गर्नु पऱ्यो, सरकारले टाउकाको मूल्य तोको, जस्का कारणले गर्दा अन्य दलको भन्दा कांग्रेसी जनले धेरै पीडा सहन गर्न पऱ्यो ।

देशमा जनयुद्ध चलिरहेको अवस्थामा राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते शेरबहादुर देउवालाई असक्षम घोषणा गर्दै, देउवा सरकार बर्खास्त गरी शासनसत्ता हातमा लिई आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरियो । फल त राजसत्ता नै समाप्त भयो ।

दलहरू आन्दोलनमा थिए । माआवादीको आफ्नै आन्दोलन थियो । यस क्रममा मेरा बुबाले जिल्ला सदर मुकामबाट गाउँको घरमा जाने कुरा साथीभाइसँग राख्दा साथीभाइले यस्तो मायोवादीको चर्किंदो आन्दोलनमा गाउँ जान हुँदैन भन्ने सल्लाह दिंदा मेरो बुबाले माओवादीसँग मेरो डर छैन, कति आदर गर्छन् । कति मिठो बोल्छन्, "म आज घर जान्छु" साथीभाइलाई जवाफ दिंदै उनी गाउँको घरतिर लाग्छन् । उनी घर पुग्छन् ।

सूर्यको तेज घट्दै जान्छ । पश्चिम क्षितिज लालीपूर्ण बन्छ । शनै शनै रजनीले आफ्नो शक्तिको प्रर्दश गर्छिन् । सबै गाउँका मानिसहरू खाना खाएर बिस्तरातिर लाग्न थाल्छन् । केही व्यक्तिहरू मेरो घरमा प्रधानबा भन्दै प्रवेश गर्दछन् । "यति राती कता दकुर्दै छौ बाबुहरू?" मेरो बाबाले प्रश्न तेछ्र्याउनु हुन्छ । पुन खानपिन भयो भनेर प्रश्न राख्दा भोकै रहेको कुरा आउँछ । आमाले खाना बनाउनु हुन्छ । खाना सबैले खान्छन् । "धेरै राती भयो अब सुत बिहान सबेरै जाउला" मेरो बाको आग्रह गर्नुहुन्छ । मेरो बाबालाई 'यो डहरको बाटो सोभ्काई दिनुहोस् हामी जान्छौं' भन्दै घरबाट निकालियो र एकान्त ठाउँमा लगेर बञ्चरो प्रहार गरियो । यो घटनाले गाउँ नै स्तब्ध भयो । सबैका घरको ढोका बन्द थिए । म घरबाट टाढा थिएँ । सदर मुकाममा कर्फु लगाइएको थियो । केही समयपछि गाउँले जोडिएछन् र उपचारको लागि नजिकको हेल्थपोस्टमा लगियो तर दुर्भाग्य हेल्थ पोस्ट बन्द थियो । अत्याधिक रगतको बहावले गर्दा बाबाले यो संसार त्याग्नु भयो ।

दलहरू आन्दोलनमा थिए तर आन्दोलनले आकार लिन सकेको थिएन । दलहरू र माओवादी बिचमा २०६२ साल फागुनमा दिल्लीमा १२ बुँदे सम्भौता भयो अब त आन्दोलनले आकार लियो फल स्वरूप राजा जनताको नासो जनतामा फिर्ता गर्न बाध्य भए । वैशाख ८ गते एक घोषणा गरी जनताको नासो जनतामा नै फिर्ता गरेको घोषणा भयो । आन्दोलन मत्थर भएन त्यसपछि वैशाख ११ गते राजाले पुन सम्बोधन गरी विघटित संसद् पुनर्स्थापित भयो र लोकतन्त्रको स्थापन भयो । लोकतन्त्र स्थापना भए पनि दलहरूले जनचाहना र सहिदको सपनाअनुसारको काम गर्न सकेनन् । मैले आफ्नो काममा भने विश्राम लिइन ।

बाबाको मृत्युले मलाई निकै आधात पुऱ्यायो । म बाध्यताले राजनीतिमा सक्रिय हुन थालें । राजनीति पुख्यौली सम्पत्ति भएको हुँदा मलाई जिल्लामा पहिचानको लागि कुनै समस्या थिएन । तर राजनीतिमा देशभरी नै एउटा समस्या भनेको दलहरूमा गुटको सिर्जना भएको कारणले गर्दा प्रतिपक्षभन्दा आफ्नै पार्टीका गुटले आफ्नै उमेदबार हराउने निम्नस्तरको कामले गर्दा चुनाव जित्न फलामको चिउरा चवाउनु सरह थियो । देशमा स्थिर सरकार बन्न सकेको थिएन । पार्टी जुट्ने र फुट्ने कर्ममा थिए । समय समयमा सरकार बदलिने भैरहने संसद् विघटन भैरहने,गर्दा जनताले चाहे

जस्तो विकास हुन सकेको थिएन/छैन ।

जन आन्दोलनपछिको पहिलो स्थानीय चुनावमा मेयर पदको लागि मेरो नाम सिफारिस भयो । मेयरको टिकट मैरै पोल्टोमा पर्‍यो । म राजनीतिमा कच्चा खेलाडी थिएँ । जिल्ला गुटमा विभाजित थियो । एउटा गुट्मा नलागि नहुने बाध्यता थियो । टिकट पाएर पनि पार्टी भित्रका महत्वकांक्षी नेताहरूको अन्तरद्वन्द्वले गर्दा घात र प्रतिघात राम्रैसँग चल्यो जसको फलस्वरूप मैले हार व्यहोर्न पर्‍यो तर म निराश भइन । जनसेवा र आफ्नो पेशालाई निरन्तरता दिँदैगएँ ।

यसपटकको स्थानीय चुनावमा पाँच दलीय गठबन्धनको अवधारणा आयो । गठबन्धनको घोषणा त भयो तर गठबन्धनको सपुष्ट व्याख्या मतदातासँग जान सकेन । जनता दलहरूको क्रियाकलापले असन्तुष्ट थिए ।केको लागि भोट? किन दिने भोट ? के गरेका छौ र भोट माग्न आउँछौ आदि थुप्रै प्रश्नहरू उमेदबारले सुन्न पर्थ्यो । केपी ओलीको चुट्का सुनाउने बानी, सबैलाई बडारी दिन्छु भन्ने भाषण र जनताहरूको जमघटले गर्दा स्थानीय चुनावको नतिजाले एमालेलाई सिंगार्दछ भन्ने अडकल बाजी गर्नेको संख्या पनि कमी थिएन । माधव नेपाल र झलनाथ खनाललाई पार्टी फोरेको आरोप जतातते थियो ।

भोट माग्दा पनि कताकता मेल नखाने खालको अनुभूति जनताले गरें । म पनि गठबन्धनमा परें । मेरो उपमेयर पनि हिजो बाबुको हत्या गर्ने पार्टीकै कार्यकर्ता भएकोले मलाई असहजता पैदा गरायो । मेयरको टिकट पाएकोमा म निकै खुसी थिएँ तर उपमेयरलाई चुनावमा लिएर जान कताकता खिन्नताले स्थान लियो । गाउँमा निकै टीका टिप्पणीहरू भए । मप्रति कसरी चुनाव लड्छ भन्ने प्रश्नहरू तेर्सिए । यसपटक मैले चुनाव जित्नु नै थियो । म ढुक्क भएर उपमेयरलाई साथमा लिएर चुनावमा जाने निधो लिएँ । चुनाव जित्ने रणनीति बनाएँ । जनतालाई गठबन्धनको चुनाव भएकोले माओवादीलाई कसरी भोट दिने भन्ने प्रश्न नगर्न र अनिवार्य भोट दिनको लागि कांग्रेस जनलाई आग्रह गरें । मनमा जति असहजता भए पनि परिस्थितिले मानिसलाई दास बनाउँदो रहेछ । जनता र मैले जति असहजताको अनुभूति गरे पनि पार्टीले गरेको निर्णयलाई स्वीकार्न बाध्यता थियो ।

कांग्रेसबाट माओवादीलाई भोट दिन बाध्यता थियो । कांग्रेसले भोट दिए पनि माओवादीको भोट ममा आउँछ या आउँदैन त्यो पनि संकाको विषय नै थियो । म यस विषयमा निकै चिन्तित थिएँ । मैले माओवादी स्थानीय नेताहरूलाई विश्वास दिलाउनु सक्नुपर्छ र माओवादीका भोट मैले पाउनु सक्नुपर्छ भन्ने अठोट मनमा पलायो । भोटमा धोका हुनु हुँदैन भनेर दुबै पक्ष सहमत भयौं । एमाले पनि मेरो चुनाव क्षेत्रमा निकै बलियो थियो । दुई वडा त लाल किल्ला नै थिए ।

उनीहरूले आफ्नो उपमेयर जिताउन संयुक्त टोलीमा सक्रियताको साथमा लागे । जिल्लाका दुबैतिरका नेताहरूले साथ दिए घात भएन । आखिरमा म मेयर बने । उपमेयरलाई पनि सफलता मिल्यो ।

अबको बाटो त्यति सहज छैन । प्रचण्ड सधैं दुबै हातमा लड्डु खोज्ने नेता । उनले कसरी चुनाव जितिन्छ भनेर गोटी चाल गर्दा यो गठबन्धन भत्किन सक्छ । त्यसो भएमा मेयर र उपमेयरको कार्य दिसा फरक हुनसक्छ । चुनावमा दिएका आश्वासन पूरा गर्न कठिन पर्छ । हिजोको मार्ग मैले सोचे जस्तै बन्यो । वर्तमानलाई गतिशील बनाउनुछ र भविष्यको मार्गलाई सफलताको साथमा खन्नुछ ।

*(यो कथा झट्ट हेर्दा यथार्थतामा आधारित छ जस्तो लागे पनि गठबन्धनका मतदाताले भोग्न परेको असहजतालाई कथाकारले एउटा उमेदबारले असहजतामा पनि कसरी सफलता हासिल गर्नसक्छ भन्ने धारणालाई म पात्र भएर प्रस्तुत गरिएको काल्पनिक कथा हो ।)*

# निमन्त्रणा



● माधव पोखरेल गोज्याङ्ग्रे

आउनुस् हजुर गजुरमाथिका भए अझ बढी स्वागत । गजुरतलकालाई हजुर भन्ने चलन नभए पनि साप्रै स्वागत छ । गफ गरेर मानो पचाउने र जता मल्खु उतै ढल्कु गर्ने महाशय ज्यूलाई घ्यू हालेको खान्की सहितको स्वागत छ । समय अनुसार दरबारलाई घरबार बनाउनेदेखि आकाशलाई छानो मानेर जीवन धान्नेसम्मकालाई स्वागत गर्न सक्ने हैसियतको यो मेरो निमन्त्रणालाई सबैले अनिकालका बेलामा पाएको राहत पछिको आहत सम्झेर स्वीकार गर्नु होला ।

यस्तो निमन्त्रणा अरू कसैले पनि दिन सक्दैनन् । यो अद्‌भूत र अलौकिक निर्णय सहितको निमन्त्रणा पाउनकालागि लाखौ मानिसहरू लालायित भएका बेला यो मौकामा चौका हान्न सक्नेले सहजै स्वीकार गर्ने जता मल्खु उतै ढल्कु गरेर चाख्न पाउने निमन्त्रणा अरूले दिँदैनन् । मल्खुतिर ढल्कदा पनि मल्खुको गन्धसम्म सुघ्न नपाउनेले दिएको निमन्त्रणा के स्वीकार गर्नु भन्नु होला ! तर यो निमन्त्रणा स्वीकार गर्नु भएन भने तपाईँ पछुताउनु हुनेछ । त्यसैले मौकामा हिरा फोर्न, चौका दाउ हान्न, अरूलाई झुक्याएर छक्का पञ्जाको खेल खेल्न र प्रष्ट रूपले मतिभ्रष्ट पारेर देशकै बिग्रन्ताम नेतृत्वम्मा दरिनकालागि यो निमन्त्रणाले ठूलो सहयोग गर्ने छ ।

भनौँ यो व्यक्तित्व विकास नेतृत्व गर्न सक्ने क्षमता अभिबृद्धिकालागि, जागिरे कर्मचारी सदाचारी ब्रह्मचारी भए माथिल्लो श्रेणीबाट तल्लो तहमा उल्टो बढुवाकालागि अत्यन्त लाभ दायक कामयाव हुने भएकोले पनि मैले इच्छुक भिच्छुक सबैलाई यो निमन्त्रणा दिएको हुँ । यस्तो अवसर फेरिफेरि नआउने भएकोले टाउको भुइँमा टेकेर दुबैहातलाई खुट्टा बनाएर भए पनि निमन्त्रणा स्थलमा मुन्टिनु होला । नमुन्टिनेले गरिबीको रेखामाथि बस्न पाउने छैनन् । सधैँ गरिबीको रेखामुनि बसेर आकाशको छानोमा रमाएर आफ्नो शान मान बढाएर बस्न पाउने भएकोले मैले दुराग्रह पूर्वक यो निमन्त्रणा दिएको कुरा श्रीराम र हनुमानहरूलाई मात्र होइन बाली, सुग्रिब लगायतका पाउदुरे सबैलाई स्वागत गर्न म आतुर छु ।

बिनास काले विपरित बुद्धि भएका महामुसण्ड, चण्ड, प्रचण्ड, घमण्ड लगायतका बत्तिसमात्र होइन चौसठ्ठी लक्षणले युक्त भुक्तभोगी नेतृत्वको गुणमा घुन र धमिरा लाग्न सक्ने हैसियत भएको यो निमन्त्रणाको अहिले

विश्व व्यापी चर्चा भएको छ ।

खास खासले यो सूचनालाई आलोचना हैन आलो चना सम्झेर सुकेको चनाको कुरा बिर्सेर सातुदेखि तर्सेर हिड्ने जो कोही पनि निमन्त्रणाको भारी बोकेर आउन, पाल्न, मुन्टिन सक्नु हुन्छ । अति नै अखण्ड निमन्त्रणाको रूपमा रहेको यो ऐतिहासिक समयको सदुपयोग भन्दा बढी दुराचार र दुरूपयोग गरेर सहभागी हुन कालो जालो फिंजाउन सक्ने जो कोहीलाई पनि अनुरोध छ । नेपाली राजनीतिमा मियो बनेर बियाँ बन्न सक्ने, चोक चौराहामा भुक्न सक्ने विकृति विसंगतिको भारी बोक्न सक्ने, निमुखालाई ङ्याक्न सक्ने बीर स्यालसिंह खरायोप्रसाद कुलेलमबहादरले पनि यो निमन्त्रणालाई अस्वीकार गरे भोलिको राजनीति कालदायि हुने कुरा विस्मातार्थ सबैमा जानकारी गराउँदै यो निमन्त्रणा हुत्याउन लागेको सूचना मिल्काएको छु ।

धमिलिएको नेपाली राजनीतिमाथि लेदो थुपार्न र समाजमा जुका उडुस, मच्छर, लामखुट्टे, उपियाँ जन्माएर गरिबी अन्माउनकालागि प्रशिक्षित हुन चाहने वा जानेका, मानेका छानेका, तानेका सबैलाई घोक्रेठ्याक लाउन सहज हुने यो निमन्त्रणाको समयाबधि तोकिएको छैन । जो कोही पनि जुनसुकै बेला यो निमन्त्रणामा गोजी भरिलो पारेर, घ्यू, सेलरोटी, कुराउनी, खुवा, पेडा, भेडा, खसी लिएर पाल्न नसके मुन्टिनु होला ।

नयाँ तरिकाले कुशासन चलाउन, भिडभाडमा घुशासन, चुशासन गर्दै भ्रष्टाशनको विजारोपण गर्न यो निमन्त्रणा सबै दलबलका कुनेतालाई गु नेता बनाउन मद्दत पुग्नेछ भन्ने मैले निराशा व्यक्त गरेको छु । आजभोलिको चलन चल्ती अनुसार गल्ती भएका खण्डमा चण्ड, मुसण्ड, झ्याप्ले, भित्ती, चुल्ठे, मुन्द्रे, कुण्डले सबैखाले भाँट, चतुरे, धतुरेलाई यो निमन्त्रणामा सम्मान स्वरूप कुरूप पारेर नौ नाडी गल्ने गरी पदीय भारीले ढाकछोपको अखेटो पहार प्रदान गरिनेछ । इज्जत कमाएर बेइज्जत गुमाएका, नाक फुलेका, समाजमा कालो नाक बोकेर हिडेका बाख्री गोठाला, गाई भैसी गोठाला, आफैँ रागो, गोरू, बोका, भाले बनेर गाई भैसी बाख्री र कुखुराको पोथीको गोठालो बनेका, बेसोमतीका महानायकहरूलाई पनि यो निमन्त्रणामा भारीमतका साथ उपस्थित हुन मैले पुनः अर्को गोप्य निमन्त्रणा सबैलाई जानकारी दिदै सार्वजनिक गरेको छु । यदि मैले निमन्त्रणा सिधै सबैमा सार्वजनिक गरे भने कसैले पनि जानकारी नपाउने भएकोले गोप्य राखेर सार्वजनिक गरेको कुरा यहाँ सार्वजनिक जानकारीका लागि भनेको हुँ ।

नेपाली हावापानी, माटो अनि बाटोघाटो, सडक सुहाउँदो यो निमन्त्रणा स्वीकार गर्दै कुवाबाट भ्यागुतो, पोखरी वा जलाशयबाट माछा, गँगटा, कछुवा लगायतका जलचर जीवहरू भोकभोकै आएने भएका छन् । यसरी नै थलचरमा रहने सबै खाले किरा फट्याङ्ग्रा, मुसा, कुकुर, बिरालो, बाघ, भालु, सिंह, चितुवा लगायतका मांसाहारी जनावर, पक्षीहरूमा चील, गीद्ध, काग, बाज लगायतका हुलका हुल विनासको मुल फुट्ने गरी कुखुराका चल्ला, हाँसका टिउरा रहन नदिने गरी निमन्त्रणा मान्न तम्तयार भएर आउन लागेको कुरा समाचार बनाएर भयागुतोलाई प्रशारण तथा वाचनकालागि पठाएको छु ।

यस्तो अजिव अजर र अमर निमन्त्रणा यो विश्वमा अरू कसैले नपठाउने भएकोले प्रष्ट रूपले नेपाली भूमिमा आमाको लाम्टो चुसेर खोक्रो पार्ने, बाउको घुँडो चुसेर मन सन्तोष पार्ने अति नै मति भ्रष्ट भएका खर्ब अर्ब पतिले पनि यो निमन्त्रणामा मुन्टो टेकेर मुन्टिन सक्नु हुन्छ । यतिमात्र होइन राजनीतिका हावाले छोएका , राजनीतिकै कारण पथ भ्रष्टभै अख्तियारले तानेका र हाल बिग्रेर बसेका, प्रशासनिक क्षेत्रमा दामकमाएर नाम बेचेका अख्तियारको फन्दामा फँसेका, हर तरहले कमाउन घुँडा धसेका वा सम्पति कमाउनकैलागि खरानी घसेका, आफन्त दाजुभाइ यष्टमित्रलाई तिरसकारगरेका तर पतिले पत्निलाई र पत्निले पतिलाई तिरस्कार गरेका सम्बन्ध बिच्छेद गरेकालाई भने यो निमन्त्रणा स्वीकार गरे अमान्य हुनेछ ।

सोझासाझा दायाँ बायाँ गर्न नजान्ने, इमान्दार, कर्तव्यनिष्ठ कर्मचारी, प्रशासकले पनि यो निकन्त्रणा अमान्य ठान्नु होला । झूठ बोल्ने, छलछाम गर्ने, बेइमानी प्रदर्शनमा अग्रगामी छलाङ मार्न सक्ने, कालोलाई सेतो पार्न जादु मन्तर जान्ने, मौका परे दर्जनौ मानिस एकैपटक हान्ने र इँटा भट्टामा पोल्ने अनि मैले होइन भन्ने । नेतृत्वले पनि झुठो आरोपमा फँसाउन पाइन्न भनेर अडान लिन सक्नेलाई यो निमन्त्रणाले आकर्षित गर्न सक्ने छ । नियम कानून मिचेर, आफूभन्दा तलकालाई थिचेर किचेर पिसेर अघि बढ्न सक्नेले यो निमन्त्रणालाई स्वीकार गरेर मुन्टिदा काइदाको फाइदा लिने छन् । व्यक्तित्व विकास, जागिर, राजनीतमा बढुवा हुने भएकोले भ्रष्ट चरित्र निर्माणकालागि यो निमन्त्रणा गरेको व्यहोरा जानकारी गराउँछु । देशको भ्रष्टपति भ्रष्टपाल जस्तो महत्वपूर्ण पदवी धारणकालागि पनि यो निमन्त्रणा थप फलदायक तथा कार्यसम्पादन मुल्याङ्कनकालागि सहयोगी मात्र होइन बढुवामा विशेषज्ञता वापतको विशेष नम्बर समेत प्राप्त हुनेछ । आनुस मेरो निमन्त्रणा स्वकिार गर्नुस् र भोलि नै मालामाल बन्नुस् ।


# यो विज्ञापन होइन

**आदरणीय स्रष्टा महानुभावहरू ! भैरव पुरस्कार गुठीले हास्यव्यङ्ग्य क्षेत्रमा कलम चलाईरहनु स्रष्टाहरूलाई भैरव पुरस्कार तथा भैरव नवप्रतिभा पुरस्कारद्वारा सम्मान गर्दै आएको छ । तसर्थ सो पुरस्कारका निम्ति यहाँहरूलाई आ–आफ्ना कृति यो संस्थालाई उपलब्ध गराईदिनहुन हार्दिक अनुरोध गर्दछौँ ।**

**सचिव**
**वसन्त रिजाल ९८५१२१३९१४**
**तथा भैरव पुरस्कार गुठी परिवार**
जोरपाटी काठमाडौँ

# भूतपूर्वकमान्डर



• क्षितिज मगर

पुरनछेडाको धुरीबाट बिहानी बोकेर उदाउने सूर्य दिनभरि प्रकाश छरेर साँझ पश्चिमको अनन्त आकाशभित्र हाम फाल्छ । उही नियमबद्धतामा बाँधिएर चल्छ, घोराही बजार । जसरी घाम उदाउँछ अस्ताउँछ ।

'ट्न नङ् नङ्'- साधारण नोकिया फोनको रिङटोन बज्छ, उदयको । सिमेन्ट र बालुवाले मैलिएको पाइन्ट, अझ भनौं अस्थाई शिबिरभित्र बस्दाखेरिको फौजी ड्रेसको मैलो पाइन्टबाट फोन निकालेर कानमा थाप्छन् । कुनै चिरपरिचित स्वर थियो, आफूजस्तै अवकाशमा आएका उहिलेको कमान्डरको- "अरे यार, उदयजी कता हो ? के छ ?"

कामबाट छुट्टी लिनु र फोन आउनु- एकैपटक भयो ।

"सलाम, ठिकै छ सर ।"

"के हो यार ? सम्झनु पनि छैन, फोन पनि छैन ।"- भूतपूर्व कमान्डर बोल्दै थियो ।

"के गर्नु सर, हात मुख जोड्नै पर्‍यो ।"

"आज सँगै जमाउने हैन त हात मुख जोड्ने ।"- अर्कै अर्थ्यायो कमान्डरले ।

उदय अक्मकिए एकछिन । जाऊँ कि नजाऊँको दोधारमा ।

फेरि भूतपूर्व कमान्डर बोल्यो- "हाम्रो माया लाग्दैन र ? आज नभेटी हुन्न ।"

फोनबाटै तय गरियो भेट्ने ठाउँको । व्यस्त बजारको तुलसीपुर चोकनेरको कुनै नास्ता पसल । उदयले साइकलमा पाइदल मार्छन् । निर्धारित स्थानतिर ।

फोनबाट बोलाएको पाँच मिनेटमा आइपुग्छन् रविलाल पनि । रविलाल उनको गाउँको नजिकको नातेदार । उनी पनि उदय जस्तै स्वैच्छिक अवकाशमा निस्केपछि सानो तरकारी पसल गर्दथे, ढ्याप्लीमा । उनीहरूले आफ्नो जन्मभूमि रोल्पाको जेलबाङ छाडेको करिब डेढ दशक भइसक्यो । भर्खरै सात कक्षा पढ्दै गर्दा दिनदिनै पुलिसले चौकीमा लगेर कुट्न थाल्यो । माओवादीका सुराकी भनेर घर बस्नै दिएन । अब उनीहरूलाई नक्कली मुठभेदमा गोली हान्ने योजना थाहा पाएपछि स्कुलबाटै भागेर माओवादीको सम्पर्कमा पुगेका थिए । बन्दुक बोकेर सँगै जीवनमरणको लडाई लडेका

थिए । धन्न उनीहरूको ज्यान चाहिँ बच्यो । संयोगवश क्यान्टोन्मेन्टबाट पनि निस्किए सँगसँगै नै ।

करिब दश मिनेटपछि सुकिलो ज्याकेट लगाएको कमान्डर आइपुग्यो । घुरूर्र मोटरसाइकल गुडाउँदै, हौसिँदै । ह्याल्मेट निकाल्यो र मुखमा चपाउँदै गरेको पुकारलाई लापरवाहीपूर्वक सडकपेटीमा थुक्यो । कुनै विजयी योद्धाको मुस्कानझैँ मुख खोलेर ऊ मुस्कुरायो– पुकारले रङ्गिएका राता दाँत देखाउँदै । यसै बेला कतैबाट फोन आयो । आइफोनको नयाँ ग्याजेट निकाल्यो । स्क्रिनमा औँलाले स्याट्ट दायाँतिर धकेलेर फोन उठायो– "म बैठकमा छु, ल ल... त्यो माल आज जसरी भए पनि पास गर्नु ।"

फोन कटायो । हात बढायो उसले ।

मिलाए, भिन्नता थियो, उहिले र अहिलेको हात मिलानमा, अभिवादनमा, मान सम्मानमा ।

"भाइहरूको मायाले कस्तो नियास्रो लाग्छ अचेल ।"– भूमिका बाँध्यो उसले । कृतिम सद्भावपूर्ण बोली थियो– "के लिने हो ? ल, जे खान मन छ, म छु आज ।" होटलको कामदारलाई बोलाएर आदेशात्मक शैलीमा अह्रायो– "ए भाइ, रोयल स्टेज लेऊ, फुल पेगमा है, अनि सुन त, मटनको भुटुवा एकेक प्लेट ।"

खाऔँ कि नखाऔँ । बसूँ कि नबसूँ । अप्ठ्यारो मोडको चढाइ जस्तो लागिरहेथ्यो, उदय र रविलाललाई । अपरिभाषित एक असमन्जस्यता व्याप्त थियो । उतिखेरको आदर्श, विचार, संस्कार र संस्कृति सिकाउने कमान्डर आज बिल्कुलै फरक देखिएका थिए ।

कमान्डरले सोध्यो– हालखबर, सञ्चो विसञ्चो, घरपरिवार, कामकाजकाबारे ।

"अहिलेसम्म बाँचिएकै छ क्यारे, जे होस् चलेकै छ भनम् ।"– दुबै जनाको सामूहिक उत्तर ।

कुराकानीका धेरै प्रसङ्गपछि ऊ अथवा कमान्डर बोल्दै थियो– "केजातिका देशाँ एउटा आँखा चिम्लनु, केजातिका देशाँ खुट्टा खोच्याउनु भन्ने उखानअनुसार चल्नुपर्छ क्या ।" ऊ केही मुस्कुरायो– "छ नि, उहिलेको हाम्रो सिद्धान्त, ठोस परिस्थितिको ठोस विश्लेषण । अथवा, समयलाई चिन्नु, तिम्लाई समयले कहिल्यै चिन्दैन, मौका एक फेरा आउँछ, बारबार आउँदैन ।"

स्वीकारोक्तिमा मुन्टो हल्लाउनुभन्दा केही उपाय थिएन, उदय र रविलाललाई । के बोल्नु, के नबोल्नु ?

अरू प्लेट र गिलासहरू रित्तिँदै गए, गफको रफ्तार जस्तै ।

एकपछि अर्को रोयल स्टेजका बोटलहरू पनि थपिँदै गए, उनीहरूको वाद-संवाद थपिए जस्तै ।

उहिलेको 'रोलकल'मा जस्तै प्रशिक्षणको स्तर पनि बढ्दै गयो, कमान्डरको ।

तातोपनाको रमरम पनि भरिँदै गयो सबैका दिमागभित्र । हाँसो ठट्टाका बाटो भएर यथार्थता पनि अभिव्यक्त हुन थाल्यो । जीवन– भोगाइका । इतिहास– लडाइँका । भावना– विचारका ।

अब दुखम् सुखमका भन्दा पनि

कमान्डरका आडम्बरी, वैभवपूर्ण बोली र रवाफिलो तर्कले त्यहाँ पनि कमान्ड सम्हाल्न पुग्यो ।

जिब्राले उसको सभ्यताको धर्मीय बाटो छाडिसकेको थियो । गिलासलाई एकघुत्कोमा रित्याएर ऊ अभिनयपूर्वक बोल्न थाल्यो– "सबै कुरा पैसा हो पैसा, तँसित पैसा छ आफन्त छन्, पैसा छैन सब चीज छैनन् ।"

कमान्डर 'तिमी'बाट 'तँ'मा झरिसकेको हुन्छ । अथवा रक्सीको अदृश्य जादुले उसलाई अहमतातिर धकेलिरहेको हुन्छ । दम्भको भूत सवार भइसकेको हुन्छ ऊमा ।

"तर हामी त जे थियौँ उही छौँ सर ।"– उदयको यो कुरा नटुङ्गिँदै बिचमै कमान्डरले 'हाइज्याक' अथवा 'ओभरट्याक' गरिसक्यो– "तँ मुलासाकले कुरो बुझ्दैनस, हाम्ले यत्रो बिल्डिङ ठडाको तेरो जस्तो बुद्धिले हो र ? पैसा त्यसै आउन्न, विवेकले आउँछ । जिउँदो बाघको जुँगा त्यसै कहाँ उखेलिन्छ र ?"

उदयको ओँठमा फिसिक्क हाँसो कोरिन्छि, पराजित हाँसो । अब कमान्डरसँग बोल्नु भनेको टोक्ने कुकुरलाई हात दिए जस्तै हुन थालिसकेको थियो । निर्वाध उसलाई बोल्न दिनु नै जाती ।

वश बाहिरको ओँठलाई अप्ठ्यारो पारामा मिलाउँदै कमान्डरको जिब्रो लरबरायो– "उहिले पार्टीको एक किल्लो सुन त्यसै मेरो पोल्टामा 'ड्रम्प' भाको हो र ? विवेक र तार्किक तथ्यले पो भाको नि त । कला चाहिन्छ क्या ।"

"ए ! बाघको जुँगा त्यस्तो पो हुँदो रैछ । हामी त आदर्श छाड्न सकेनौँ, गरेनौँ ।"– उदय बोले । फेरि कमान्डरलाई उक्सायो– "तपाईलाई त यस्ता बाघका जुँगा कति फेला परे परे है सर !"

रविलालले उदयलाई भित्रभित्रै चिमुट्यो, नबोल भन्ने भावमा ।

"भाग्यमानीको भूतै कमारो"– ऊ हौसियो । बोटलबाट गिलासमा भरेर एक चुस्की लियो र जिब्रोलाई लतार्दै बोल्यो– "तर मलाई तेरो बुद्धि हेरी दया लाग्छ, तेरो त्यै आदर्शले तँ मजदुरी गर्छस् नि, महान् मजदुर ।" ऊ खितखित हाँस्यो– "आदर्शले पेट भरिन्न भाइ । यसो केही गरिहाल्नुपर्छ, उहिले कब्जा गरिएका चीज पार्टीलाई बुझाउने कुरो कहिल्यै लागु गरिन म । कब्जा त जहाँ पनि हुन्थ्यो नि, बैंक, सामन्तीका घर, पुलिस चौकी ।" आफूभन्दा बिल्कुलै बाहिरको लिकमा गुडिरहेको थियो उसको कुराको रेल । तर ऊ पुरापुर सत्य भनिरहेको थियो– "डिभिजनको यार्शागुम्बा बटुल्न बुकीमा गइयो, सात लाख रूपियाँ प्रतिकिलोलाई नौ लाख भनियो, कुनै बिल थिएन क्यारे । दश किलो खरिद गरियो, त्यसमा पनि दुई किलो लुटिएँ भन्ने रिपोर्ट गरियो, सब साम्य ।"

उसले आफ्ना पौरखपूर्ण योजनाका सफलता निर्धक्कसँग गुनगुनाइरहेको थियो– "डिभिजनका एक चौथाइ मान्छे भागिसकेका थिए, तिनका तलब र रसदपानी पार्टीलाई बुझाउनु पर्ने । के यत्रा पार्टीले मात्र खाने ? हाम्रो हक छैन ? बिलमा सब हिसाब फर्स्योट । स्थानीय शिविर व्यवस्थापनका हाकिमलाई प्रत्येक महिना लाखका

बिटाले मुख बुजिदिएपछि सब भर्पाई मिलान भैहाल्थ्यो अनि आफूभित्रको पार्टीलाई पनि किन नबुझ्ाउने ?"- ऊ अट्टाहाँस हाँस्यो, अथवा ऊभित्रको रोयल स्टेज हाँस्यो- "हा हा हा ।"

'उहिले रेडमा सेना पुलिसलाई कुच्याएझैँ मर्मत गरूँ कि कसो ?' उदयको मनमा घृणा, आक्रोश र रिस एकैपटक उर्लन्छ । मनमनै सम्हाल्छन् आफूलाई । किन भने उनलाई परिवार र आफ्नो जिन्दगीका बाध्यतालाई धकेल्ने विवशता थियो । स्वाभाविकतामा सहज बोली बोल्छन्- "दुबै हातमा लड्डु है सर ।"

"तैले पनि आँट गर न, दुई नम्बरी लिङ्कमा जोड्दिन्छु । रातारात मालामाल ...।"- अनियन्त्रित बोली थियो कमान्डरको ।

"हैन सर म जहाँ छु त्यहीँ रमाइलो छ ।"

"के जातिलाई दुध भात पच्तैन भन्छन् ।"- केही हाँस्छ, उपेक्षापूर्ण हाँसो । बोल्छ- "हेर, अस्ति बहुलाएका असईका कथा सुनेछस् ?" ऊ अब आफ्नो मात्र नभई अरूको पनि पोल खोल्न थाल्यो, बहुलाएको असई सा'ब जस्तै गरेर- "रूकुममा एक जना आरबिएम समातिए, उनी पचास लाख बोकेर क्षेत्रीय ब्युरो कार्यालय जाँदै थिए, अर्को दिनको समाचारमा त्यो मान्छे मुठभेडमा मारिएको खबर आयो तर पचास लाखको खबर आएन । त्यो चौकीको इन्चार्ज त्यही असई त थिए नि । फेरि रिटायर्ड हुनु भन्दा एक महिना पहिले बाँकेमा चार क्विन्टल गाँजा पकडियो । आधा घण्टा नबित्दै कुनै ठाउँबाट फोन आयो रे । लाखौँको बार्गेनिङ् भो रे । अर्को दिन कहीँ कोही पनि नपकडिएको खबर आयो । प्रमुख उनै असई थिए । अहिले देखिस्, कत्रो घर हालेका छन् ?"

"तर त्यसै कुराले उसको दिमाग उड्दैछ नि"- उदयको तर्क थियो ।

"त्यो त कम्जोर मानसिकता हुनेहरूको कुरा हो ।"- कमान्डरले आफ्नो तर्कलाई यसपटक पनि उपल्लो कमान्डमै राख्न खोज्छ ।

यस्ता विषयले करिब दुई घण्टा नाघ्यो । सडकमा गाडी र मान्छे पातलिए । लोडसेडिङ पनि आएन आज ।

कमान्डर बाहिर निस्कियो । ख्याक ख्याक बान्ता गर्न थाल्यो ।

निकै लामो बेरसम्म फोनमा गुनगुनायो । बोलीबाट स्पष्ट हुन्थ्यो, त्यो संवाद कुनै परस्त्रीसँगको थियो । चाँजोपाँजो हुँदै थियो रात्रीभेटको ।

कोही मान्छे आइपुगे, उसले फोन गरेपछि । कमान्डर हटारियो- "ल है भाइहरू, फेरि भेटम्ला, इमर्जेन्सी काम पऱ्यो क्या ।"

छिटो छिटो हात मिलायो, औपचारिकतामा ।

भर्खर आएको नयाँ मान्छेले मोटरसाइकल स्टार्ट गरेर उसलाई कुदाइहाल्यो ।

'म छु आज' भन्ने कमान्डरले नतिरेर भागेपछि उदय र रविलालले काउन्टरमा गई हिसाब गरे । साढे पाँच हजार पुगेछ । उदय पसिनाको

गन्धले बास गरेको आफ्नो खल्ती छाम्छन् । ठेला परेर चर्चरी फुटेका उनका हत्केलामा पाँच सयको फुस्रो नोट आउँछ । जिल्ल पर्छन् । मर्मुरिन्छन्, धोकेवाज कमान्डरप्रति । र, आफैप्रति पनि । क्यान्टोन्मेन्टमा जस्तै गरी यहाँ पनि दोस्रोपटक फेरि धोका खानु पर्‍यो ।

तीन हजारभन्दा बढी निस्केन रविलाललको गोजीमा पनि । साइकलमा छिटछिटो पाइडल मारेर डेरा जान्छन् र यस महिनाको तलब राखिएको बाकसबाट निकालेर उही ठाउँ पुग्छ, जहाँ आज ऊ र उसको पसिनाको अवमूल्यन भएको थियो ।

दुबै मिलेर हिसाब मिलान गरे ।

यो घटना भएको एक महिनापछि दुबै जना घर गए । जेलबाङ सिमानामा नयाँ गेट बनेको रहेछ, अमर सहिदका नाममा । दुबै भावबिभोर भए केही बेर त । शिर निहुराए श्रद्धापूर्वक । मातृभूमिले उनीहरूलाई स्वागत गरेझैँ लाग्यो । खोलीको बयालीले निधारमा मिठो चुम्बन दियो, जन्मभूमिको सुवास बोकेर, प्रेम बोकेर ।

केही दिन बित्यो गाउँघरमा ।

कमान्डरसँगको भेट, उसको अभिव्यक्ति, उसको क्रियाकलापबारे मास्टरलाई सुनाउने निधो गर्छन् । उही मास्टर, गाउँको खम्बा । उनीहरूको आदर्शको बिम्ब । समाजका गुरू, अगुवा । मनको आगो त्यहीँ निभाउने प्रयासमा सारा वृतान्त सुनाउँछन् ।

शान्त मुद्रामा मास्टर बोलिरहेका थिए ।

"जब मान्छे बहुलाउँछ, उसको जीवनका सत्य कुरा लुकाउनै सक्दैन । रक्सीको नशा लाग्नु पनि एक प्रकारको बहुलाउनु नै हो । यस बेला पनि उसका मनभित्र कुण्ठित सत्य कुरा ओकल्छ । मान्छेका गोप्य कुरा पनि यतिखेर खोल्छ ।"- माथिको जलजला जस्तै उच्च र निर्भिकझैँ लाग्ने उनका नेपाली टोपीलाई दुबै हत्केलाका औँलाले मिलाउँदै फेरि भन्छन्- "जब मान्छे आदर्शबाट चिप्लन्छ, ऊभित्रको विचार मर्छ । यसपछि ऊ यति बेइमान र धूर्त हुन्छ कि जे गर्न पनि तयार बन्छ । बिडम्बना ! हामी जनता यस्तै बेइमानहरूबाट ठगिएका छौँ । देश र जनतालाई दिएका आशा तिलाञ्जली दिँदै अहिले हाम्रा नेताहरू पनि त्यो रक्सी खाने फटाहा कमान्डर जस्तै राजनीति पिएर लट्ठिएका छन्, बहुलाएका छन् । साँच्चै हामीलाई धोका दिएका छन् । उनका यी बेइमानीबारे हामीले सधैँ खबरदारी गर्नुपर्छ । गलत कुकृत्यका सब पोल दुनियाँको सामु खोलिदिनुपर्छ । हामी कुनै हालतमा निराश हुनुहुन्न । सभ्य, समृद्ध र समुन्नत समाज हाम्रो पवित्र चाहना हो ।"

ठुला नाकमाथि राखिएका पावरवाला चस्मा दायाँ हातका चोर औँला र बुढी औलाले मिलाएर मास्टर फेरि पनि बोलिरहे । ओठमाथि बसेका पातला तर उमेर खाएका उनका जुँगा धेरै बेरसम्म चलिरह्यो । धाराप्रवाहित उनका कुरा उदय र रविलालले सुनिरहे ।

सुल्कबाङ् र नयबाङ्को दोभाननेर खोला सुसाएको बिरसिलो आवाज आउँछ- "स्वाँऽऽऽ ।"

*— लोहासुर १० दाङ्*

# अपराध र अपराधी



• मधुवन पौडेल

नयाँप्रहरी अधिकारी पहिलो अपरेसन सकेर आफ्नो सिटमा बस्न पनिभ्याएकाथिएनन्, फोनको घण्टी बज्नथाल्यो ।

'ए ! तपाइँले त हाम्रो पार्टीको कार्यकर्तालाई बिनासित्ति थुन्नुभएछ । छाडिदिनोस्, नत्र तपाइँ नयाँ मान्छे भोलि नै हिँड्नुपर्ला फेरि !'

'हिँडने बस्ने त भइरहन्छ, तर उसले जघन्य अपराध गरेको छ, छोड्न मिल्दैन ।'उनले अरू केही नभनी फोन राखिदिए ।

अर्कोतिर !

'ए... त्यल्ले मलाई नटेर्ने ?पख्लास् ? नेताजीलाई भाउन्न भएर आयो । उनले तुरुन्तै अर्कोतिर फोन लगाए ।

'हेलो !... म बोलेको । के राजनीतिगर्नु अब ? कुनै कर्मचारीले टेर्ने होइनन् । आज केहीनगरी मेरो कार्यकर्तालाई थुनेछन् । फोन गर्दा कुरै नसुनी राखिदिए, उल्टो हप्काएपनि ! मेरो जस्तो ठाउँमा पनि तेस्तालाई खटाउने हो ? सरूवा गरिदिनोस्,तुरुन्त । नत्र राम्रो हुन्न ! होस् गर्नुस् । चुनाव आउँदैछ ।'

'भयो के ?भन्नुस्न त !'

अर्कोतर्फ नेतजीले अरू केही नबोली फोन राखिसकेका थिए ।

प्रहरी कहाँ फेरि घण्टी बज्यो ।

'हैन तपाईंले आउनासाथ हाम्रा मान्छे थुन्नुभएछ, तुरुन्त छोडिदिनोस् त ।'

'उसलाई छोड्न मिल्दैन सर ! ऊ त ठुलै अपराधी हो । यसपाला त उसले कलेजभित्र पसेर एउटी छात्रालाई लछारपछार समेत गरेछ ।'

'मलाई केही थाहा छैन, छाड्नु भएन भने तपाईंले त्यो ठाउँ छोड्नुपर्छ ।'


'मलाई त्यही मञ्जुर छ सर ।'

चार घण्टापछि प्रहरी अधिकारीलाई सरूवा पूर्जी आयो । निन्याउरो मुखलगाएर उनी नयाँ अफिसबाट बिदा भए ।

धम्कीको भरमा प्रहरीलाई सरूवा गराउन सकेको नेताजीको खुट्टा भुईंमा थिएन । ठुलै लडाईं जितेको मनस्थितिमा उनी घर फर्के । घरभित्र पस्नासाथ श्रीमती कुर्लिन्- 'आजै ढिला गर्ने हजुरले पनि ? विचरी छोरीलाई एउटा गुण्डाले कलेजभित्रै पसेर लछारपछार पारेछ । तै एकजना राम्रो पुलिस अफिसर आइपुगेका`रेछ भर्खरै, र उसलाई पक्रेर लगेछ । तेस्तालाई त दशवर्ष सडाउनु पर्ने जेलमा ।'

नेताजी स्तब्ध भए । उनको कानामा बिहानमात्र थानाको प्रहरी अधिकारीले भनेको आवाज घन्किरहेको थियो - ' आउने जाने त भइरहन्छ ।'

# नोक्सान



● अरूण खत्री 'नदी'

कार्यालयबाट घर फर्केर खाजा खाएपछि म र मेरी श्रीमती सुकेको खुर्सानी पिन्न गयौँ। मसला पिन्ने पसलमा पुगेपछि खुर्सानी पिन्न साहुनीलाई दिए। साहुनीले खुर्सानी जोखिन् । छ सय ग्रामको रहेछ खुर्सानी ।

"खुर्सानी पिनेको कति लिनु हुन्छ ?" मैले भने । साहुनीले "एक किलो खुर्सानी पिनेको तीस रूपैयाँ लिन्छु तपाईको खुर्सानीको पच्चीस रूपैँया हुन्छ" भनिन् । मैले ल्याएको खुर्सानीको बिस रूपैयाँभन्दा बढी हुँदैन म साहुनीलाई बीस रूपैयाँ दिन्छु मैले भने । "पच्चीस रूपैयाँ घटीमा हुँदैन" साहुनीले भनिन् ।

"साहुनी गणित विषयमा पास हुनुभएको रहेनछ साहुनीले हिसाब गर्नै जान्नु हुँदो रहेनछ" मैले हाँसेर भने । "मैले तपाईहरूले जस्तो धेरै पढेको छैन त्यसैले मैले हिसाब गर्न नजानेको हुला" साहुनीले भनिन् । "एक किलो खुर्सानी पिनेको तपाईले तीस रूपैयाँ लिनुहुन्छ भने छ सय ग्राम खुर्सानी पिनेको अठार रूपैयाँ हुन जान्छ मैले अठार रूपैयाँमा दुई रूपैयाँ थपेर बीस रूपैयाँ दिन्छु भन्दा साहुनीले किन मान्नु भएन नि ?" मैले भने । खुर्सानी पिन्दा पिरोको राग आउँछ र पिन्न गाह्रो हुन्छ नि त साहुनीले भनिन् ।

तपाईले खुर्सानी कतिमा किन्नुभयो नि साहुनीले भनिन् । मैले किलोको दुईसय असीको दरले किनेको हुँ भने । मेरो पसलमा किन्नु भएको भए दुईसय चालिसमा दिन्थे तपाईले चालिस रूपैयाँ बढी तिरेर किन्नुभएछ साहुनीले भनिन् । खुर्सानी मैले आज बिहान तरकारी पसलबाट किनेर घर लगेर सुकाएर ल्याएको हुँ आज मलाई खुर्सानी किन्दा र खुर्सानी पिन्दा दुबै ठाउँमा नोक्सान भयो आज मेरो राशीफलमा खर्च बढी भनेको हुनुपर्छ" मैले भन्न पुगे। केही दिनपछि मेरो घर नजिकैको अर्को मसला पिन्ने पसलमा पुगे । खुर्सानी एककिलो पिनेको साहुजीले कति लिनुहुन्छ ? भने। बीस रूपैयाँसाहुजीले भने । मैले मनमनै अस्ति खुर्सानी नजिकैको पसलमा पिन्न छाडेर टाढाको पसलमा पिन्न पुगे खुर्सानी पिन्न गएको पसलको साहुनीले मलाई ठग्नुभएछ नि भन्न पुगे ।

# जुक्ति



• प्रा.डा. कपिल लामिछाने

मान्छे बनाएपछि बनाएको मान्छेले ईश्वरसँग निरन्तर थप मान्छेको माग गरिरह्यो । यता चाहियो । उतापनिचाहियो ।

उनी नियमित रूपमा काममा खटिइरहे । फेरि पनि मागको अनुपातमा आपूर्ति हुन सकेन ।

उनी ओभर टाइम गर्न थाले । चौबीसै घण्टा काममा जोतिइ रहे । परन्तु मान्छेको मागबमोजिम मान्छेको आपूर्ति हुन सकेन ।

'होइन कस्तो प्राणी बनाएछु । सन्तोष गर्नै जान्दैन ।' उनी चिन्तातुर भए । काममा खट्दाखट्दा हैरान भए ।

लगातार काममा खटिरहँदा उनी काम गर्नै नसक्ने गरी थलिए, तर पनि मागमा कमी आएन । यता पठाइ देऊ । उता पनि पठाइ देऊ ।

'कताकता पठाइ दिऊँ ।' उनी आजित भए । जति गर्दा पनि नभए पछि ईश्वर एकाएक ध्यान मग्न भए । अकस्मात् उनलाई एक जुक्ति सुझ्यो ।

उनी सकीनसकी पुनःकाममा संलग्न भए अनि सुझेको जुक्ति अनुरूप उनले मान्छे नबनाएर मान्छे जस्तै स्त्री र पुरूष बनाई पठाइ दिए । त्यसपछि भने यस्तो कामबाट उनले सधैँकालागि मुक्ति पाए । 'के मुक्तिपाए?' अकस्मात् म बर्बराउँदै जागेँ ।

*– भैरहवा, रूपन्देही*

# टिपाइ

• युवराज मैनाली



नारायण हर कुरा टिप्ने खालको थियो । सानैदेखि बोली टिप्यो । राम्रा नराम्रा चाली टिप्यो । अल्लि ठुलो पछि बाटामा फालिएका केही कुरा टिप्ने भयो । तर, विद्यालयमा अक्षर टिप्दै टिपेन ।

यसको साटो साथीभाइका कलमदेखि ब्यागभित्रका मन पर्ने सामान टिप्दै ऊ स्कुल निकाला पो भयो ।

यो टापटिपे बानी छुटाउन उसका ठुला परिवारजनले भरमग्दुर प्रयत्न गरे । बरू उनीहरू नै कालको टिपाइमा परे- उसको टापटिपे बानी छुटाउन सकेनन् ।

त्यही नारायणले एकदिन घर छोडिदियो घरकै केही नगद टिपेर ।

सुनिन्छ- हिजोआज गाउँसहर टिप्दै छ र ऊ नेता भएर ।

# चुच्चे नक्शा



● रामकुमार पण्डित क्षेत्री

मुमारामले विगतलाई सम्भियो एक्कासी । विद्यालयमा नेपालको नक्शा बनाउन प्रधानाध्यापकले सिकाएको क्षण कल्पियो । मनमनै गुरूले भनेजस्तै गरी फेरि एकपटक नक्शा बनायो । कक्षामा सबैभन्दा राम्रो नक्शा बनाएको भनेर स्याबासी पाएको सुनौलो क्षण सम्भेर रमायो ।

तत्पश्चात् इतिहास शिक्षकको कक्षा सम्भियो । पृथ्वीनारायण, अमर सिंह, बहादुर शाहजस्ता योद्धाहरूलाई सम्भिएर मनमनै नमन गऱ्यो । अकस्मात् १९५० को असमान सन्धी बारे कुनै पत्रिकामा पढेको कुरा दिमागमा खेल्यो ।

भन्यो- "विश्व थर्काउने हाम्रा वीर पुर्खाहरूले यस्तो असमान सन्धीलाई कसरी सहे होलान् ? जे कुरामा नि भारतलाई रिभाउनु पर्ने कस्तो सन्धी हो ? अनि यस्तो कुरा किन विद्यार्थीलाई बताइन्न ? किन कुनै पनि पार्टीले यो विषयमा कुरा भिक्ने आँटसम्म नि गर्दैन ? सायद जित्नेले इतिहास लेख्छ भन्थे, यो देशले जित्नै बाँकी होला ।"

उसलाई भसङ्गै पार्ने गरी अर्को कोठाबाट छोरी ऊ नजिकै आइपुगी । उसले भनी-"बाबा, आज हामीले नेपालको नक्शा बनाउन सिकेको । हजुरलाई आउँछ ?" छोरीलाई "आउँछ" भनेर जवाफ दियो । तुरून्तै बनाएर देखाउन छोरीले आग्रह गरी । कापी कलम दराजबाट भिकेर पाँच मिनेट भित्रै नक्शा बनाएर देखायो । त्यो नक्शा हेरेर उफ्रदै छोरीले भनिन्: "बाबालाई आएन । बाबालाई आएन ।" त्यो सुनेर जङ्गिँदै मुमारामले भन्यो: "के आएन ? के मिलेन ?" त्यसपछि छोरीले हाँस्दै भनिन् :

"अहिले नक्शामा लिम्पियाधुराको चुच्चे भाग जोडेको छ । त्यो बनाउन हजुरलाई आएन । उहिलेको नक्शा खुइलियो ।"

*– बौद्ध सिमलटार, काठमाडौ*

# थारू के उत्पत्ति आ ओकर भासा



● हृदय नारायण चौधरी थारु

थारूके उत्पत्ति के बारेमे अनेक बिद्वान लोग अपन अपन मत अपने किसिम से देलख, लेकिन उ सबके पर्मान ना जुटल। थारूये के एगो महान सपूत भूतपूर्व महान्यायाधिवक्ता श्री रमानन्द प्रसाद सिंह जी के खोजी कयेल परमान के केहू काटे ना सकल। जओन भगवान बुद्ध से जोडल बाटे। भगवान बुद्ध जब बुद्धत्व पराप्त कके धरम परचार करइत कपिलबस्तु आयेल आ धरम परचार कके लओटे लागल त सारा कपिलबस्तु बासी ओकरे सङे जाये ला तइयार भे गेल। भगवान बुद्ध अइसनका अवस्था देखके उमे से कुछे जना के अपना सङे ले जाए ला तइयार भेलख। जेकरा के "स्थवीर" के उपाधी देलख आ बकिया के "स्थारू" कहके रोक देलख। इहे "स्थारू" पाछे "थारू" बनल।

आब हम ओकर देल परमान के छोडके हम अपन खोजल परमानसब से पुस्टी करे जाइतारी कि थारू बुद्धे भगवान के परिवार बाटे। पहिलका परमान ई बाटे कि थारू जाति दु भाग में बँटायेल बाटे (क) महरसिया (महर्षि) अरथात् सूरजाहा जेकरा के बरनहा कहल जाइए। भगवान सूर्यवंशी बाटे, इक्ष्वाकुवंशी बाटे, शाक्य वंशी बाटे। उहेसे सूरजाहा भेल। भगवान बुद्ध महरसि बाटे। उहेसे महरसिया भेल। एकरा सुगर दारू ना चलइए। उहेसे ई बरनाहा बाटे। (ख) कलियाहा थारू जेकरा सुगर दारू चलइए। उहेसे एकरा के सुगराहा कहल जाइए। से काहे त भगवान बुद्ध के अन्तिम भोजन चुन्द सोनार के भोजन बाटे। जओन "शुकरमदव" मातुरे अपने खयेलख आ बकिया के धरती में सोंपवा देलख। थारूओ समाज शुकरमदव के एके जगे एके छिपा (पाता के छिपा) में खाइए आ उबरल के धरती में सोंप देइए। एकरा के काली पूजा के नाम देलेबा, उहेसे इ कलियाहा सुगराहा थारू बाटे। काली के मतलब अन्हरिया अर्थात् अकुसल।

दोसरका परमान ई बाटे कि राजा शुद्धोधन "हलोत्सव पर्व" मनाइत रहे। तओन "हलोत्सव पर्ब" थारूसब "हरओंत" पूजाके रूपमें मनाइए। जओन बसन्त श्री पचई के दिन मनाइए।

तीसरका परमान ई बाटे कि जब भगवान बुद्ध बुद्धत्व पराप्ति ला राजपाट, बालबच्चा, बाप महतार आदि सबके तेयाग क देलख तब यशोधरो अपन राजसी पोसाक, खाना, बिस्तर आदि तेयाग के जोगिनी बनके रहे लागल। जंगल के कन्दमूल फल

खाये लागल । पति के इच्छा पूरा होखो कहके सील बरत के पालन करे लागल । तब राज के बियाहल जनीसब जसोधरा (यशोधरा) के मूरति बनाके "गउर" पबनी के नाम से जसोधरा के सेनूल पेन्हाये लागल । जओन मूरति एकेगो बेटा वाला बनाके पबनइतीन के तोपले झँापले देइए आ ओकनी के तोपले झँापले बिना देखले बरत करइए आ सेनूर पेन्हाइए । ई बिधी थारू के बियाहो में दुलहा अपन कनेया के तोपले झँापले सेनुर पेन्हाइए ।

चउथा परमान ई बाटे कि भगवान बुद्ध मेदिनी (पिरथबी) के "साखी" (साक्षी) देलेबा । जओन साखी थारूओ सब देइए ।

पँचवा परमान ई बाटे कि थारूसब बौद्ध के दाह संस्कार लेखा जरयेला के बाद राखी (साउर) के गोटिया के स्तुपा बना देइए, जब कि दोसर जाति में राखी के लदी मे परवाह क देइए ।

छठवा परमान ई बाटे कि भगवान बुद्धके पिपर के गाछी लगुन, अरथात् बोधि बिरिक्ख के निचा बुद्धत्व पराप्त भेल रहे जेकरा के थारूसब बढमा मानके बियाह में बढ्हमथान अरथात् पिपरके पाँच दफे परिकरमा करइए, जओन नियेम अउरू जाति में नइखे ।

सातवा परमान ई बाटे कि "गउर पबनी" मे पबनइतीन सब देवी यशोधरा के मूरति के बिना देखले सेनुर पेन्हाइए, काहे कि उ त सिङार पटार छोडके जोगीन के भेखमे रहे, उहे से थारू के बियाह में पाँच जना जनी दोवारा कनेया दुलहा के चादर ओढाके बेदी लगुन सेनुर परवाइए । जओन में महिना दिन पाँच सील के पालन करइए ।

आठवा परमान ई बाटे कि भगवान बुद्ध पर्किरती के पूजक रहे । पर्किरती के खुब निमनसे जनले बुझले रहे, उहेसे उ मेदिनी के साखी देले रहे । तइसने थारू जाति अपन घर मे माटी के तनीचुका स्तुपा बनाके ओकराके कुल देवी देओता मानके पूजा करइए । जइसे नेवार जाति अपन घर दुआरी मे स्तुपा बनाके पूजा करइए । आब भासा के ओरी आएल जाओ ।

**थारु भासा के उत्पति**

"थारू" सब्द के जलम बद्धदोवारा भेल बा त जरूरे ओकर कओनो न कओनो बोली भासा जरूरे रहल होई । बिना बोलले त केहू रहे ना सकी । बोली एगो माधेयम बाटे । जेकरा दोवारा अदमी (चाहे जिया जनावर, चिम्टी पिपरी पंछी आदि) अपन मनके भाओ, अपन मनके बिचार के बोलके, लिखके, पढके, इसारा कके दोसरा के बताइए, सम्झाइए काहे की (१) भासा संचारके पराथमिक बाहन बाटे । (२) भासा बेक्ति के बेक्तित्व आ समाज के संस्किरति के दरसाइए (३) भासा संस्किरति के बिकास कराइए । (४) कओनो बोली में जब साहित के रचना भेखे लगइए तब उ जाति, छेतर के बिकास भेखे लगइए । कओनो भासा के बिकास ला ई चार गो में से कओनो न कओनो बिधि के अपनाएके परइए, तब्बे जाके उ भासा के बिकास भेइए । भासा खातिर बोली के जरूरी परइए आ बोली अदमी के मुह से बकार बनके निकलइए । ई बोली के भासा बने खातिर ई चार गो बिधि बाटे –

**कओने बोली के भासा बने खातिर**

१) धारमिक सांस्किरतिक काम करइए ।

२) साहित के परचार परसार काम करइए ।

३) बेयाकरन के जरूरी परइए ।

४) राजकाज, परसासनिक काम करइए ।

ई चारू मेसे थारू जाति कओनो के अपनाए ना सकल, जेकरा चल्ते धारमिक, साँस्किरतिक अवस्था अपने भितर दबके रह गेल । थारू जाति अपन बोली के साहितिक रूप देवे ना सकल, जेकरा चल्ते परचार परसार भेखे ना सकल । थारू जाति अपन बोलीके बेयाकरन के रूप देवे ना सकल, जेकरा चल्ते आजू बिबाद में परल बाटे । थारू जाति अपन बोली के राजकारज मे परसासनिक कारज में लगाये ना सकल, जेकरा चल्ते आजू ई लोप भेल अवस्था मे. परल बा आ दोसर दोसर एकर भासा के अपन भासा के भासिका बताए के ना छोडले बाटे । इतिहास के इयाद कयेल जाओ कि जेतना भासा बा तओन सब भारोपीय-परिवार (भारोपेली परिवार) से आयेल बाटे । जओन अइसे बाटे ।

**भासा–उपभासा–बोली**

(भारोपीय/भारोपेली)

१) शौरसेनी/प्राकृत/अपभ्रंश
- (क) नेपाली
- (ख) चुरेटी

२) मागधी/पराकिरित/अपभ्रंश
- (क) भारतवर्ग
  - मैथिली
  - भोजपुरी
- (ख) नेपाल वर्ग
  - थारू
  - दनुवार
  - माभी

३) अर्द्धमागधी/प्राकृत/अपभ्रंस
- (क) भारतवर्ग
  - अवधी
- (ख) नेपालवर्ग
  - बोटे
  - दरई
  - कुमाले

**शौरसेनी**

(१) भारत के पछिमी हिन्दी शौरसेनी के रूप बाटे । जओन-दिल्ली, मेरठ, विजनौर, रामपुर, मुरादाबाद, मुजफ्फर नगर, देहरादुन के कुछ भाग सहारनपुर में बोलल जाइए । (२) ब्रज भासा-माथुरा, बृन्दाबन, आगरा में बोलल जाइए । (३) कुन्नौजी-कन्नौज में बोलल जाइए । (४) बुँदेली-छतपुर, बागरू, रोहतक, हरियाणा में बोलल जाइए ।

**मागधी**

(२) भारत के बिहारी हिन्दी मागधी के रूप बाटे । भोजपुरी (पुरूब, उत्तर, दक्खिन बिहार) (२) मगही-गया (३) मैथिली दरभंगा ।

(३) भारत के पूरबी हिन्दी अर्द्धमागधी के रूप बाटे । जओन लखनउ, बधेली, रीवा (म.प्र., उ.प्र.) छत्तीसगढ, रायपुर में बोलल जाइए ।

(१) शौरसेनी के पहाडी हिन्दी "खस" शौरसेनी अप्रभंश से परभावित बाटे- (१) कुल्लई-कुल्क, मनाली (२) गढवाली-टिहरी, गढवाल, उत्तराखन्ड (३) कुमाउनी—अल्मोडा, नैनीताल, नेपाल

ई मे से हमरा मागधी प्राकृत नेपालवर्ग के अपभ्रंस में के थारू, दनुवार, माभी में से थारू के बारेमें बात करेके बाटे–

ईसा पुरूब ५०० (पाँच सय) बरिस पहिले भगवान बुद्ध के नाम अवइए । भगवान बुद्ध दोवारा ५०० ई.पू. "स्थारू

(थारू) के उदय भेल । भगवान बुद्ध के भासा "पाली" बाटे । "पाली" उ समय के जनभासा अरथात् (ग्रामिण) गाँव के भासा रहे । इहे भासा में ओकर "त्रिपिटक" गरन्थ के निरमान भेल बाटे ।

बिद्वानसब के मत अनुसार "संस्कृत" देव भासा बाटे । जओन भासा में "अृग्वेद" (रिगवेद) ३५०० (साढे तीन हजार) बरिस ईशा पूर्व लिखायेल बाटे । जेकरा के "आर्य भाषा" कहल जाइए ।

पालि भासा के ५०० ई.पू. के पहिलका सताब्दी के सुरूवात तकला मानल गेल बा । पालि सब्द के पहिलका परजोग चउथा सदी में लंका में लिखित "दीपवंश" में पराप्त भेल बा । माने ई भासा के अरथ्मे ना बा । भासा के अरथ्में मगधी, मागधीक भासा के परजोग भेल बा । तब मागधी-प्राकृत-अपभ्रंश-नेपालवर्ग मे परल "थारू" के भासा ।

"थारू" सब्द भगवान बुद्धे के पाला में जलम ले लेले बाटे त ओकर भासा जरूरे भेई । "भगवान बुद्ध के मूल गेयान - "सब्बे सङखारा अनिच्चा ति", "सब्बे सङखारा दु:क्खाति" । अरथात् जेतना संस्कार बा तओन सब अनितेय बा छनभङगुर बा ।

जओन संस्कार बा, तओन सब दुक्खे बा । उहे से थारू जाति ई संस्कार के पाछा ना पडके सुख सान्ति से सतेय मे रहके अपन जीवन बिताए लागल । झगडा दन से दूर भेके संसारिक परपंच से अलग भेके, अपन भासा संस्किरति के बिकास करे ना सकल । लेकिन तइयो बुद्ध भासा "पालि" के कुछ एक सब्द आ ओकर बेयाकरन थारू के जिउ मे सलबलैते रह गेल, उ ना बदलल ।

थारू समाज ई संसारिक परपंच के चपेटा में परके अपन भासा संस्किरति जग्गा जमिन सारा के सारा गँवा देलख । लेकिन अपना के सचेत होए के ना सिखलक । भगवान बुद्ध के भासा के सम्राट अशोक उडिसा बिहार, आन्ध्र प्रदेश, कर्नाटक, उत्तर प्रदेश, मध्यप्रदेश, पंजाब आ सरहदी प्रान्त के सिला स्तम्भ मे गढवाके सुरक्खित क देले बा । लेकिन उ पालि भासा में बा । ई छनभङगुर दुनियाँ में थारू जाति भगवान बुद्धके पालि भासा के बिसर गेल, माने ओकर छाँछ अभियो तकला थारू के बोलीमें बरले बा । हम जेतना लेख, रचना, कथा कविता लिखली, उ सब गुरू के पढायेल लिखायेल के आधार में बा । लेकिन "सील इन्टरनेशनल" आ मातृभाषा नेपाल के देवारा जओन "मध्य पूर्बिया थारू भाषा शब्दकोश" निरमान करवैलख । उ हमनी के अपन बोली के ठीक ओइसने लिखे के चेतना जगैलख कि थारू अपन बोली लेखा अपन भासा बनाओ । ई बात त पहिलइयो से मन में रहे, माने गुरू के सिखायेल आधार में सारा के सारा लेख, रचना लिखा गेल । जेकर कारन एके गो रहे कि लोग कथी कही ? पढलख अइसे आ लिखलक कइसे । लेकिन उ सब्दकोस के बाद हओसला बढल आ थारू भासा के खोजी नीति के काम अगाडी बढल । ई बात जग जाहिर बा कि भासा के विकास ला पहिलका लिखल नियम में से कओनो न कओनो भेखल जरूरी बा । आब "पाली भासा" के बोलल के आधार में बेयाकरन के देखल जाओ- बेयाकरन

ओरी आयेल जाई त देखल जाई कि–

(१) थारू के बोली मे अरथात् उच्चारन मे "ॠ, ॡ" नइखे, लेकिन गुरूजी हमरा के "हिरदे" चाहे "हिरदय" ना सिखाके "हृदय" लिखे के सिखयेलख । जओन कि बोली अनुसार के लिखावट गलत भे गेल अर्थात् असुद्ध भे गेल । दोसरका पक्छ पालि के देखल जाई त उहो में "ॠ, ॡ" के परजोग ना भेइए ।

श्रृजना चाहे सृजना चाहे कृता, बृजा के बदला थारू भासा मे सिरजना, किरता, बिरजा होई जओन कि बोली अनुसार लिखावट ठीक बा, सुद्ध बा ।

(२) थारू बोली में सुरू के "य" के बदला में "ज" भेइए, जइसे- "यदि" के बदला मे "जदि" "यशोधा" के बदला में "जसोधा"- "यमराज" के बदला में "जमराज" । अइसने पालियो भासा मे "य" के बदला में "ज" के परजोग भेइए जओन कि थारू के बोली अनुसार सुद्ध बा ।

(३) थारू भासा मे सब्द के पछाडी जोडके लिखेवाला दु बिन्दु के चेन्हा अर्थात बिसरग सन्धि (:) के परजोग ना भेइए, जइसे "प्राय:" के बदला "पराय", "प्रात:" के बदला "परात" पालियो भासा में बिसरग सन्धि के परजोग ना भेइए ।

(४) थारू बोली में "औ" बदला में "यओ" चाहे "ओ" के परजोग भेइए, जइसे - "अइहओ, जइहओ, पढइसियओ, पेन्हइसियओ । पालियो भासा में मातुरे "ओ" के परजोग भेइए, जइसे "कौशल" के "कोसल"-"गौतम" के "गोतम", "मौन" के "मोन" यौवन के "जोब्बन" आदि ।

(५) "शील इन्टरनेशनल" आ "मातृभाषा नेपाल"- "मध्य पूर्विय-थारू भाषा शब्दकोश" तइयार कराये खुना तलाबे "श" मूरधने "ष" हटवाके मातुरे दन्ते "स" लिखे के सिखयेलख । इहो नियेम "पालिये" भासा के बाटे । अरथात् पालियो भासा में श, ष हटाके मातुरे "स" रखले बाटे ।

(६) "शिल इन्टरनेशनल" आ "मातृभाषा नेपाल" - मध्यपूर्बीया थारू भाषा शब्दकोश तइयार कराये खुना "क्ष, त्र, ज्ञ" - हटवाके मातुरे "ह" तकला रखलख आ "क्ष" के बदला में "क्छ" लिखेके सिखयेलख । जइसे "शिक्षा के "सिक्छा", भिक्षा के "भिक्छा" लेकिन इहो बोली के आधार मे ओतना ठीक नइखे । काहे कि थारूसब "सिख" सिखानत, भिख आदि उच्चारन करइए । पालियो भासा में "क्ष" नइखे । एकरा बदला में "क्ख" लिखइए, जइसे "भिक्ख, भिक्खवे, भिक्खु, सिक्ख, सिक्खा आदि । थारूओ में भिक्छा के बदला में भिक्खा सुद्ध होई ।

(७) थारू भासा मे "त्र" सब्द के परजोग ना भेइए, जइसे "पुत्र" के "पुत", "सुत्र" के "सुत्त" । अइसने पालि भासा में "त्र" के बदला मे "त्त" के परजोग भेइए, जइसे-"मित्र" के मित्त

(८) थारू भासा में एकार ( ै ) के बदला इकार ( ि ) के बेसी परजोग भेइए, जइसे- "घैला के घइला", "फैला के फइला" लेकिन पालि भासा में ऐकार ( ै ) के बदला एकार ( े ) परजोग भेइए, जइसे- "कैलाश के बदला केलास", बैसाख के बदला बेसाख ।

(९) थारू भासा में तद्‌भव के बहुलता बाटे, अइसने पालियो भासा में तद्‌भव के बहुलता बाटे ।

**आब चलू थारु आ भोजपुर में केतना के**

**अन्तर बा –**

(१) थारू बोली में स्त्रिलिङ पुलिङ ला एके जइसन किरिया के परजोग भेइए, जइसे– दाइ गे जाइतारे, बाबु गे जाइतारे । बइया गे जाइतारे । बउवा रे जाइतारे । लेकिन भोजपुरी में दुनु ला अलग अलग किरिया के परजोग भेइए, जइसे बाबु जी (हो) जातानी । माई जी (हो) जातारू । बबुआ रे (हो) जातार । बबी रे (हो) जातारू ।

(२) थारू बोली में "कत्थि" सब्द के परजोग होइए त भोजपुरी– में आकार ( ा ) के परजोग भेइए, जइसे – थारू – कत्थि कहइसे चाहे कहइसा । भोजपुरी में "का कहतानी चाहे कहतार ।"

(३) थारू में "गे, बे, हो, हे, रे" के परजोग भेइए त भोजपुरी में "गे" आ "बे" के परजोग ना भेइए ।

(४) थारू बोली मे "तूँ" सब्द "दाई, बाबु, काका, काकी, बेटा, बेटी, सब खातिर परजोग भेइए, लेकिन "सास, ससुर, जेठान, जेठानी" खातिर "हिन, हिनकर, हिनकारा, हुनकर, हिनकरे, हिनकरो" जइसन सब्द परजोग भेइए । लेकिन भोजपुरी में – "रउवा, राउर, राउरे, राउरो" सब्द के परजोग भेइए ।

(५) "हे" सब्द थारू बोली में भउज दोवारा "देवर" आ "सखि" खातिर परजोग भेइए त भोजपुरी मे "हो" सब्द के परजोज भेइए ।

(६) दामाद दोवारा– "जेठान, जेठानी, सास, ससुर" खातिर – लेस, देस, खास, पियस, लिहन, दिहन, करिहन, खइहन, आदि जइसन सब्द परजोग भेइए । भोजपुर मे अइसनका सब्द नइखे ।

(७) थारू बोली मे सुरू के "न" के परजोग मे बेसी से बेसी "ल" के परजोग भेइए, जइसे "नदी" के "लदी", "नहाये" के "लहाये" "नयाँ" के "लाया", "स्नान" के "असलान" आदि । भोजपुरी मे यथावत नदी, नहाय, स्नान होइए ।

(८) थारू बोली में "छ" के जगे "स" के बेसी परजोग होइए, जइसे– "छाता" के "साता" मछली के मसरी, छल के सल ।

(९) थारू बोली में, "ष" के बदला मे. "ख, स" के उच्चारन भेइए, जइसे– षष्टी के खस्टी । बर्षा के बरखा आदि ।

(१०) थारू बोली में "असिया" सब्द बा, लेकिन भोजपुरी में नइखे । "असिया" के बदला में "रूक" होइए भोजपुरी मे ।

(११) पाली भासा के "अत्थि" सब्द आजू तकला थारू भासा में जइसन के तइसने चल आयेल, लेकिन भोजपुरी में बदलके "एत्थि" भे गेल बाटे ।

(१२) थारू बोली में "अर" अर्थात् " ्र " (क्र, च्र, त्र, प्र) हटके आब सिधे सोझे रूप मे लिखाइता, जइसे– "प्रसाद" के "पर्साद", "प्राण के परान", "ब्रस के बरस्" आदि ।


आब बिदवान बरग् से कहेके परइता कि "थारू" सब्द बुद्धे के समये आयेल बा आ बुद्धके पाली भासा के बेयाकरन के बहुत करिब बा त थारू के भासा "भोजपुरी" के भासिका कइसे भेजाई ? जब कि भोजपुरी भासा के उदये सातवी सताब्दी में राजा "हर्षवर्धन" के राज कवि वारभट्ट में उल्लेख करइत इसानचन्द आ देवी भारत के एकर पहिलका कवि मानल गेल । बिहार के आरा जिल्ला से भोजपुरी भासा के जोडल जाइए । जेकरा के पहिले भोजपुर के नाओं से जानल जाइत रहे । भोजपुर के नाओं परामार सासकसब जब इहाँ आके

मधेय परदेस मे सासन कयेलख तब अपन पूरबज राजा भोज के नाओं में ई छेतर के "भोजपुर" नाओं राख देलख आ ई छेतर मे बोलल जायेवाला भासा के नाओं भोजपुरी राख देलख। पहिलइए एललेख कयेल गेल बा कि कओनो बोली भासा के बिकास खातिर चार गो नीति के जरूरी परइए। जओन में एगो नीति राज कारज बाटे। परसासनिक कारज बाटे। जओन थारू समाज लगाये ना सकलख।

एगारहवी सताब्दी में गोरखनाथ गोरखबानी के रचना कयेलख। जेकरा के भोजपुरी के पहिलका कीरति कहल गेल। बाद में सन्त कबिर जी के कइयन गो निरगुन निकलल। नउवाँ सताब्दी में पूरन भगत के भजन आयेल। एकरा बाद बिद्यापति के बारहमासा, घाघ दास के कहावत आएल। बिहारी ठाकुर के भोजपुरी के पितामह मानल जाइए। भोजपुरी के पहिलका कथा १९४८ में "जैहलुक समाज" बा। अवधबिहारी के १९५६ के "बिन्दिया" पहिलका उपनेयास बा। "नौनिहाल" भोजपुरी भासाके पहिलका "पतरिखा" मानल जाइए। अएसे भोजपुरी भासा के बिकास राजा दोवारा, साहितेय् दोवारा भेल बाटे। लेकिन थारू जाति अपन भासा के बिकास खातिर कओनो काम ना कयेलख। आजू करहू के चाहइत बा त ओकरा के भोजपुरी के भासिका कहके कहल जाइता। लेकिन थारू त भोजपुरी भासा के उदये के पहिलइए से बा। पालि भासा हिन्दी से लेके अनेक भासा के जननयिो बा। एकरे बाद अपभरंस भेइत भेइत भासा के अनेक रूप बनल। ई लेख के पढल जाओ, गुनल जाओ, खोज कयेल जाओ कि थारू भासा के अनेक रूप कइसे बनल। हिन्दी भासा के जइसे पुरूब, पछिम, बिहार, पहाड कके अनेक रूप बनल। तइसने थारू भासा के अनेक रूप बनल होइए, लेकिन उ भासिका ना होके "थारू भासा" बा। एकर संरक्छन ना भेला के कारन ई अविकसित रूप में बा। भउच परसाद यादव जी राम परसाद राय जी के लिखल "बउवा और बहुरिया" के भोजपुरी भासाके पहिलका उपनेयास नाम देके गल्ती कयेलन। जब कि उ थारू भासा मे बा। भोजपुरी भासा के पहिलका उपनेयास "बिन्दिया" के या त ना माने के परल या त पहिलका उपनेयास कहल खातिर छेमा माङेके परल। दोसर बात इहो कि उ उपनेयास के भितर के बात से पुस्टि करायेके परल कि उ भोजपुरी मे बा। फेनु ई. सं. २०१९ में "नेपाली दोश्रो भाषा शिक्षा कार्यशाला गोष्ठी होटल याक एण्ड यति काठमान्डू में गोपाल ठाकुर जी बोलले बारन कि "थारूको भाषा नै छैन। थारूहरू भोजपुरी, मैथिली, अवधि, मगधी भाषा का भाषिका हुन्।" डा. कृष्णराज सर्वहारी जी ओतही रहलन आ मौन भे गेलन। ई हुनकर कमजोरी बा। उहाँ हुनकर आवाज के काटेके चाहइत रहे। खयेर उ त बित गेल। लेकिन हम गोपाल ठाकुर जी के एतना जरूर कहम कि ई लेख के पढके "थारू, पाली, आ भोजपुरी भासा के उदय के समझे के तब जाके कहेके परल कि "थारूको भाषा नै छैन। काहे कि भोजपुरियो त पालि पराकिरित के अपभरंस भासा बाटे।

*— बकुलिया भवानीपुर, बारा*

# उज्यालो/अँध्यारो



● वसन्त रिजाल

तिमी उज्यालो उज्यालो भन्छौ
म उज्यालोमा अँध्यारो खोजिरहेछु
अँध्यारोमै जन्मिएको म
उज्यालोलाई आफ्नो शत्रु ठान्छु
ठिक बेठिक छुट्याउन नसक्ने म
अरूले ठहऱ्याएको ठिक ठान्छु
म सँग विवेक छैन
विवेक हीन मान्छे म
लाए अऱ्हाएको गर्छु
देश ! के को देश ?
कस्को देश ?
कस्तो देश ?
पैसा, पैसा र पैसा
पैसासँग म देश साट्छु ।
कानुन, के को कानुन ?
मेरो देशको कानुन भन्दा
साम्राज्यवादीको कानुन ठुलो ठान्छु
म दाश हुन जन्मेको
मालिक बन्ने बुद्धि छैन मेरो
म नेता र नीति विहीन
गिदीको ठाउँमा गोवर भरिए पछि
आउ एमसिसि म तिमीलाई
शिरमा राखेर पास गर्छु
ले ले भन्छन् खाएको र लाएको
तिरौँ कसरी ?
भन्न नहुने भनौँ कसरी ?
भनौँ यताको डर, नभनौँ उताको डर
डरै डरमा केही गर्न सकिन्न
आफैँलाई सकेर मृत्यु पत्रमा
चुपचाप सही गर्छु म
सन्धिलाई समझदारी भनेर भनियो
एमसिसि यो (सिसी)
दोस्रो समझदारीको अर्को रूप हो
कालो दलेर अनुहारमा
सक्कली रूप छोप्यौ
हाम्रो अगाडि साम्राज्यवाद
र पछाडि विस्तारवाद छ
हामी विक्रिमा छौँ सक्नेले किने हुन्छ
वाईवाई एमसिसीबाट पालिने देश नयपाल
यो सिसी भित्रिएपछि फालिने देश नेपाल
चसक्क मुटु काटिन्छ
आवाज सिर्फ पहरामा ठोकिन्छ
हो, तिमी उज्यालो उज्यालो भन्छौ
तर म अँध्यारो मन पराउँछु
अँध्यारो मन पराउनेले मन पराए पछि
सत्ता सक्तिको उन्मादमा
खवरदार ! मेरो देशको नक्सा मेटिँदैछ
माया छ भने झोस्न दुष्टहरूलाई
आगो बनेर उठौँ
खारेज गराऔँ एमसिसी
मेरो देशले यही भन्छ
मेरी आमा यही भन्छिन् कविता

*– जोरपाटी, काठमाडौँ*

# मुसाहरू



● आर.आर.चौलागाईं

मुसाहरू
आफू चढेको डुङ्गा छोडेर
अर्कै डुङ्गामा हाम फाल्छन्
डुङ्गा फेरीफेरी हाम फाल्छन्
लगातार हाम फालिरहन्छन्
मुसाहरू ।
डुङ्गामा
प्वाल परेर जब पानी पस्न थाल्छ
उनीहरू आफू चढेको डुङ्गा टाल्दैनन्
बरू अर्कै डुङ्गा चढेर हुँइकिन्छन्
र आफूलाई वीर भएको घोषणा गर्छन्
कथम् कदाचित
पहिलाकै डुङ्गा राम्रो बन्यो भने
पुनः त्यही डुङ्गामा फर्किन्छन्
र आफ्नो लगानीको फल माग्छन्
मुसाहरू ।
अहिले हरेक पार्टीमा
मुसाहरूको बिगबिगी छ
र पार्टीहरू पनि
मुसाहरूलाई दोसल्ला ओढाउन
तँछाड मछाड गरिरहेका छन् ।

*– हेटौँडा, मकवानपुर*

# कविता



● ईश्वरराज ढुङ्गेल

कविता लेख्न जमर्कोले मात्र हुदैन
कविता लेख्न सीप पनि चाहिन्छ
कविता शब्दहरूको लश्कर पनि होइन
त्यसमा शब्द सामर्थ्य पनि हुनुपर्छ
शब्दहरूको हरफहरू मात्र वाक्य होइन
तिनको पद सङ्गति पनि हुनुपर्छ
वाक्यको सुन्दर बान्की मात्र होइन
त्यसबाट गहन अर्थ पनि खुल्नुपर्छ
कविता सिर्फ अभिव्यक्ति शैली होइन
जीवनको बोधपक्ष उघ्रेको हुनुपर्छ
जीवनको बोधपक्ष उघ्रेर मात्र हुदैन
सत्य, न्याय र मानवीयताको लागि
दृढ प्रतिज्ञ हुँदै, अगाडि बढ्न
सङ्गठित भएर लाग्नुपर्छ
तब मात्र कविता र जीवनको
सार्थकता सिद्ध हुन्छ

– सिमरा, बारा

# ...र जाँदा जाँदै !




● बद्रिप्रसाद ढकाल

यो समय संवेग
हिंड्दै गर्दा पाइलाहरू
कहिले उभै उभो लागिरहन्छन् भन्ने
पनि छैन
सधैं उक्लनु पर्छ र !
तर
झर्दै गर्दा नबिर्सनु आफूले टेकेका
खुड्किलाहरू
विगतले बनाएको पदचापमा
 देखिन्छ भने आफ्नै ऐना
कसरी भुल्न सक्छ आफ्नै आधार
हो ! साँच्चै अघि बढ्नु भनेको
सबैकुरा बिर्सनु हो र !
भोकले रन्थनिएको वटुवाले
कदापि बिस्टा त खाँदैन
प्यासमा पिउँदैन रगत पनि
त्यसैले जाँदा जाँदै नबिर्सनु
मान्छे हुनुको परिभाषा ।
यो क्षणभङ्गुर जीवन सत्तामा
के चाहिँ स्थीर र स्थायी छन्
पद, प्रतिष्ठा, शान मान
सबै बलियो छँदा मात्र हुन्
कसैमाथि गरिएको कुकृत्यले
बारम्बार नलखेटोस् बाँचुञ्जेल
कुनै दुष्कर्मले नटोकोस् भन्ने लाग्छ
भने
सोचेर, बुझेर
चेतनाको साक्षी राखेर
गर्नु असल काम
तब कहिल्यै रूनु पर्दैन
महोदय !
र जाँदाजाँदै कहिल्यै नभुल्नु
मान्छेले मान्छे भएर
मान्छेलाई गर्ने व्यवहार पनि
नत्र
धिक्कार्ने छ समयले
दुत्कार्ने छ इतिहासले
एउटा मान्छे जस्तैको
पलायनमा
हाँस्नेछ कालको गति
र जाँदाजाँदै झर्ने छैन
शोकको आँसु
मलामीको मुहारमा देखिने छ
आभायुक्त उज्यालो
प्रतिस्पर्धामा एउटा प्राणीको अवसान !!!!

*– चन्द्रागिरि २, काठमाडौँ*

# प्रिय मन्दिर



● हरि पोखरेल

धर्म र देवता सारा, गरीवका हिसाब हुन्
तर सम्पन्न मान्छेका, कर्म हुन् इतिहास हुन्
राम्रो मीठो सबै लिन्छन्, सप्रेका देवताहरू
नमीठो माग्न जान्दैनन्, बिग्रेका देवताहरू
धर्मले देवतालाई, अनौठोसँग पाल्दछ
देवताले लुकीचोरी, धर्मको मोल चाल्दछ

तिमीले बुझ्दिनौ द्यौता, बुझ्दिनौ धर्मका कुरा
त्यसैले देवताधर्म, नसोध प्रिय ! मन्दिरा !

जसै गरीवले माग्छ, देखिन्न लुक्छ देवता
पानी बनेर आँखामा, बरू दुख्छ कताकता
स्वर्ग देख्छ सबै देख्छ, अप्सरा देख्छ देवता
अर्धनग्न चमेलीको, दशैं देख्दैन देवता
के पाक्छ अगेनामाथि, थाहा पाउन्न देवता
सोमरस पिई बस्छ, हेर्न आउन्न देवता

देवता बैंशमा झुम्छ, मात्तिन्छ अलकातिर
तसर्थ उसको प्रश्न, नराखप्रिय ! मन्दिरा

जहाँ अनाज फल्दैन, अक्षता किन चाहियो ?
जहाँ देवत्व पाइन्न, अर्चना किन चाहियो ?
पुजा खाँदैन द्यौताले, पुजारी किन बस्नु र !?
पसिनाले बनाएको, मन्दिर किन पस्नु र !?
के मान्छ नरले कुन्नि, पुष्प भेटी चढाउँछ
उधारो आशको हात, जोडेर बर्बराउँछ

देवता नै छदै छैन, छोडिद्यौ धर्मका कुरा
आस्थाको अलिनो प्रश्न, नराखप्रिय ! मन्दिर !

*— गढवा, देउखुरी, दाङ*

# लडाइँ

• पुरुषोत्तम

आफूजस्तै अरूको हत्या
एउटा चित्कार आफ्नै आवाजको !
एउटा खोला आफ्नै रगतको !!
यो दृश्य एक रणक्षेत्रको !!!
म सिपाही,
मेरो शत्रु
मजस्तै अर्को सिपाही !
म छोरा
एउटा आमाको,
ऊ छोरा अर्की एउटी आमाको !
स्वदेश र विदेशको भिन्नतामा
लडेको यो लडाइँ
मानव मानव बीच
उठेको यो मूर्ख्याइँ
मेरीजस्तै एउटी आमा
विह्वल हुन्छे त्यहाँ !
मेरीजस्तै एउटी नारी
विधवा हुन्छे त्यहाँ !
रगतले सिँचिएको हात
आफ्नै भाइलाई मार्दछ त्यहाँ !
पाषाण रूपले मखुण्डिएको मानव
आफ्नै हत्या गर्दछ त्यहाँ !
वीरले आएर मार्दछ
एउटी अबलाको हृदयलाई !
सुरले आएर चुँडेल्छ
एउटी आमाको मुटुलाई !
हजारौँ मानवको हत्यापछि
एउटाले दिग्विजय गर्दछ
लाखौँको लाशमाथि
ऊ आफ्नो झण्डा गाड्दछ
मानिसको चिहान हेर्दै
ऊआफूलाई वीर ठान्दछ
हजारौँको सिन्दूर पुछेर
ऊ सिन्दूरयात्रा गर्दछ
यो ध्रुवसत्यहो कि–
लडाइँ मानवइतिहासको अन्त्यहो !
लडाइँ एक दानवको कुकृत्यहो !!

– *ललितपुर*

# सकुनी संगत



● वासुदेव अधिकारी

ऊ साथी हो
कुरा भइरहन्छ नि
बाटोको
यात्राको
भोकको
तिर्खाको
एम्बुस छामेपछि थाहा भयो
ऊ त शकुनी पो रहेछ
साथी भलाद्मी थियो
धेरै पढ्यो
झन् भलाद्मी देखियो
भेट हुँदा ऊ घरि घरि
हृदय देखा भन्थ्यो
हृदय बजा भन्थ्यो
किन लुकाउनु र ?
म जम्मै देखाउँथेँ
जानेजति बजाउँथेँ
सङ्केतमा बोलेपछि थाहा भयो
ऊ त जासूस पो रहेछ
हिजो जूनकिरी खोज्दा
कतै देखिएको थियो ऊ
त्यसैले माया लाग्छ
अहिले कर्पोरेट काममा छ
स्वाभाविक छ
ऊसित भिजनमा कुरा हुन्छ
मिसनमा कुरा हुन्छ
खूब सुन्छ
खूब गुन्छ
यसो टाउको पनि हल्लाउँछ
औँला भाँच्छ
के के स्वीच दबाउँछ
कता कतातार मिलाउँछ
आगो फुक्छ
धुँवा निकाल्छ
थाहै थिएन
ऊ त मन्त्रवेत्ता पो भइसकेछ
वाह समय
भत्ता–आगो साटासाट
सलामी–कलह साटासाट
इमानको हाँगो काटाकाट
क्याबात् छ नियुक्ति !
क्याबात् छ परिणति !

*– सुनौलाबजार, धादिङ*

# यात्रा



• डा.हरिप्रसाद सिलवाल

यात्राको मार्ग आरम्भ हुन्छ, अन्त्य हुँदैन
थकाइ लाग्दा विराम हुन्छ विश्राम हुँदैन
गन्तव्य कहाँ पुग्नु छ जहाँ विचार साथमा
योजनाबद्ध यात्राको गति कठोर हुँदैन
हामीले सुरू गरेको यात्रा अर्कोले जोड्नेछ
यात्राको मेलो फराक पार्न विचार गोड्नेछ
कहिलेकाहीँ यात्रामा घात सहनु पर्नेछ
विचार बोके घातीको घात सजिलै तोड्नेछ
अल्छीले यात्रा छाडेर जान्छ निराशा पोखेर
कतिले यात्रा तोडेर जान्छन् कुआशा रोपेर
यात्राको धुन मनमा हुन्छ गन्तव्य चुम्नलाई
गन्तव्य छाडी कतिले यात्रा रित्याए पोखेर
देशको भोटो सुन्दर पार्न मिलेर सिलायौँ
च्यातेर भोटो रोकेर यात्रा तिमी त बिलायौ
आफैले खा'को थालमा थुकी गल्लीमा हिलायौ
शिरमा पुग्ने योजना थियो भुइँमा बिलायौ
यात्रामा कति असल आए कति त पतित
अमृतबारी आगोमा भोस्यौ बिर्सेर अतीत
घरको धुरी बालेर हिँड्यौ खरानी घसेर
तिमीले आज त्यै बाटो रोज्यौ भएर पतित
यात्रामा दृष्टि पुगेन भने बिचमा रोकिन्छ
फूलको इच्छा राखेर के भो काँडामा ठोकिन्छ
यात्राको भार अलत्र पारी बिचैमा पोखिन्छ
अगाडि सार्ने गोडामा घोच्ने काँडा नै रोपिन्छ
थालेका थियौँ उज्यालो यात्रा अधुरै छाडेछौ
मित्रकै मुटु ताकेर शूल दुष्टता गाडेछौ
धैर्यको बाँध नबाँधी हिँड्दा स्वार्थले चिमोट्छ
गन्तव्यबाट भागेर हिँड्दा शत्रुले निमोठ्छ
यात्राको गति नचिन्नेहरू कुण्ठाका पोका हुन्
उद्देश्यविना मच्चिनेहरू पानीका फोका हुन्
बिच्केर कतै रल्लेर हिँड्दा कहाँ पो पुगिन्छ ?
यात्रामा मति बिगार्नेहरू यात्राकै धोका हुन्
यात्राको मार्ग उज्यालो हुन्छ अँध्यारो हुँदैन
यात्राको नाप गतिमा हुन्छ स्वार्थमा हुँदैन
विचार मिल्ने यात्रीको यात्रा कहिल्यै रोकिन्न
विचारविना लम्केको यात्रा लक्ष्यमा पुगिन्न
यात्राको मार्ग आरम्भ हुन्छ अन्त्य त हुँदैन
थकाइ लाग्दा विराम हुन्छ, विश्राम हुँदैन

– *सिद्धलेक, धादिङ*

# आमा भन्दा ठूलो ईश्वर



● सुमन पुडासैनी 'मित्र'

लाखौं ताराहरूको माझमा राखेर
जूनको शीतल छायाँमा राखेर
तिमीलाई शीतल दिने मन छ
जसरी नौ महिना कोखमा राखेर
प्रसव पीडा सहेर जन्माउँदा
आनन्दित र पुलकित भएकी थियौ
र आफ्नो प्राण भन्दा प्यारो ठानेर
छातीमा टाँसेर प्रेमले सुम्सुम्याएकी थियौ
सङ्घर्षमा पट्पट् फुटेका तिम्रा कुर्कुच्चाहरू
ठेला उठेर खस्रिएका तिम्रा हत्केलाहरूलाई
निर्मल जलले सिञ्चन गरेर
सप्तरङ्गी इन्द्रेणीको रङ्ग भरेर
तिम्रा कलेटी परेका ओठमा
हिमगिरीको मुस्कुराहट जस्तो मुस्कान छर्नु छ
अनेकौँ कष्ट सहेर
अभावका पहाडहरूमा पनि
सन्तानलाई कहिल्यै अभावको छायाँ सम्म पर्न नदिने
आफ्नो पेटमा भोकको डोरी कसेर
अनेकौँ रहरहरूलाई कुल्चिएर
शन्तानका रहरहरूमा
आफैँलाई समर्पित गर्ने
तिमी आमा हौ ! आमा हौ !
यो जगत्मा, आमा भन्दा ठूलो ईश्वर हुनै सक्तैन ॥।

*– गोठाटार, काठमाडौं*

# ज्ञान



● हरिप्रसाद पाण्डेय

छरेर ज्ञानको ज्योति कल्पवृक्ष उमार्नु छ
शान्तिको पथमा लागे सारा सृष्टि रमाउँछ
यात्री भेला छ मेलामा पुण्य फल कमाउँन
पाउलान् शुद्ध आत्माले शालिग्राम अनेकन

हिन्दुको लागि मात्रै हो देवघाट पुण्यस्थल
तीर्थको धर्म मान्ने ती रमाए भक्तवत्सल
पाउँछन् ज्ञानको ज्योति गङ्गा स्नान गरेपछि
आत्मा शुद्ध हुँदै जाला देवघाट पुगेपछि

मनमा शान्ति नै छाए दृष्टि सौन्दर्य बन्द छ
पवित्र मनको ढोका खोलेर हेर्नु पर्दछ
लागेमा धर्मको बाटो मन शान्ति सधैँ भरी
धैर्य नै धर्मले दिन्छ पाप नास हुने गरी

गुरूको ज्ञान पाएर नयाँ संसार देख्दछ
रहस्यकर्मको बुझ्दै सुख शान्ति रमाउँछ
ज्ञानको ज्योति देखिन्न अज्ञान उभिए पछि
मानिसै देवता बन्छ तत्व ज्ञान बुझेपछि

देवघाट त्यही नै हो धर्म ज्ञान सधैं दिदै
गङ्गानित्यबगेकी छिन् सन्देश शान्तिको दिदै
शैलले प्रातःमा दिन्छ ज्योत्स्नाको प्रतिबिम्बले
पंक्षी नाच्छन् बिहानीमाआफ्नो गुण र बाहुले

*– बालाजु, काठमाडौँ*

# शक्ति



● श्याम रिमाल

कोही बाघचाल खेल्दै छन्
कोही बुद्धिचाल,
कोही घोडादौड, घोडेजात्रा
त केही हात्तीपोलो
कोही थर्की, कोही कौडा
कोही तास, कोही कुस्ती
लिगलिगे दौडको आशामा कोही
वंशवंशको रोलमा कोही
कुमारहरू सुमेरू उड्दै
गणेशहरू मातापिता घुम्दै
ताज पहिरिनेलाई ताज जोगाउनु छ
मणि हराउनेलाई मणि खोज्नु छ
स्वादै नपाउनेलाई स्वाद लिनु छ
दुर्बलहरू भने हरेराम ।
सीताराम मात्र भजिरहन्छन् ।

*– बगुवा, नुवाकोट*

# गीत



● वसन्तराज अज्ञात

अलिअलि माया होस्
अलिअलि साथ होस्
थाकेर लडेछु भने
त्यहाँ तिम्रो हात होस्
अलिअलि हो हो अलिअलि
बतासमा वेग हुन्छ,
तिम्रो भरथेग हुन्छ
आफ्नो मान्छे टाढा हुँदा
भित्रभित्रै मन रून्छ
जति टाढा भए पनि
अलिअलि याद होस्
थाकेर लडेछु भने
त्यहाँ तिम्रो हात होस्
अलिअलि हो हो अलिअलि
भेट्नु छुट्नु केही हैन,
सहनु छ दुःखसुख
निरीहलाई मलमपट्टी,
किन छर्ने नुनचुक
मायाभित्र नजानिँदो
अलिअलि मात होस्
थाकेर लडेछु भने
त्यहाँ तिम्रो हात होस्
अलिअलि हो हो अलिअलि !

*– दोबेला, खोटाङ*


# देशमेरै उज्यालो



● दुर्गा रिमाल

तलतल सुनगाभा माथिफुल्ने गुराँस
सकलकल छुटाई फुल्न थाल्यो पलाँस
अबुझबुझ बनेको बुद्धको देश प्यारो
सुजन सुमन बन्ने देश मेरै उज्यालो
पहिरन कति राम्रो कोट, दौरा कि चोली
असल शपथ खाऔँ भन्न छाडेर भोलि
मगज गज हुनेको भाग्यमा दीपबल्दो
सुजन सुमन बन्ने देश मेरै उज्यालो
विषम समबनाऔं तुच्छ हो भेदभाव
खलखल पसिनाले भन्छ आलस्य फाल
झलमल दिलखोल्दै पूर्वले घाम बाल्यो
सुजन सुमन बन्ने देश मेरै उज्यालो
झर -झरनाको दिव्य सङ्गीत सुन्छु
कमल -जलसँगै झैं प्रेममा पौडिरन्छु
नयन सँग छ ज्योत्स्नानानी मात्रै छ कालो
सुजन सुमन बन्ने देश मेरै उज्यालो
भ्रमर- करकरायो भीडको सत्य जान्न
अरब जनहरूमा एक हुन्छन् महात्मा
छलकपट - जगत्मामा कुराकै छ जालो
सुजन सुमन बन्ने देश मेरै उज्यालो ॥

# कठिन छ यो समय !



• यशोदा अधिकारी

बादल दौडेर पनि आँगन भिजेन
पानी परेर पनि नदी बगेन
सूर्य चम्केर पनि उज्यालो छाएन
साँच्चै बस्ती बस्तीमा
आगो लागेर पनि
बाँचीरहेछन् किरा फट्यांग्राहरू !
सरकार बन्यो उतैकतै
टोलतिर आपुगेन
विकास फल्यो माथि माथि
फेदीतिर फुल्दैफुलेन ।
माइली हराई गाउँबाट
पल्लाघरे ठूले अझै फर्केन
आमा रोइन् आँगनको डिलमा बसेर
खै कौवाले के सन्देश ल्यायो ?
खै के अड्कल गरे तिनीहरूले ?
तिनीहरू आफैँ जुरुक्क उठेर
समाएनन् दौराको फेर
साँच्चै यो बस्तीमा मान्छे हराएको
सूचना टाँसिएको छ
बाजा बज्यो पल्लो गाउँमा
नाच्न थाले वल्लो गाउँका मान्छेहरू
बाजा बजाउने को को थिए ?
नाच्नेहरूचाहिँ आफ्नै थिए ।
आस्थाका पाइताला उचाल्नेहरू
कोइली बास्ने वनतिर पस्दानपस्दै
सिनो बोकेर गिद्धहरू
आउँछन् /जान्छन्
खसाल्छन् /खान्छन्
अहो ! कस्तो कठिन छ यो समय !

## मगर भाषाको गजल

• आशिष कल्पक्ष

मगर नाङखार छुट्टो ज ले यामी विचार छुत्तो ज ले
मड छोक्राए मैतालू मानिर यामी सस्कार छुत्तो ज ले

मगर खाम पाङ र डाँरा पखेरा याल मिलिदे लिर
हाई र छा र खेतीपाती दुर यामी संसार छुत्तो ज ले

सापी थालानि सुरू दादे नाङखार ल पतिया झारिदे
छुरे, पैस्यारू, सरङग्ये स्याने दसन दवार छुत्तो ज ले

मगर नाङखार ल निदे किनी उदाले बिँहा ब्या ले
रेडे मेमा र सिन्दुर माजार यामी घरबार छुत्तो ज ले

– *देउखुरी दाङ*

[illegible]



भवानी तावा

[illegible]

# सुरक्षा

मूर्दासरी हिजसम्म सुत्दा
सपना देखें-
ओछ्यान छाडेर आज उठ्दा
सधैं सपना सुनाउन मन लाग्छ ।
सुरक्षाको लागि ठड्याएको थाँग्रो
ढल्पलिने अवस्थासम्मै
धर्ती विस्फोट हुने अवस्थासम्मै
महा-कम्पन जगाएर
सबै सपनाहरुको वकालत गर्न मनलाग्छ ।

कम्पनका थर्काइहरूको आवाज
कान बन्द हुन्जेल गर्जिदा
मर्नु । बाँच्नुको पीडित कल्पना
सुरक्षाको निजत्वबाट भाग्न खोज्दा
बेस्मारी हाँसें ।
कल्पनाले पर घचेटेर
मेरो बोलविन्ती नकार्दा
शीर ढलेर रोएँ ।

सोचें-
यो मान्छेको धरातलमाथि
मान्छेको निजत्व अलग रहेछ
पुगिसरीले उचाल्छ
निमुखाले लात खान्छ ।

र, अहिले-
आफ्नै निजत्वको धावन मार्गमा
प्रारम्भ-
मध्य-
अन्त्य-सम्मै वीषवाण छ कि
छेउपेऊ काँडा छ कि - भनेर
आफैं छाम्दै- केलाउँदै
सुरक्षामा हिंड्न चाहेको छु
पूर्ख्यौली चिहानहरूसँग जोखना खोज्दैछु
आफ्नै इतिहाससँग गीत गाइरहेको छु ।

अनुः थाम्सुहाङ पुष्प सुब्बा

# 'सपनाका अवयव' कवितासङ्ग्रहमा प्रयुक्त भावको सर्वेक्षण



● रमेश प्रभात

राजधानी नजिकै भएर पनि बाहिर पर्ने हेटौँडा बसेर नेपाली कविताको मूल धारमा कविता लेखिरहेका समकालीन युवापुस्ताका हस्तक्षेपकारी कवि सुवास खनाल (२०४३) मूलतः दार्शनिक विषयवस्तुका साथै राजनीतिका विकृतिका कविता लेखनमा रमाएका स्रष्टा हुन् । नेपाली साहित्यका पाठकलाई समसामयिक विषयका विविध भावलाई समेटेर सामान्यदेखि उच्च स्तरका पाठकले समेत पढ्नयोग्य दुई वटा सशक्त कविताकृति दिन सक्नु नै उनको कविता लेखनको उपलब्धि हो ।

**उठान**

तत्कालीन नारायणी अञ्चलको मकवानपुर जिल्लामा पर्ने बकैयामा वि.सं. २०४३ चैत्र २१ गते जन्मिएका कवि सुवास खनाल विज्ञान विषयतर्फका भौतिकविज्ञानमा स्नातकोत्तर अध्ययन पूरा गरेका व्यक्ति हुन् । उनी वि.सं. २०५७ देखि नेपाली कविताका क्षेत्रमा निरन्तर क्रियाशील छन् । हालसम्म उनका 'विचारको उल्टो नदी' (२०७१) र 'सपनाका अवयव' (२०७७) गरी दुईवटा कविताकृति प्रकाशित छन् । उल्लिखित कृतिका अतिरिक्त विभिन्न पत्रपत्रिकामा उनका फुटकर कविताहरू छरिएर रहेका पाइन्छन् । यहाँ उनको पछिल्लो कृति 'सपनाका अवयव' लाई आधार मानेर समीक्षा गरिएको छ ।

**'सपनाका अवयव' : छोटो चिनारी**

'सपनाका अवयव' कवितासङ्ग्रह शाब्दिक बुक्स, काठमाडौँले वि.सं. २०७७ मा प्रकाशित गरेको कवि सुवास खनालको नवीनतम कविताकृति हो । जम्मा १०० पृष्ठको आयाममा फैलिएको यो कृतिमा समसामयिक विषयवस्तुका कूल ३३ थान फुटकर कविता समेटिएका छन् । यसभित्रका कविता घटीमा दुई पृष्ठदेखि बढीमा चार पृष्ठको आयामसम्म फैलिएका छन् । यस कृतिमा समेटिएका अधिकांश कविता दुई पृष्ठको आयाम बोकेका छन् । शीर्षकले इङ्गित गरेजस्तै यसभित्रका अधिकांश कविता सपनाका वरिवरि घुमेका भए पनि यिनमा समकालीन जीवनका विविधतालाई पस्किएको पाइन्छ । समग्रमा यी कविता सरल, सरस र युगबोधी खालका छन् ।

**'सपनाका अवयव'का कवितामा प्रयुक्त भावको छोटो सर्वेक्षण**

कविता बन्नका लागि विभिन्न अवयव चाहिन्छ । तीमध्ये भाव प्रमुख अवयव हो । त्यसैले भनिन्छ, कविता जीवनका विविधतालाई मुखरित गर्ने साहित्यको सर्वप्रिय विधा हो । यही कुरालाई हिजोआजका नेपाली कविताले पनि बोकेको पाइन्छ । त्यस्तै'सपनाका अवयव' कवितासङ्ग्रह पनि विविध भाव समटेर तयार पारिएको कविता कृति हो । यस कृतिमा भेटिएका कविताका मूलभावहरूको सर्वेक्षण गरी भेटिएका साक्ष्यका आधारमा निम्नानुसार समीक्षा गरिएको छ :

भौतिक विज्ञानमा स्नातकोत्तर अध्ययन पूरा गरेका कवि सुवास खनालका कवितामा भौतिक विज्ञान नभएर जीवविज्ञानका कुरा अटाएको पाइन्छ । उनी त्यसलाई जीववैज्ञानिक कोणबाट नभई दार्शनिक तरिकाले प्रस्तुत गर्छन् । धमिरालाई बिम्ब बनाएर त्यो धमिरा जैविक रूपमा जति खतरनाक छ, त्योभन्दा विचारमा देखा परेमा कैयौँ गुणा खतरनाक हुन्छ भन्ने विचारलाई यसरी अभिव्यक्त गर्छन् :

अन्तिम जानकारी–
जैविक रूपमा बरू उति हानिकारक छैनौँ हामी
जति हानिकारक छ– तपाईको माष्तिष्कमा हाम्रो उत्पत्ति ।
(धमिरा डट कम, पृ. २२)

कवि खनाल दर्शनका विषयवस्तुमा रमाउने कवि हुन् । उनी आफ्ना कवितामा कतै त कतै दर्शनका कुरा गरेरै छाड्छन् । उनी चिन्तनमा पिनास पऱ्यो भने आउने समय नै बर्बाद हुन्छ भन्ने दार्शनिक विचारलाई आफ्नो कवितामा यसरी चित्रण गर्छन् :

चिन्तनको पिनास सिर्फ रोग होइन
अभिघात जन्माउने भ्रूण हो समयको ।
(चिन्तनको पिनास, पृ. १२)

कविले तर्कैतर्कको लाममा बसेर आफ्नो बाँकी जीवनलाई कसरी बाँच्ने भन्ने कुरा सोचिरहेको कुरालाई पनि सुन्दर तरिकाले चित्रण गर्छन् । उनले चिन्तनमा जीवन गुजारिरहेको कुरालाई यसरी अभिव्यक्त गरेका छन् :

सोच्ने गर्छु
तर्कैतर्कको लामहरूबीच
उभिएर एकनासले
तर्कहरूकै कारण मैले बाँच्नु छ ।
(तर्कहरू, पृ. ३६)

अहिलेको विश्वमा आतङ्कवाद जताततै फैलँदो छ । यसका कारण वर्षेनी हजारौँको सङ्ख्यामा मानिसहरूले ज्यान गुमाइरहेका छन् । तर पनि स्वयम् आतङ्कवादीहरू आफूलाई आतङ्कवादी मान्न तयार छैनन् । त्यसैले कविले आतङ्वाद के हो ? भन्दै यसका बारेमा जान्न चाहेको कुरालाई यसरी कवितामार्फत् चित्रण गरेका छन् :

यो समय म बुझ्न सकिरहेको छैन आतङ्कवाद
म जान्न चाहन्छु
आतङ्कवादको परिभाषा ।
(आतङ्कवाद, पृ. ९)

सबैलाई थाहा भएकै कुरा हो, संसारमा वनमारा झारले दुःख दिइरहेको पाइन्छ । त्यो वनमारा झारभन्दा घरमारा अझ खतरनाक हुन्छ भन्ने कविको ठम्याइ छ । कविले घरमारालाई झारका रूपमा मात्र नभई

विविध खालका अवस्थामा देखेका छन् । यस्तो निजी विचारलाई कविले राज्यसत्तासँग दाँजेर व्यङ्ग्यात्मक तरिकाले यसरी प्रतिबिम्बित गरेका छन् :

मैले त घरमारा घरमा मात्र देखिनँ
देश चलाउने सिंहदरबार
बालुवाटार
संसद् भवन
वा, अदालत
यता पनि छन् कि घरमारा ।
(घरमारा, पृ. २९)

यतिबेलाका मान्छेमा घोर निराशा व्याप्त छ । जताततै असफलता नै असफलता छ । अभावै अभाव छ । यसले थप निराशाको सिर्जना गरेको छ । तर कवि यस्तो निराशाका बीचमा आशाको किरण खोज्छन् । हेरौँ एउटा साक्ष्य :

जबसम्म फक्रिनेछन् रहरका गुराँस
जबसम्म फुल्नेछन् सद्भावका सयपत्री
उचालेर साहसको पाइताला
हिँड्नु छ, हिँडिरहनु छ ।
(दुर्घटनापछि, पृ. ४७)

हिजोआज जताततै निषेधै निषेधको कुरा देख्न, सुन्न र पढ्न पाइन्छ । यस्तो लाग्छ, सिङ्गो देश निषेधले चलेको छ । यस्तो परिवेशमा पनि कवि निषेधबाट होइन, सबैसँग मिलेर जानुपर्छ भन्ने कुरालाई रङलाई बिम्ब बनाएर यसरी काव्यात्मक तरिकाले अभिव्यक्त गर्छन् :

जब बाँच्ने छन् आकर्षणमा रङहरू
हामी इन्द्रेणी अस्तित्वमा सुन्दर देखिनेछौँ
म रङहरूको अस्तित्व स्वीकार गर्छु ।
(रङ, पृ. १४)

कविलाई देश सङ्कटमा परेकोमा चिन्ता छ । यस्तो सङ्कटको घडीमा पनि मौन बसेको नाटक गरी चुपचाप चुपचाप खिचडी पकाउने राजनीतिक विचौलियाप्रति उनी आक्रोश पोख्छन् । उनको आक्रोश नाराका रूपमा होइन, काव्यात्मक व्यङ्ग्य बनेर यसरी मुखरित हुन पुग्छ :

देश सङ्कटको घडीमा छ
हामी सबै सङ्कटमा छौँ
मौन रहनुहोस्
कम बोल्नुहोस्
चुपचाप बिजनेस चलाउनुहोस् ।
(चुपचाप बिजनेस, पृ. २६)

समय समयमा देशमा विभिन्न खालका प्राकृतिक विपत्तिहरू आइलाग्छन् । त्यसपछि गाउँमा राहत लिएर सरकारी गाडी आउँछन् । हेलिकप्टर आउँछ । त्यसरी आएको राहत बाठाटाठाले कुम्ल्याउँछन् । सोझा जनताले केही पाउँदैनन् भन्ने कुरालाई कविले यसरी कवितामा व्यङ्ग्य गरेका छन् :

पाडो मर्ने मधु बस्नेत
खेत पुरिने हरि चम्लागाइँ
गोठ लड्ने शेरबहादुर बिकलाई
भाग पुग्यो हेलिकप्टर उड्दाको हावा ।
(राहत, पृ. ३४)

यो देशमा सोझा र श्रमजीवी जनता सधैँ मारमा परिरहेका छन् । उनीहरू सधैँ आर्थिक समस्यामा परिरहेका हुन्छन् । त्यसप्रति सरकारको ध्यान कहिल्यै जाँदैन । यसरी जनता मरिरहेकोमा बेवास्ता गर्ने सरकारलाई उनी यसरी प्रश्न गर्छन् :

सोच्छु–
मजस्तै लालबहादुरहरूलाई मारेर

यो देशले कसलाई नागरिक बनाउँछ ?

(लालबहादुरको किड्नी बिक्रीमा छ, पृ. ३९)

यतिबेला सहर सुविधासम्पन्न सहर होइन, कङ्क्रिटको जङ्गल बन्दै गइरहेको छ । यो रोग सहरबाट गाउँतिर सर्न थालेको छ । खेतीयोग्य जमिन प्लटिङमा अनुवाद भइरहेछ । काँक्रो चिरेजस्तै जमिन चिराचिरा पार्दै लगिएको छ । यस्तो देख्दा कविको मन रोएको छ भन्ने कुरा तलको साक्ष्यले पुष्टि गरेको छ :

गाउँ शहरको सिकोमा छ
प्लटिङमा अनुवाद भइरहेको
उसको अनुहार
शहरझैँ देखिँदै गइरहेछ ।
(शहरले ढुङ्गा खान्छ, पृ. १९)

कविलाई गाउँको असाध्यै माया लाग्छ । उनी गाउँ छाडेर सहर बसेकाहरूमा श्रम मर्दै गएको र उता गाउँ भने श्रमका अभावमा बाँझो बन्दै गएको वर्तमानको नियतिप्रति निकै चिन्तित छन् । यस खालको भावलाई उनी कवितामा यसरी शब्द भर्छन् :

ऊ बाँझो हुनुको नियतिमा छ
उसँग ऊर्वरा छ श्रम छैन
म यता छटपटीजस्तो जिन्दगी बाँच्छु
मसँग श्रम छ, ऊर्वरा छैन ।
(बाँझो जमिन, पृ. ६८)

दार्शनिक चिन्तन, मौलिक विचार, जीवन दर्शन, देशका कुरा मात्र होइन, कविले कतै कतै प्रेमका कुरा पनि गरेका छन् । उनी एउटी पत्नीले आफ्नो पतिलाई सम्झेको प्रेममय अभिव्यक्तिमा पनि देशकै कुरा सम्झन पुग्छन् । हेरौँ एउटा साक्ष्य :

सम्झेर उनको अनुहार
आज मेरी छोरीको बाको अनुहारमा पनि
म भयको नजर खसाल्दोरहेछु
हजारौँ बाहरू जब देख्छु–
आत्तिँदो रहेछु मनमनै ।
(श्यामश्वेत सपनामा देश, पृ. ९२)

यस प्रकार कवि सुवास खनालको नवीनतम कविताकृति 'सपनाका अवयव' विविध भाव समेटिएको कविता कृति हो भन्न सकिन्छ । यसमा समेटिएका कविताले नेपाली कविताका पाठकलाई उनीहरूको काव्यात्मक भोक मेटाउन सक्षम बनेको छ भन्ने कुरामा पनि सहमति जनाउन सकिन्छ । यसको पुष्टि माथि साभार गरिएका साक्ष्यहरूले गरेका छन् ।

**बैठान**

मार्क्सवादी चिन्तनबाट प्रशिक्षित कवि सुवास खनालका कवितामा दार्शनिक चेत बढी पाइन्छ । यति भएर पनि उनका कवितामा भावगत विविधता छ । उनका केही कविताले जनताका अभाव र पीडाको चित्रण गरेको पाइन्छ । उनले केही कवितामा राज्यसत्ताका कारण जनताले पाएको दुःखलाई चित्रण गरेका हुनाले उनी विद्रोही चेतका कवि पनि हुन् । उनका कवितामा सूक्ष्म तरिकाले व्यङ्ग्य गरिएको पाइने हुनाले उनी व्यङ्ग्यचेतका कवि पनि हुन् । फरक फरक कविता फरक फरक खालका भाव उतार्ने हुनाले सुवास खनाल विविधतामा रमाउने कवि हुन् भन्दा अत्युक्ति हुँदैन । उनको काव्यात्मक बान्की अझ सशक्त बन्दै जाओस् भन्दै उनको काव्यिक उन्नयनको कामना सहित लेखनीलाई विश्राम दिन्छु ।

*– उपप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन*

# छायादत्त न्यौपानेको मान्छे कविता सङ्ग्रहमाथि एक दृष्टि



• विवेक वाइबा

मान्छे आफैमा गतिशील प्राणी हो । त्यसैले ऊ सदैव आफ्नो सुन्दर भविष्यको कल्पना गर्छ । नयाँ चिजको खोजी गर्छ र त्यसको प्राप्तिमा लागिरहन्छ । पृथक् लक्ष्य हुन्न उसको । यो प्राय मान्छेको चाह हो र प्रवृत्ति पनि । सुन्दर भविष्यको परिकल्पना गरी त्यसको निर्माणका लागि अनेकन हन्डर–ठक्कर र उकाली–ओराली पार गर्दै गरेको जीवन यात्राका क्रममा सुन्दर सपना बुन्न पुग्छ मान्छे । त्यसैले पनि अरू प्राणीभन्दा उन्नत चेत भएको प्राणी मानिन्छ मान्छे । त्यही मान्छेको कविता हो यो । प्रत्येक मान्छे अरूभन्दा राम्रो बन्न सकूँ भन्ने चाहन्छ, गतिशीलताको दृष्टिले यो स्वाभाविक पनि हो । दुनियाँमा हरेक मान्छेले आ–आफ्नो सन्दर्भ एवं सापेक्षतामा राम्रो हुनुको अर्थ लगाउँछन् । यसलाई सकारात्मक रूपमै लिनुपर्छ । साहित्यिक क्षेत्रको मात्र होइन, भाषा र संस्कृतिको उन्नयनमा लागेका कवि र साहित्यकारहरूको पनि सोच र भनाइ हर क्षेत्रमा राम्रो हुनुपर्छ भन्ने वकालती रहन्छ, राम्रैको खोजी गरिरहेका हुन्छन् । यसका साथै नयाँ नयाँ आयाम बटुलेर समाजमा आफ्नो उपस्थितिलाई भिन्न र विशेष बनाउने प्रयत्न गर्छ मान्छे । यसमै चहकिलो बन्दै गरेको साहित्यिक व्यक्तित्व कवि छायादत्त न्यौपानेको पनि रहेको छ ।

नेपाली साहित्यको विविध पक्ष वा भनौं विधामा कलम चलाइरहेका छायादत्त न्यौपाने 'बगर' आफैमा यो क्षेत्रमा स्थापित नाम हो । उनका झन्डै चार दर्जन विभिन्न विधाका पुस्तकहरू प्रकाशित छन् । लामो समय शिक्षण पेसामा बिताएका न्यौपानेलाई बालसाहित्य, समालोचना, निबन्ध, नाटक र पाठ्यपुस्तक लेखन/सम्पादनमा दखल राख्ने व्यक्तित्वको रूपमा चिनिन्छ । मान्छे आफू रहे बसेको समाज, प्रकृति र विभिन्न जीवजन्तु मात्र नभई समग्र प्राणीको हित रक्षाका लागि केही राम्रो काम गर्न सकिन्छ कि भन्ने सोचिरहेको हुन्छ । आफूले के गर्दा लोकको हित हुन्छ र आफूलाई राम्रो हुन्छ, त्यसको उपाय खोजिरहेको हुन्छ मान्छेले । मान्छे आफैमा मिहिनेती हुन्छ । ऊ श्रमप्रति गर्व गर्छ र सम्मान पनि । मान्छे श्रम र मिहिनेतकै कारण समाजमा उभिएको हुन्छ । श्रमप्रतिको श्रद्धाभावले मान्छेलाई मान्छे बन्न सिकाउँछ । यिनै र यस्तै सन्दर्भ कवि न्यौपानेको कविता सङ्ग्रह 'मान्छे' भित्रको मान्छे शीर्षकमा यसरी व्यक्त भएको छ :

कस्तो हैरान !
पैसा ठुलो कि मान्छे ?

पत्तो पाउनै मुस्किल
आजसम्म अर्जेको चेतना
मान्छे ठुलो भन्छ
वरिपरि हेर्छु नियाल्छु
समस्या सुन्छु
सबैतिर पैसै पैसा
यसैको बोलबाला
हारालुछ, हारालुछ देख्छु
आफै धामी आफैँ झाँक्री .... ।
(पेज-१८)

यतिबेला समाजका कैयन मान्छेहरू आफ्नो स्वत्वबाट स्खलित र विचलित बन्दै गएको अवस्था छ । समाजलाई सही दिशा दिनुभन्दा भ्रष्टीकरणतर्फ डोऱ्याइरहेको स्थितिका बिचबाट असल, संस्कार एवम् शैली, समाजप्रति उत्तरदायी चेत सहितको मान्छेको खोजी हुनुपर्छ भन्ने विचार व्यक्त गर्दछन्- कवि न्यौपाने ।

साँच्चै भन्ने हो भने अहिलेको यो समय र युग, समाज मानवीय मूल्य मान्यता, आर्दश र विचार एवम् चेत हराएर बेथितिको अवस्था छ । विचलित भई स्खलनको बाटोतिर लम्किरहेको छ मान्छे । यस्तै मान्छेहरूको भीडमा सुन्दर समाजको परिकल्पना गरी सुदूर भविष्यको उज्यालो खोजिरहेको पाइन्छ । त्यसका विविध अवयवहरूको सही परिचालन, न्यायपूर्ण वितरण, मान्छेलाई मान्छेको व्यवहारको अपरिहार्य रहेको यथार्थलाई कविले खुट्याएका छन् र मान्छे असल भए, समाज व्यवस्था र संस्कृति पनि सु-संस्कृत बन्न सक्छ भन्ने भाव व्यक्त गर्दछन् । त्यस अलावा मान्छेबाटै मान्छे लुटिन्छन्, ठगिन्छन् । यस्ता कैयन मानव समाजको हित विपरीतका काम, व्यवहार किन भइरहन्छ ? यस्तो वातावरण कसले- किन बनाउँछ ? भन्नेप्रति पनि सचेतापूर्वक चिन्ता र गुनासो सहित जोडदार प्रश्न उठाएका छन्- कविले ।

कवि न्यौपाने नेपाली समाजको समग्र रूपान्तरणका निम्ति लागेका क्रान्तिकारी मान्छेहरूको विचार, सिद्धान्त र आदर्शबाट विचलित भई चिप्लिएको मात्र होइन, बोली बोलीमा च्युत छ । यसले कति सज्जनलाई पीडाबोध गराएको तथ्य औंल्याएका छन् । समाजका आधारभूत वर्ग, श्रमजीवी मजदुर किसानको मुक्ति उत्थान र अधिकारको प्रश्न उठाउनेहरू आज आफै दलाल पुँजीपतिको घनचक्करमा परेर उठ्न नसकेको यथार्थ औंल्याएका छन् । राष्ट्रिय स्वाधीनताको सबालमा देशी-विदेशी शक्ति केन्द्रका सामु लत्रिने, तर आफ्ना नागरिकहरू सामुचाहिँ चर्को स्वरमा कुर्लने कमजोर मनोविज्ञान बोकेको राजनीतिक नेतृत्वप्रति सटिक व्यङ्ग्य प्रहार गरेका छन् लेखक न्यौपानेले यस सङ्ग्रहका कविताहरूमा । सत्ता र स्वार्थ लिप्साकै कारण जतिसुकै परिवर्तनका कुरा गरिए पनि उत्पीडित, उपेक्षित जनजीवन बिर्सने राजनीतिक नेतृत्वकै कारण आज देश हराएझैँ भएको छ । हिजोका बलिदानी अडानहरू शब्द, शब्दको खेल र झेलमा रूमलिएको छ । आज मात्र देश र जनता ढाँट्नेहरूको भीड बन्दै छन् राजनीतिक दलहरू ।

मान्छे सपनालाई विपनामा बदल्ने चाह राख्ने प्राणी हो । त्यसैले मान्छेलाई सृष्टिकै सर्वश्रेष्ठ प्राणी पनि मानिन्छ । सपना साकार पार्ने यात्रामा निरन्तर हिँड्छ- हिँडिरहन्छ । सपना साकार पार्ने नाममा मान्छेले मान्छेलाई दिग्भ्रमित पारेको छ । मानवीय स्वभावको पहिचान भुलेको छ । उसले श्रमको गहनता र महानतालाई सम्मान गर्न बिर्सेको छ । श्रममै मान्छेको अस्तित्व छ र श्रमकै उपज हो, मान्छे भन्ने बुझेर बुझ पचाउने पनि मान्छे नै हो । कविले निरन्तर यस्तै यात्राबाट आजको विश्व

मानव समाज यहाँसम्म आइपुगेको हो भन्ने सच्चाइलाई आत्मसात हामी सबैले गर्नैपर्ने विषयमा जोड दिएका छन् । आजको विकृत पुँजीवादी समाजमा एकथरी मान्छे श्रमलाई सम्मान गर्न चाहँदैन । राजनीतिकर्मी नीहित स्वार्थपूर्तिमा लुटपाट, खसोट, बैमानी, कुकृत्यलाई प्रोत्साहन गर्ने र कमिसन खाने दाउपेच गरिरहेका हुन्छन् । यसरी समाजलाई सही दिशामा डोऱ्याउन सकिन्न भन्ने बुझाई सबैले एकनास बुझिदिए मात्र मान्छेको सोच अनुकूलको समाज बनाउन सकिन्छ भन्ने विश्वास व्यक्त गरेका छन् ।

कवि न्यौपानेले वर्तमान समय सन्दर्भमा मानवीय संवेदनामा मात्र होइन, समाजका अगुवा, राजनीतिक नेतृत्व र सचेत बौद्धिक तप्कामा समेत इमानको स्खलन र नैतिकतामा परेको खडेरी त्यसमा देखिएको ह्रासले मुलुकका शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, विकास निर्माण लगायत यावत् क्षेत्र प्रदूषित बनेकोमा चिन्ता प्रकट गरेका छन् । यसले दुष्प्रभाव पारेको प्रति कविले 'मान्छे' कविता सङ्ग्रहमार्फत् चिन्ता र चासो जाहेर गरेका छन् । यो बेथितिप्रतिको आक्रोश र एक प्रकारको खबरदारी पनि हो । यस कविता सङ्ग्रहमा विभिन्न शीर्षकका सतासी थान कविता समेटिएका छन् । यी सबै कवितामा विशेषतः मान्छेका स्वभाव, चरित्र, चाहना, भावना, चेतना, जीवनशैली, व्यवहार, रहनसहन, सामाजिक, राजनीतिक बेथिति सामाजिक दायित्वबाट उछिट्टिएर पर पुगी प्रतिबद्धता स्वकर्तव्य बिर्सेको तथ्यपूर्ण तर्क पेस गर्छन् । न्यौपानेको मानवीय संवेदनासँगको अर्न्तसम्बन्ध, तद्विषयलाई विभिन्न बिम्बहरूको प्रयोग गरी प्रस्तुत गर्ने सरल तरिका र भाष्यप्रति जोकोही मोहित हुन्छन् । यो लेखकीय क्षमताप्रति मेरो पनि सम्मान छ ।

हेरौं 'छोरी' शीर्षकको कविताका केही हरफहरू :

म आफैँ उभिन्छु अब  
मलाई बाँधेको डोरी खोलिदिनुहोस् न बा !  
म संस्कारमा व्यवहार  
संस्कृतिमा विज्ञान  
परम्परामा नयाँ समय  
जीवनमा उत्साह बोकेर बिउँझिसकेँ  
मेरा मुखको ताल्चा खोलिदिनुहोस् न बा ! (पेज-१५)

वर्गीय समाजमा वर्गका सन्दर्भमा ध्यान नपुऱ्याउँदा समाजमा हाबी बनेको असंगत विचार, संस्कृति, राजनीतिक, आर्थिक क्षेत्रमा मौलाएको दलाली र बिचौलिया प्रवृत्तिकै कारण हाम्रो सामाजिक अवस्थामा कुनै परिवर्तन आउन सकेन । व्यवस्था परिवर्तन भए पनि आधारभूत तहका जनताको अवस्थामा कुनै फेरबदल आएन । यसले झन्झन् गरिबी, भोकमरीको सिकार बन्नु परेको विवशताप्रति तिखो आलोचना गरेका छन् –कवि न्यौपानेले । 'मान्छे' कविता सङ्ग्रहको 'बिस्तारै' शीर्षकको ७२ औ कविताका केही लाइनमा अभिव्यक्त भएको भाव, प्रवृत्ति व्यवहारमा देखिएको भ्रष्टीकरण सबैभन्दा बढी समाजको रूपान्तरण गर्छु भनी कसम खाएका अगुवा जनप्रतिनिधिबाटै भएको लुटपाटपूर्ण बेथितिले देखाएको यथार्थ कवितामा यसरी अभिव्यक्त भएको पाइन्छ :

एक पटक हैन  
पटक पटक झुक्याउँछु नपत्याए हेर्नुहोस्  
चुनाव जितेको जित्यै छु  
भाषण पनि ठोकेको ठोक्यै छु  
भ्रष्टाचार रोकिएन त के भो ?  
खर्च सर्च कमिसन समिसन  
भत्ता बुझेको बुझ्यै छु ।...

कविले मुलुकको समग्र सामाजिक

अवस्था र राजनीतिक नेतृत्वको अपरिपक्व व्यवहारशैली, दोधारे चरित्रका बारेमा प्रष्ट चित्रण गरेका छन् । भ्रष्टाचार, कालाबजारी र कमिसनखोरी प्रवृत्तिको अन्त्य र नियन्त्रणको नारा अलाप्ने व्यवहारमा तिनै भ्रष्ट, दलाल, पुँजीपतिको सामु झुकेर घाँटी जोड्ने प्रवृत्तिको तिखो विरोध कवितामा पाइन्छ । मुलुक विसंगति र विकृतिका कारण अत्यन्तै जर्जर बन्दै गएकोप्रति स्रष्टा आक्रोशित मात्र नभई औंला ठड्याउन पछि पर्दैनन् । यस्तै हो भने अब मुलुक चल्दैन । त्यसैले अब समाजका हरक्षेत्रमा न्याय, समानतासहित कानुनी राज्यको नयाँ निर्माणका निम्ति एकताबद्ध भई सु-संस्कृत, मूल्य-मान्यताको विकास गर्नु अनिवार्य छ । त्यसका लागि समाजका समग्र जनता तथा नेतृत्व पङ्क्तिले आ-आफ्ना व्यवहार शैलीलाई विचार, सिद्धान्त र आदर्शको कसीमा खरो उत्रिन सक्नु पर्छ भन्ने मार्मिक सन्दर्भलाई अहिलेका राजनीतिक नेतृत्वले आत्मसात् गर्ला ? यस्तो आँट देखाउलान् तिनले ? यस्ता अनेक प्रश्नहरू उठाइएको छ कवितामा ।

'कला' शीर्षकको कविताका केही हरफ यहाँ प्रस्तुत गर्नु सान्दर्भिक ठानिएको छ :

तिम्रा गणहरूको मुख
दिशा-दिशाहरूमा विभाजित छन्
तिमी भैलेनी गाउँछौ
उनीहरू आफू अनुकूल
व्याख्या गरेर बहादुर बन्छन्
नीति उधिनिएको छ
जनता अलमलिएका छन् .....।

मुलुकको वर्तमान अवस्थालाई नियाल्दा हाम्रो नेतृत्व राजनीतिक दिशाका हिसाबले चिप्लिएको छ फेरि नउठ्ने गरी । नीति र योजनाका कुरा पनि बिचौलियाको पोल्टामा पोखिएको छ । आफूलाई अगुवा घोषित गरेर नथाक्नेहरू राष्ट्रले गर्नुपर्ने जनपक्षीय कामहरू दलालले गरिदिए हुन्थ्यो भन्ने तहमा पुगेको छ । फितलो नेतृत्वकै कारण राजनीति पनि बिचौलिया दलालको पकडमा खुम्चिएको हो । त्यसैले अहिलेको राजनीतिक नेतृत्वको अर्तीउपदेश नेपाली जनताको कुनै पनि तह र तप्काले सुन्न चाहँदैन । किन कि राजनीतिले दिने/लिने वैचारिक दिशा नै लिक छाडेर विचलित भएको छ । गतिशील विचार दिन्छु भन्ने व्यक्ति-व्यक्तित्व पनि तिनै दलाल, पुँजीपतिवर्गको छायाँ बनिरहेको अवस्था छ । यस्तो अवस्थामा वर्गीयताका सबाल गौण बन्न पुग्छन् र ती मुद्दा उठाउनेहरू नै बिचौलियाको भूमिकामा सक्रिय देखिन्छन् । भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति आम मानिसलाई दिने प्रयासै छैन । निम्नवर्गको हित गर्ने कुरा उठाइन्छ तर बिडम्बना वैयक्तिक स्वार्थ हाबी भइदिन्छ । यिनै सन्दर्भमा हेरौं कवि न्यौपानेको 'सुशासन' शीर्षको छैसट्ठिऔँ कविताका केही अंश-

विचलित व्यवहार र छरप्रष्ट योजना
भाँडिंदो अर्थतन्त्र भ्रमित सिद्धान्त
स्खलित विचार
पैंचो त्याग हिंसालु सुरक्षा
ढिठ अनि घुस्याहा कारिन्दा
लथालिङ्ग निर्देशन
फितलो कार्यान्वयन
मौखिक अनुगमन ! शून्य परिणाम ...?
(पेज-६६)

गणतन्त्र नेपालमा गणतन्त्रको मर्म अनुरूप राज्यका सबै निकायले काम किन गर्दैन ? राजनीतिक नेतृत्वको बोलीमा लोली किन मिल्दैन ? जनताका यावत् समस्या समाधानको दिशामा आवश्यक पहल गरी निकास खोज्नुभन्दा झन् बढी समस्या बल्झाउने काम गरिरहेका हुन्छन् । आफ्नो लक्ष्य बिर्सिएर

बिच बाटोमा अल्मलिएको दोबाटे यात्रीझैं बरबराई अवस्थामा छन् । हामीले अभ्यास गरेको गणतन्त्र कस्तो गणतन्त्र हो ? किन मुलुकलाई अधोगतितर्फ धकेलिरहेको छ यो व्यवस्थाले ? देश र जनताको नाममा राजनीति गर्ने तर व्यवहारचाहिँ स्वार्थलिप्त भई पराइसेवामा समर्पित रहने । जसरी हुन्छ आफ्नो दुनो सोझ्याउने प्रवृत्तिले मुलुकलाई गलत दिशातर्फ डोऱ्याइरहेको तितो यथार्थप्रति कवि चिन्तित देखिन्छन् । हेरौं यस सङ्ग्रहमा रहेको 'जनप्रेमी' शीर्षकको कविताबाट केही पङ्क्ति :

जनप्रेमी मान्छे
नैतिकताको माला उन्छ
घुसप्रेमी मान्छे
माकुरासँग मित लाउँछ
पौरखी मान्छे
पसिना भल बगाउँछ ....
फूलप्रेमी मान्छे
सिर्जनाले जीवन सजाउँछ
स्वार्थप्रेमी मान्छे
अवैध भात खान्छ
स्वाभिमान प्रेमी मान्छे
शिर उचालेर हिँड्छ । (पेज-९७)

हाम्रो समाज साँच्चै भन्नुपर्दा वर्गीय छ । वर्ग-वर्गबिचको द्वन्द्व, संघर्ष एवम् एकतामा आधारित रहेको छ । ठुलाले सानालाई थिचोमिचो र शोषण, उत्पीडन गरी सदियौँदेखि कष्ट दिँदै आएको छ । एउटै नेपाली नागरिक बिच सांस्कृतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद छ । यस प्रकारको समाजको अन्त्यपछि मात्र नयाँ समतामूलक न्यायपूर्ण समाजको परिकल्पना गर्नु स्वाभाविक हो । जब श्रमको सम्मान र इज्जत हुने, न्यायिक समाज वर्ग विभेद रहित समाज बनाउने उद्देश्य बोकेको नेतृत्व मुलुकका जिम्मेवार राजनीतिक नेतृत्व सच्चाई र इमानमा चल्न सके मात्र हामीले कल्पना गरेको समाज व्यवस्था निर्माण गर्न सक्छौँ । त्यसतर्फ समाजका बौद्धिक एवम् सामाजिक अगुवाहरूको पनि सचेत पहलसित सक्रिय भूमिका चाहिन्छ । पछिल्लो समय झन्डै २०बर्से अन्तरालमा नेपाली राजनीतिक नेतृत्व चुकेको छ र मुलुक अप्ठ्यारोतिर धकेलिँदै गएको छ । समाजका सबै क्षेत्र अराजक गतिविधि र आर्थिक भ्रष्टीकरणको बोलबाला मच्चिइरहेको छ यसैले प्रश्रय पाएको छ ।

अन्त्यमा सरल कविताको व्यङ्ग्य स्वादले पठन सहज भएको अनुभूति भएको छ । चल्तीका सामान्य शब्दमा पनि चोटिला कविता बन्ने रहेछन् । मान्छे मानव-मानवबिचको सौहार्द मानवीय संवेदना हरायो भनेर चिन्ता प्रकट गरेको कविता सँगालो हो । यसमा मानवीय संस्कार-संस्कृति, आचार विचारको स्खलनले समाज दोबाटोको यात्रीझै भएको आक्रोश व्यक्त छ । कवि न्यौपानेको 'मान्छे' कविता सङ्ग्रहको सारले यही सन्दर्भलाई इङ्गित गरेको छ । यी गद्यलयका छोटा कविता आफैमा बेजोड छन् । यी रचनाले समाज र समाजका निमुखा मान्छेको अन्तर आवाज बोलिदिने दायित्व निर्वाह गरेका छन् । कविताले वर्तमान मान्छेमा बढ्दै गरेको अहङ्कारी र निजी स्वार्थमा लतपतिएको यथार्थ उर्जागर गरेका छन् । यस सङ्ग्रहका लेखक आफैमा समाजका विभिन्न पाटा-पक्षलाई द्वन्द्ववादी आँखाले हेर्ने, भौतिकवादी जीवनबारे चिन्तन गर्ने व्यक्तित्व हुन् । उनको आगामी लेखन यात्रा अझै सशक्त भई सुखद बन्दै जाओस् ! यही कामनाका साथ मान्छे कविता सङ्ग्रहमाथिको मेरो प्रतिक्रिय अन्त्य गर्छु ।

*— दुधिअवा, रौतहट*

# रोकिँदै हिँड्दै कृतिभित्र प्रतीक्षा रिजालको जीवनदृष्टि



● **बाबुराम लम्साल**

प्रतीक्षा रिजाल स्कुले जविनदेखि नै साहित्य लेखन र प्रकाशनमा सक्रिय स्रष्टा हुन् । पारिवारिक वातावरणमा पठनीय कृतिको अभाव नझेलेकी उनी पुस्तक पढ्न निकै रूचि राख्छिन् । बालसाहित्यदेखि प्रौढ साहित्यसम्मका पुस्तकहरू रसास्वादन गर्ने गरेकी उनले समीक्षादेखि काल्पनिक उडानमा उडेकासम्मका साहित्य सिर्जना गरेर आफूलाई सबल लेखकका रूपमा चिनाउन खोजेकी छिन् । उनी मिहिनेती, अनुशासित, कर्तव्य र परायण सांस्कारिक पात्रमात्र हैन गहन जिम्मेवारी बोधगरी पारिवारिक परिस्थितिलाई नजिकैबाट नियाल्ने द्रष्टाचेत बोकेकी यौवना पनि हुन् । सिर्जनाको विषयवस्तु र पात्र छनोटको अवस्था हेर्दा उनमा परिपक्वता बढीरहेको स्पष्ट रूपमा देख्न सकिन्छ ।

उनले २०६५ सालबाट लेख्न सुरू गरेकी हुन् । कथा उनको प्रिय विधा हो । लेखनको सुरूवात् पनि यसैबाट गरेको देखिन्छ । यो उनको पहिलो कृति हो । यसलाई कथा, नियात्रा, समीक्षा, लेख र कवितासमेत् पाँच खण्डमा विभक्त गरिएको छ । उनले कथालाई पहिलो प्राथमिकतामा पारेकी छिन् । पुस्तकभित्र पन्ध्र कथा रहेकामा सबै सामाजिक विषयवस्तुमा केन्द्रित छन् । समाजमा देखा परेका विकृति विसङ्गति र कुरीतिलाई नजर अन्दाज नगरी प्रत्यक्ष देखे भोगेजस्तो तरिकाले प्रस्तुत गर्न सक्नु उनको लेखनगत वैशिष्ट्य हो । बालसुलभ गुणले युक्त उनका कथाले सचेत जागरूक र विषम परिस्थितिलाई सामना गर्न सक्ने खालका आयामलाई पस्केका छन् ।

जम्मै कथा सामाजिक जीवनका दुःखकष्ट झेलेका तमाम विपनोन्मुख समुदायप्रति केन्द्रित छन् । मेलापात जाँदाका होस् वा सडक पेटीमा बसेका नांङ्लो व्यापारीका पीडा होऊन्, सबैका कुरा कथामा अटाएका छन् । सुखको मानो खान र छोराछारीलाई राम्रो स्कुलमा पढाउन सहर पसेका गाउँले मनुवा दुखको जञ्जिरमा पस्न बाध्य छन् । दिनभरि दुख गर्‍यो, बेलुकी कहाँबास कहाँगासको ठेगान नभएका समस्याग्रस्त तमास उत्पीडनको विषयलाई प्राथमिकतामा राखेर कथासिर्जना गरिएको छ । यहाँ नेपाली माटोमा जीवनको आधार नपाएर मुग्लानिएका नेपाली चेलीहरूको दुखान्त गाथा पनि भेटिन्छन् ।




विदेशी भूमिमा जीवनको अस्तित्व

हत्केलामा राखेर आस्था खोज्न बाध्य तमाम नेपाली चेलीहरूको नलेखिएको इतिहासलाई प्रतिविम्बित गर्न निकाब कथा सफल छ । यसले परिवार, कुटुम्ब, साथीसँगी आदि छाडेर बाध्यतावश विदेशीएका नेपाली नारीको पीडालाई उजागर गरेको छ । कथामा भनिएको छ : "माइती छोडेँ, मावली छोडेँ, आफन्त छोडेँ । ..नाम, थर, गोत्र, सबै छोडेँ । यतिसम्म कि अस्तित्व नै मेटाउन पनि पछि परिनँ । ... त्यसपछि पुगेँ कुवेत" (पृ. ५१) ।

दोस्रो खण्डमा छओटा नियात्रालाई स्थान दिएकी छन् । शैक्षिक भ्रमण जाँदा देखे भोगेका र अनुभवले पोतिएका संस्मरण आहा त्यो यात्रामा समेटिएको छ । ऐतिहासिक, सांस्कृतिक, भाषिक, प्राकृतिक आदि सम्पदाले भरिएको समृद्ध मुलुक नेपालका तमाम ठाउँहरू मनमोहक छन् । आन्तरिक पर्यटनको विकास गर्न र नेपाली जनजीवनको बारेमा बुझ्न आग्रह गरिएको छ । सम्झनामा त्यो दिनमा पोखराको सुन्दर नगरीका बारेमा उल्लेख गरिएको छ । प्राकृतिक तथा सांस्कृतिक दृष्टिले पूर्ण सहर पोखरा माछापुच्छे फेवातालमा पौडी खेलेको प्रतीत हुन्छ । काठमाडौँ सहरमा रहेको नारायणहिटी दरबार सङ्ग्राहलयले राजदरबारमा भए गरेका कुरालाई प्रतिबिम्बित गर्दो रहेछ । यी र यस्ता संस्मरणको आस्वादन गर्दा जोकोहीलाई जाऊँजाऊँ जस्तो लाग्छ । संस्मरणको आस्वादन गर्दा आफैँ स्वयम् भ्रमण गरे जस्तो प्रतीत हुन्छ । छोटा छरिता नियात्राले पाठकलाई सँगसँगै डुलाउन सफल भएका छन् । नलेख्नेहरूलाई पनि लेखौँलेखौँ बनाएका छन् ।

प्रस्तुत कृतिमा दसओटा समीक्षा छन् । उनी साहित्यिक कृतिमात्रै अध्ययन गर्दिनन्, पढेपछि लेख्नुपर्छ भन्ने मान्यता पनि राख्दछिन् । बालसाहित्यदेखि प्रौढ साहित्यसम्मका कृति पढेकी उनले गीत, उपन्यास, संस्मरण, लघुकथा, नियात्रा जस्ता विधा पढेर समीक्षा लेखेकी छिन् । उनमा रहेको समालोचनात्मक चेतले स्रष्टालाई लुतो आएको ठाउँमा कन्याएजस्तो, जुम्राले टोकेको ठाउँमा ठुग हानेको आभास दिलाउँछ ।

लेख खण्डमा बालबालिकाको स्वास्थ्यमा खेलवाड गरिएको प्रसङ्ग मार्मिक ढंगले उठाएकी छिन् । मूल्यहीन नर्सिङ पेसामा नर्स पढ्ने युवतीहरूलाई नकारात्मक रूपमा हेर्नेहरूको उदाहरण दिएर विकसित मुलुकमा मर्यादित र सम्मानित पेसाका रूपमा हेरिए पनि नेपालजस्तो अर्धविकसित मुलुकमा अपमानित र हेयका पाराले हेरिने कुरा अभिव्यक्त गरेकी छिन् । खरो र वस्तुतथ्यमा आधारित भएर लेख्ने उनले अज्ञानताका कारण यो पेसालाई हाम्रो समाजमा हेय दृष्टिले हेर्ने गरिएको तथ्य औँल्याएकी छिन् ।

अन्तिम खण्डमा कवितालाई स्थान दिएकी छन् । यहाँ चौध कविता छन् । सिकारू अवस्थाका कवितामा पनि परिपक्वता पाइन्छ । शब्दचयन र भावबोधमा कविताउच्चस्तरका छन् । सबै मिलेँ कवितामा महिला र पुरूषमा देखिएको लैगिक विभेदका विरूद्ध एकता र समानतामा जोड दिइएको छ । अभावै अभावमा राज्यपक्षको निरीहतालाई उजागर गरिएको छ । उनमा देशभक्तिको भावना अत्यन्तै दर्बिलो छ । नेपाल र नेपालीले स्वर्गजस्तो भूमिलाई नर्कजस्तो बनाएको देख्दा उनलाई आगो ओकल्न र विद्रोहको ज्वाला दन्काउन मन लाग्छ । भिल्लको देशमा फ्याँकिएको मणिजस्तै देश बनेको देख्दा आँधीका पछाडि कुदेको पात बनेर आऊँजस्तो लाग्छ । यसैले उनी लेख्छिन् :

यो देशलाई अँध्यारोबाट मुक्त गर्नुपर्छ
विकासको कलम खुबै चलाउनुपर्छ ।
*(उज्यालो राख्नलाई, पृ. १३१)*

प्रतीक्षाका सम्पूर्ण फुटकर रचनाहरूको सँगालोका रूपमा आएको यो कृतिमा जम्माजम्मी १४४ पृष्ठ छन् । २०७८ चैत्रमा भुँडीपुराण प्रकाशनले प्रकाशित गरेको यस पुस्तकको मूल्य रू. तीन सय राखिएको छ ।

# शीतल गिरीको नवीनतमकृति तथापिमा लेखकको अभिव्यक्त विचार श्रृङ्खला



• समीर पाख्रिन

निबन्ध विधामा सशक्त रूपमा कलम चलाउँदै आउनु भएका शीतल गिरी एक स्वनामधन्य साहित्यकार हुन् ।

मोफसलको एक अनकन्टार ठाउँमा बसेर लामो समयदेखि सिर्जनात्मक गतिविधि थाल्नु भएका उनले मूलतः पुरातात्विक सम्पदा, तान्त्रिक विद्याको खोज,लोकोक्ति, किंवदन्ती र जातीय उत्थान पतनको इतिहास जस्ता विषयलाई केन्द्रीय विषय बनाएर साहित्य साधना गर्दै आउनुभएको छ । जुन विभिन्न पत्र पत्रिकामा प्रकाशित उनका लेख,रचनाहरू पढ्दा थाहा हुन आउँछ ।

रौतहट जिल्लाको सदरमुकाम गौरमा स्थायी बसोबास भएका उनी पेशाले गाविस सचिवको पदमा कार्यरत थिए । ( हाल भक्तपुर,सेवा निवृत्त) जागिरमा छँदा उनी काम विशेषले जिल्लाका विभिन्न विकट स्थानहरूमा पुगे । त्यहाँ पुरातात्विक सम्पदाहरू देखे । त्यसबारे स्थानीयबाट सान्दर्भिक किंवदन्तीहरू सुने । प्राप्त अवशेषहरूले पनि उनमा त्यसप्रति कुतूहलता जगायो । फलतः उनलाई आफू जन्मेका, हुर्के बढेका माटो (रौतहट) को बारे जान्ने बुझ्ने उत्सुकता बढ्दै गयो । उनले लिखित इतिहास, सन्दर्भ पुस्तकहरूको पाना पल्टाए र प्राचीन रौतहट बारे धेरैभन्दा धेरै जानकारी हासिल गर्न कस्सिए जसको परिणामको रूपमा उनको नवीनतम कृति निबन्धसङ्ग्रह तथापि प्रकाशित भई पाठकको हात हातमा पुगेको छ ।




तथापि बज्जी गणराज्यको अभिनन्दन शीर्षक निबन्धबाट सुरू भएको छ । बज्जीहरू को थिए ? कहाँबाट आए ? र उनीहरूको पतन कसरी भयो ? भन्ने कुराको तथ्यपरक व्याख्या उक्त निबन्धमा प्रस्तुत छ ।

यस्तै, सिम्रौनगढको स्थापना कसले कसरी र किन गरे ? पछि वैभवशाली डोय राज्य सिम्रौनगढको पतन कसरी भयो ? लेखक सिम्रौनगढका तिरहुत समुदाय विस्थापनपछि सुरक्षित स्थानको खोजी गर्दै कहाँ-कहाँ पुगे भन्ने तीव्र जिज्ञासामा उनी शिवालिगको तलहटी कछारको गाउँ गैँडाटार,गरूडा, गेडही आदि स्थानहुँदै लमाहा, चाँदी-चानी र बागमती नदी किनार आसपासका गाउँमा पुगेको देखिन्छ र त्यहाँको धार्मिक आस्था, रहनसहन, कला संस्कृति, पेशा र चाडपर्वलाई आधार मानी तिनै रैथानेहरू विस्थापित सिम्रौनगढका जनता हुन् भन्ने निर्ष्कषमा पुगेको देखिन्छ ।

यीबाहेक,सिम्रौनगढको बलियो संरचनाको भेद

पत्ता लगाई तुर्कहरूले आक्रमण गर्दा झेल्न परेको कठिनाइको व्याख्या पनि कम रोचक र दर्दनाक छैन । त्यस युद्धको कारण, क्षति,तिरहुत कला सभ्यताको विनाश र विस्थापनको विषयमा लेखकले बढो मिहीन ढङ्गले व्याख्या वर्णन गरेका छन् ।

यस्तै, बज्जी गणराज्यको अस्तित्व पुष्टि गर्ने पतौराको शिवलिङ्ग (लिङ्गदेव) मन्दिरको धार्मिक र ऐतिहासिक महत्वमाथि चर्चा गरेका छन् ।

पुस्तकमा धार्मिक पर्यटकीय स्थल नुनथरको महत्वबारे प्रकाश पार्ने काम भएको छ । मकवानपुरे राजा हरिहर सेनले राजदेवी मन्दिर किन र कहाँ-कहाँ स्थापना गरे भन्नेबारे उल्लेख छ ।

पौराहीको ब्रम्हस्थान सम्बन्धमा गिरीले स्थानीय बासिन्दाहरूसितको कुराकानीको आधारमा शिकार खेल्न आएका जङ्गबहादुर घना जङ्गलमा एक्लिएको र उनलाई लुकेर दर्शन दिने कश्वार (मछुवार) बिचको भेटवार्ता, जङ्गबहादुरद्वारा ब्रम्हपूजा गरेको रोचक किंवदन्ती प्रस्तुत गरेका छन् ।

अघि बढने क्रममा लडैया समनपुरको प्रसङ्ग छ । सिन्धुली जिल्लामा पर्ने हरिहर गढी कब्जा गरि उपत्यका हान्ने योजनामा आएका अङ्ग्रेज सेनालाई समनपुरवासी र परशुराम थापाको गोर्खाली फौज मिलेर धपाएको उल्लेख छ । उनले घटना तथा युद्धसित जोडिएका सहिदहरूलाई सम्झिएका छन् भने उनीहरूको नामसित जोडिएका गाउँहरू जस्तै सहिद मदनको नामबाट मदनपुर,युद्ध लडेको ठाउँलाई संग्रामपुर, अंग्रेजको हरादियाबाट हर्दिया, युद्ध जितेका वीरहरूले बसालेका गाउँलाई वरियारपुर नामाकरण गरिएको बताएका छन् ।

अन्ततिर, चन्द्रशमशेरको निगाहवश मुक्त दासीहरूको लागि बसाइएको गाउँ चन्द्र निगाहपुरको चर्चा छ । पूर्व पश्चिम राजमार्गले छोएको चन्द्र निगाहपुर हाल सुविधा सम्पन्न सहर बनी सकेको छ ।

गिरीजीले यो पुस्तकको पाण्डुलिपि तयार गर्न वर्षो खर्चेको देखिन्छ । वि.स. २०६३-६४ को मधेश आन्दोलन ताका पनि उनी यो सोध कार्यमा संलग्न रहेको बुझिन्छ । तथापि उनलाई त्यसपछि भने गाउँ-गाउँ जाने र तथ्य संकलन गर्ने कार्य जोखिमपूर्ण रह्यो, सहज भएन । फलस्वरूप, अझै पनि बौद्धिक रूपले उत्खनन् गर्न पर्ने कुरा धेरै बाँकी रहेको उनले स्विकारेका छन् ।

रौतहटको गौरमा वि.स. २००४ मा शारदा पुस्तकालय स्थापित भएको उल्लेख छ । जुन पुस्तकालयको एउटा कार्यक्रममा पुग्ने सौभाग्य यो पंक्तिकारलाई पनि भएको थियो । उक्त पुस्तकालयमा बेला बेलामा देशका विशिष्ट साहित्यिक व्यक्तित्वहरूको उपस्थिति रहेको लेखक गिरीको दाबी छ । यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीले जागिरको सिलसिलामा गौरमा छँदा उक्त पुस्तकालयको विकाशमा यथेष्ट योगदान पुऱ्याएको भन्ने कुरा गिरीले व्यक्त गरेका छन् ।

समग्रमा, लामो समयसम्मको खोज,अनुसन्धान, अध्ययनबाट प्राप्त तथ्य, प्रमाण र जानकारीहरूको आधारमा लिखित निबन्ध तथापि.. उनको एक सशक्त कृतिको रूपमा आएको छ । रौतहट र यसका वरपरका हालको गाउँ पालिकाहरू गरूडा, मूर्तिया, औरैया, पौराई, विश्रामपुर, चन्द्रपुर (चन्द्र निगाहपुर) र नदीहरूमा बागमती, चाँदी-चानी, लमाहाआदिको ऐतिहासिक महत्व झल्काउने काममा उनी सफल देखिएका छन् ।

कतै कतै घटना र विषयवस्तु सन्दर्भ बनेर दोहोरिँदै आएको छ । कतै दुई वा दुईभन्दा बढी पात्र बिच संवाद पनि चलेको देखिन्छ । जुन साहित्यको देन (काल्पनिक) हुनसक्छ ।

अन्तमा, यति सशक्त कृतिका लागि शीतल गिरीजी बधाईका पात्र हुनुहुन्छ । भविष्यमा पनि यहाँबाट हाल स्रस्टा पदयात्राका नाममा भइरहेको विभिन्न पुरातात्विक स्थान, सम्पदा, धार्मिक र ऐतिहासिक स्थलहरूको अध्ययन भ्रमण सहितको खोज, अनुसन्धानमूलक सामग्री कृतिको रूपमा आउन सकून् भन्ने शुभेच्छा प्रकट गर्दै विश्राम लिन चाहान्छु ।

— *निजगढ बारा*

# होमशङ्कर बास्तोलाको नवीनतम कृति ‘भोका सपनाहरू’ मा जीवन चिन्तन




• बोधराज पौडेल

जन्मसँगै तानिएर आउँछ, साश्वत मृत्यु पनि । यही मृत्यु पर्खनका लागि गर्नुपर्छ अनेक संघर्ष । जीवन जिउनका लागि गरिएका संघर्षले जन्माउँछन् तिता, मिठा अनुभूति । ती कहिले पिचबाटो भएर सरासर हलचल नगरी हिँड्छन् त कतै भर्खरै बनेको हिलाम्बे बाटो भएर थोरै दूरी छिचोल्नका लागि धेरै संघर्ष र लामो समय खर्चिनुपर्छ । अहो ! जीवनको परिबोध त्यसै कहाँ नाप्न सकिन्छ ।

मूल्य नभएको केही हुँदैन । मात्र, कुनै सस्ता हुन्छन् त कुनै बहुमूल्य । आधारबाट नापिएको यो दूरी शिखरसम्म पुग्छ । शिखरमा पुग्नका लागि चुम्नु पर्छ छोटो पहाडहरू र काट्नु पर्छ नदीले बनाएको स्वाधीनताको बाटो । यही यात्रामा भेटिन्छ समाज । र, देखिन्छ समाजले गरिरहेको न्याय, अन्याय । जब गड्छ मनको अन्तर कुनामा यही समाजको दृश्य अनि लेखिन्छ साहित्य ।

जीवनमा अभिलाषा नहुने को होला र ? त्यो भएन भने कसरी फटफटाउन सक्छ भर्खर पखेटा पलाउनै लागेको बचरो । अभ्यास नगर्ने हो भने कसरी उड्ला प्वाँख पलाएपछि । यही अभिलाषाको अन्तिम बिन्दुको खोजीमा उब्जिएको छ, ‘भोका सपनाहरू’ । यो गाउँको एउटा देखिएको चित्र जस्तो पातलो लागे पनि विश्वभरि लागेको भुइँ कुहिरो हो । जसले भएर पनि नभए जस्तो बनाएर छोपिदिएको छ, आफ्नै मनको व्यथा । यही विषयको उजागर गर्छन् कवितामा होमशंकर बास्तोला ।

सशक्त कवि भएको हिसाबले चैतन्यको राग र समाजको चित्र स्पस्ट देखिन्छ कवितामा । बग्दै गरेको नदीको वेगसँग जोडिएको जीवन उस्तै बग्छ उभार बोकेर । गाउँका चित्रले थाम्दैन बर्खाको झरी । आँखा अगाडि नै लड्छ टेकोले अड्याएको कटेरो । यो कटेरो मात्र होइन, एउटा निस्सार जिन्दगी पनि हो । जो अडिने बल गर्दागर्दै नाम्न सक्दैन आफ्नै शरीरको बोझ । यो समाजको एउटा नियति अहिले पनि छ गाउँमा ।




सहरमा बसेर के गर्नु यहाँ केही आउँदैन दिमागमा, बारम्बार आउने भनेको उनको तस्बिर हो । त्यो आएर पनि चिममोटेर जान्छ । शान्त पार्न सक्दैन मनको ज्वाला । दुर्गन्धित फोहोरको डंगुरमा शून्य मानवता बोकेको सिंहदरबार चुपचाप हेर्छ, ऊ बोल्न सक्दैन ।

गाउँभन्दा लाक्षी भएको छ सहर, मानवता बिक्री गरेपछि ।

देशभित्र मात्र होइन कल्पनाको जहाज बोकेर परदेशसम्म पुग्छ मान्छे । तर त्यहाँ पनि भेटिँदैन खोजेको सपना । हराएको वस्तु कहाँ पो भेटिन्छ र त्यहाँ भेटियोस् । त्यहाँ सजिलै भेटिने भनेको त्यही ल्याप्चे तमासुकको याद हो । जो जहाँ बसे पनि तुरुन्त आउँछ । माटोमा बिउ छरेर भर्न चाहन्छन् भोका पेटहरू तर आस्थाको पहाडभन्दा पर रहेको खोँच जस्तै बलवान छन्, भर्न कठिन ।

त्यसै कसरी झुन्डिन्छ भित्तामा क्यालेन्डर, भोका सपना बोकेर ।

भित्ताको क्यालेन्डर हेरेर
समयको पर्खाइमा
क्यालेन्डर भित्ते घडीलाई तर्साउँदै
झरेर मलाई ब्युँझाउँछ । (म सपना देखिरहेछु)

क्यालेन्डर र घडी दुवै झन्डिएका छन् भित्तामा । तर यिनीहरूको बिचमा समभाव छैन । र, त तर्साउँछन् एकले अर्कोलाई । अहिलेको समाजको एउटा चित्र यही घडीको काटा र क्यालेन्डरको पातोमा घुमिरहेको छ । दुःख जस्तै क्यालेन्डरको पातोमा । अनि आफ्नो क्षेत्रमा मग्नछन् घडीका काटाहरू, सुख सयलमा ।

कतै सालिक छन् बाटामा । कतै हिमाल छन् उभिएका । ती कसैले देख्दैन समाजको आफ्नै प्रतिबिम्ब । बरू आफ्नै दुखेसो पोख्छन्, मान्छेसँग । मलाई अन्याय नगर भनेर । यो कति लज्जाको विषय हो बौद्धिक सहर र ठुला विश्वविद्यालयका लागि । आखिर सामाजिक जन्जिर र पर्खाल भत्काउन नसक्ने त्यो बौद्धिकताले गर्छ के ? प्रश्नले पुनः प्रश्न जन्माउँछ । अजिगरले निलेको हरिण फिर्ता आउँदैन ।

चेतावनीको आगो नदन्किने होइन । तर बन्दुकको गोली अगाडि रोकिन्छ ओठबाट झर्न लागेको बोली । रक्तभन्दा पहिला प्राण रोक्नका लागि सम्पूर्ण शरीर बाँधिएको छ । नत्र पहाडले के छेक्छ र ऊर्जाको ज्वारभाटा ।

त्यसैले कवि भन्छन्–

आफैँले रोपेका
शान्त सपनाका बिउहरू
झरिरहेछन्
वैशाखको हुरीले
सालका पात झरेझैँ । (कैसाङ र तीनपाने)

साहित्यले समाजमा रहेको वातावरण प्रस्तुत गर्छ । हामीले ल्याएको व्यवस्थाले छाप्रोभित्र के-के रूपान्तरण भयो त ? केही भएको छैन । कविताले उब्जाएको प्रश्न उस्तै अनुत्तरित छ । यो चेतनाको केन्द्र बिन्दु त हो तर परसम्म धुमिलताले देख्न सकिएको छैन ।

आगो निभेका बस्तीहरू
पसिनाले भिजेका अनुहारहरू
अझैँ-अझैँ उदास-उदास छन्
नयाँ इतिहासको पर्खाइमा । (विश्वास भत्किएको बेला)

पैत्तीसवटा कविता अटाएको यो सङ्ग्रहमा समाजमा देखिएको अभावलाई मुख्य बिम्ब बनाइएको छ । यसैको सार्थकताका लागि 'भोका' शब्दलाई प्रतिनिधि गराइएको छ । समाजमा रहेका अभावको प्रतिनिधित्व गर्ने यो शब्दले ग्रामीण र सहर दुवै क्षेत्रको अवस्थालाई विश्लेषण गरेको छ ।

सरल भावमा पनि बोधगम्यताले भरिएका यी कविता पढ्दा अझैँ यस्तो अवस्था समाजमा छ ? भन्ने तर्कना मनको अन्तर कुनामा पुग्छन् र सचेत गराउँछन् । यहाँ प्रकाश लुप्त छ तर परावर्तनको रंग गहिराइभित्र देखिन्छ ।

बास्तोलाको कविताको स्रोत समाजको बेथिति हो । संवेदनहीन राजनीतिक संस्कार, द्वन्द्व, अभाव र गरिबीले जकडिएको समाज आगोको फिलिङ्गो भएर विष्फोटन हुन सक्छ । समाज दमित बनाइएका कारण आक्रोसमा छ, कविताले यही बोल्छ । यी यावत मानवीय संवेदनाका समस्याको निरूपणका लागि हाम्रो चैतन्यको ढोका खोलेर बाहिरको उज्याले हेर्न यो कृतिले आह्वान गरेको छ ।

# सदानन्दको जीवन, कर्म र व्यक्तित्व कृतिमा सदानन्द अभागीको उपस्थिति



• प्रतीक्षा रिजाल

सदानन्दको जीवन, कर्म र व्यक्तित्व राम ज्ञवालीद्धारा लिखित अनुसन्धनपरक समाचोलना कृति हो । पुस्तकमा नेपाली साहित्यको अधिकांश विधामा कलम चलाएका व्यक्तित्व एवम् माटो विशेषज्ञ सदानन्द अभागी बारे लेखक ज्ञवालीले खोज अनुसन्धान गरी व्याख्या विश्लेषण गरेका छन् ।

जम्मा नौ अध्याय छुट्ट्याएर सदानन्द अभागीका बारेमा अध्ययन गरिएको प्रस्तुत पुस्तकको प्रथम अध्यायमा उनको जीवनवृतलाई विस्तृत रूपमा देखाउने काम भएको छ । अर्थात् मध्यमवर्गीय परिवारमा जन्मिएका उनको बाल्यकाल, शिक्षादीक्षा, स्वभाव, वैवाहिक एवम् पारिवारिक विवरण, बसाईसराइको उद्देश्य, जागिरे जीवन र समाजसेवा कार्यको अनुभव, वर्तमान दिनचर्या, लेखन प्रेरणा, प्रकाशित कृतिहहरू, जीवनदर्शन तथा साहित्यिक मान्यता सम्बन्धी अनेकन जानकारी दिइएको छ ।




दोस्रो अध्यायमा जीवन, कर्म र सदानन्दलाई व्याख्या गरिएको छ । विभिन्न विद्धानहरूका भनाइहरू प्रस्तुत गरेर अनुसन्धाताले आफ्नो उद्देश्यलाई प्रस्ट्याउने सतत् प्रयत्न गरेका छन् । तेस्रो अध्याय व्यक्तित्वका आयामहरूभित्र निजी व्यक्तित्व, बाह्य (शारीरिक) व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व, अध्ययनशील व्यक्तित्व, लेखकीय व्यक्तित्व, समीक्षक र समालोचकीय व्यक्तित्व, वाक्परीक्षार्थी व्यक्तित्व, शैक्षिक व्यक्तित्व, धार्मिक र आध्यात्मिक व्यक्तित्व, सेवा र संवेदनशील व्यक्तित्व, कार्यपत्र प्रस्तोतारलेखक व्यक्तित्व, अनुसन्धता व्यक्तित्व, अनुवादक व्यक्तित्व, स्वाबलम्बी व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सम्पादक व्यक्तित्व, वार्ताकार व्यक्तित्व, सामाजिक नेतृत्वदायी व्यक्तित्व, बहुभाषिक व्यक्तित्व, प्रशासक र जागीरे व्यक्तित्व, समाजसेवी व्यक्तित्व, लेखक सर्जक व्यक्तित्व, कवि र काव्यकार व्यक्तित्व, आख्यानकार व्यक्तित्व, जीवनीकार (आत्मसंस्मरणकार) व्यक्तित्व, गजलकार व्यक्तित्व, मुक्तिकार व्यक्तित्व, नियात्राकार व्यक्तित्व, गीतकार व्यक्तित्व आदि दष्टिकोणबाट लेखकको अनेकौ पक्षहरू खोतल्ने काम गरिएको छ । चौथो अध्यायमा उनका कविता काव्य, उपन्यास, नियात्रा, कथा, मुक्तक, गजल, समालोचना सङ्ग्रहहरूका बारेमा लेखिएको छ । यसैगरी अध्याय पाँचमा कृतिहरूभित्रका मननीय अभिव्यक्ति, सार, स्वरूप र लेखकीय प्रवृतिका बारेमा व्याख्या गरिएको छ । अध्याय छ मा कृतिनायकसँगको संवाद समेटिएको छ । अध्याय

सातमा विभिन्न क्षेत्रका विविध व्यक्तित्वका दृष्टिमा सदानन्दलाई हेरिएको छ ।

अध्यायमा आठमा उनको जीवन, कर्म र व्यक्तित्वबीचको सामञ्जस्यता एवम् पाइने प्रेरणालाई विश्लेषण गरिएको छ र अध्याय नौ मा उपसंहार र निष्कर्षद्वारा लेखनको उद्देश्य, आवश्यकता, औचित्य प्रष्ट पार्न खोजिएको छ ।

माथिका विभिन्न अध्यायहरू अध्ययन गरेपछि सदानन्दलाई विभिन्न क्षेत्रका व्यक्तिहरूले कसरी हेरेका छन्, बुझेका छन्, जानेका छन् र लिएका छन् भन्ने कुराको पुष्टि हुन्छ । यो कार्यमा अनुसन्धाता ज्ञवालीले बडोमेहनत गरेको पुष्टि हुन्छ । म पनि यहाँ विभिन्न विद्वान् हरूले सदानन्द अभागीलाई कसरी हेर्छन् त्यही कुरा पुस्तकभित्र खोज्ने प्रयत्नमा छु । विद्वानहरूका विचारले उनको व्यक्तित्वका विभिन्न पाटाहरूलाई यसरी चिनाएको छ :

- सदानन्द अभागी एउटा प्रविधिविज्ञको रूपमा चिनिएको व्यक्ति हो । आफ्नो जीवनको ऊर्जावान् समय प्राविधिक क्षेत्रमा व्यतित गर्नुभयो र प्रविधिसम्बन्धी ज्ञान बाँड्ने काममा आफूलाई अर्पित गर्नुभयो । त्यसै कममा आफूलाई साहित्यिक क्षेत्रमा पनि निरन्तर कियाशील गराउनुभयो । - *प्रा.डा.कुसुमाकर न्यौपाने,पृ २०६*
- उहाँ बहुमुखी प्रतिभासम्पन्न साहित्यकार हुनुहुन्छ । उहाँबाट महाकाव्य, खण्डकाव्य, कथा, उपन्यास, गजल, मुक्तक आदि प्रकाशन भएका छन् । उहाँ माटो विशेषज्ञ हुनु भएकाले माटो सम्बन्धीका पनि दर्जनौँ कृतिहरू बजारमा छरिएर रहेका छन् । उहाँ हरेक कृतिहरूको छुट्टाछुट्टै अध्ययन गर्नुपर्ने हुन्छ । - *केशवराज आमोद, पृ २०८*
- उहाँ निरन्तर लेखिरहनुहुन्छ । कृषि माटो विशेषज्ञ हो । धेरै किताब छाप्नु भएको छ । पाठकलाई तान्ने कला सीप सन्तुलित छ । गद्य कविता र गीतिपरक कविता भए तापनि उहाँ गद्यमा बढी राम्रो लेख्न सीप देखाउनुहुन्छ । समालोचनामा प्रभावबाद र तटस्थता दुबै खाले लेख्नुभएको छ । - *गोविन्दराज विनोदी, पृ २१०*
- सदानन्दजी वरिष्ठ कृषि प्राविधिक भएर पनि साहित्यतिर, समाजतिर लाग्नुभएको एउटा विशिष्ट व्यक्तित्व हुनुहुन्छ । अत्यन्तै सादा जीवन र उच्च विचार राख्ने व्यक्ति हो उहाँ । उहाँले सानासाना साहित्यिक गजल, मुक्तकदेखि बृहत् रूपसम्मका महाकाव्यिक कृति लेख्ने सामर्थ्य देखाउनुभएको छ । *-प्रा.डा. नारायणप्रसाद खनाल , पृ २१७*
- सदानन्दजी साहित्यमा रूचि लगाव भएको व्यक्ति हो । प्रभावसँग मतलब नराखी स्वतन्त्र र स्वच्छन्द पाराले लेख्नुहुन्छ । कृतिहरू त्यति धेरै लेख्नु र छाप्न सक्नु त्यति चानचुने कुरो पनि होइन । लक्ष्मीस्मृति साहित्य समाजमा मलाई निम्तो दिएर प्रमुख आतिथ्यताको भूमिका पनि दिनुभएको थियो । *-बुँद राना, पृ २२०*
- उहाँले साहित्यिक विधामा धेरै लेख्नु भा'छ । परिष्कार गरेर अथवा साहित्य सिद्धान्त यो हो भनेर लेख्ने मान्छे उहाँ होइन । उहाँ स्वतः स्फूर्त लेख्ने मान्छे हो । स्वच्छन्दतावादी प्रवृत्तिले लेख्नुहुन्छ । आध्यात्मिक चेतना छ । समालोचना उहाँको विषय होइन रहरले लेख्नुभएको हो । - *प्रा.डा. रामप्रसाद ज्ञवाली, पृ २३३*
- उहाँ अत्यन्तै कियाशील लेखक हो । हरेक विधा (खण्डकाव्य, महाकाव्य, कविता, गजल, मुक्तक, आख्यान आदि) मा लेख्नुहुन्छ । उहाँ कृषि वैज्ञानिक र माटो विशेषज्ञका रूपमा चिनि व्यक्तित्व हो । सेवानिवृत उपसचिव हुनुहुन्छ । - *विश्वप्रेम अधिकारी, पृ.२३७*
- देखे सुनेअनुसार राम्रो स्रष्टा हो भन्ने लाग्छ । बाँचुञ्जेल माटोका लागि केही गर्नुपर्छ भन्ने सोच भएको असल व्यक्ति हो भन्ने पनि सुनेको छु । छापिएका आधारमा हेर्दा लेखरचना राम्रै लाग्छन् । प्रत्यक्ष देखभेट नभए पनि उहाँको लेखरचनासँग मेरो देखभेट भइरहन्छ । - *नवराज रिजाल, पृ २४६*

*— स्वाभिमानबस्ती, बारा*


राजनीति डेंगुले
मार्ने भो बा !
राजेशमानन्धर

## डेंगीबाट बच्ने उपायहरु :

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट गेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्य
- घर कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

**नेपाल सरकार**

# विज्ञापन बोर्ड